# अध्याय - एक

# परिचय

## १.१. पृष्ठभूमि

नेपालको राजनैतिक इतिहासलाई हेर्दा शासनसत्ता परिवर्तनका लागि समय समयमा जनताको पक्षबाट ठूला-ठूला सङ्घर्षहरू भएका छन् । जब सत्ताले जनआकांक्षाअनुरूप जनताका मागहरूको सम्बोधन गर्दैन तब जनताले आन्दोलनमार्फत सत्ता परिर्वतन गरी आफ्ना मागहरू पूरा गर्नका लागि सङ्घर्ष गरेका थुप्रै उदाहरणहरू नेपाली इतिहासका घटनाहरूबाट छर्लङ्ग भएका छन् ।

नेपालको राजनीतिक इतिहासमा दृष्टि दिंदा २००७ सालको आन्दोलनले निरङ्कुश र जहाँनीया राणशासनको जरा उखेल्न सफल भयो भने निर्विकल्प भनिएको पञ्चायती व्यवस्थालाई २०३६ सालको विद्यार्थी आन्दोलनले विकल्पको कठघरामा उभ्यायो । त्यसै गरी निर्दलीय पञ्चायती व्यवस्थाको विरुद्धमा २०४६ सालमा भएको जनआन्दोलनले त्यस व्यवस्थालाई ढाल्न सफल भयो र आन्दोलनको सफलतापश्चात बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रसहितको व्यवस्था गरिएको नेपाल अधिराज्यको संविधान २०४७ बन्यो, तर पनि फेरि बहुदलीय प्रजातन्त्रले सही रूप लिन सकेन । राजनीतिक दलहरू कुर्चीको तानातानको खेलमा अल्झिए भने राजतन्त्र दलहरुलाइ फुटाएर आफ्नो स्वार्थअनुरुप अगाडि बढ्न चाह्यो । २०६१ माघ १९ मा राजाले राज्यका सम्पूर्ण अधिकारहरू आफ्नो हातमा केन्द्रित गरी आफ्नै अध्यक्षतामा सरकार गठन गरेपछि राजनीतिक दलहरूले राजाको त्यो कदमको कडा विरोध गरे । यता विगत १० वर्षदेखि देशमा चर्केको ने.क.पा. (माओवादी) को सशस्त्र द्वन्द्वले पीडित जनता शान्तिको सास फेर्न छट्पटाइरहेका थिए तर सत्तापक्षबाट न त ने.क.पा. (माओवादी) सँग वार्ता गरी शान्तिको लागि कुनै पहल हुन सक्यो, न त राजनीतिक दलहरूसँग सहकार्य नै गरियो ।

मुलुकको शान्ति सुव्यवस्था दिनानुदिन खल्बलिँदै गएपछि नेपाली जनता राजाको कदमको विरोधमा उत्रिन बाध्य भए भने सात राजनीतिक दलहरूले ने.क.पा. (माओवादी) सँग समेत सम्पर्क गरी राजाको निरङ्कुश शासनको विरुद्धमा जनआन्दोलन गर्ने सम्झौता गरे । २०६२ मंसिर ७ गते ने.क.पा. (माओवादी) र सात राजनीतिक दलहरू- नेपाली

कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले ), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेपाल मजदुर किसान पार्टी, नेपाल कम्युनिष्ट पार्टी ( माले) बीच दिल्लीमा भएको बाह्रबुँदे सम्झौताअनुरूप २०६२ चैत्र २४ बाट जनआन्दोलन शुरु भयो ।

द्वन्द्वको मारमा परिरहेका तथा राजाको निरङ्कुशताले पीडित जनता अब माओवादी जनयुद्धलाई शान्तिको मूलधारमा ल्याउनका लागि तथा जनताले चाहेको लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि पुनः एकपटक सडकमा ओर्ले र आन्दोलनको राँको बाले । आन्दोलनको दौरानमा यो आन्दोलन विशेषतः राजतन्त्रविरुद्धको जनआन्दोलनका रूपमा केन्द्रित हुनपुग्यो ।

नेपालको राजनीतिक इतिहासमा २०४६ सालमा विशाल जनआन्दोलन भएकाले २०६२-६३ मा भएको जनआन्दोलनलाई जनआन्दोलन भाग-२ पनि भनिन्छ । सन् २००६ को अप्रिल महिनामा भएको हुनाले यस आन्दोलनलाई “April Movement-2006” पनि भन्ने गरिन्छ ।

०६२/६३ को जनआन्दोलन २०६२ चैत्र २४ बाट शुरु भई २०६३ वैशाख ११ सम्म निरन्तर १९ दिनसम्म चलेको थियो । यो आन्दोलनमा देशका शहरी भूभागहरूबाट मात्र होइन हरेक कुनाकाप्चा, गाउँ र बस्तीबाट जनता सडकमा ओर्ले । जनताको एकताका अगाडि राजा ज्ञानेन्द्रको महत्वाकांक्षा चकनाचुर बन्न पुग्यो । अन्ततः राजाले २०६३ वैशाख ११ गते राती आफूले लिएका जनताका अधिकारहरू फिर्ता गरी विघटित प्रतिनिधिसभा पुनर्स्थापना भएको घोषणा गरे । पुनर्स्थापित प्रतिनिधिसभामार्फत अब मुलुकलाई लोकतान्त्रिक शासनव्यवस्थामा लैजानका लागि बाटो खुल्यो र सोही बाटोबाट पूर्णताका लागि हालसम्म प्रयासहरू भइरहेका छन् ।

यस आन्दोलनलाई सफल पार्नका लागि देशभरिका सबै जनताको महत्वपूर्ण योगदान रहेको छ । यसै सन्दर्भमा नेपालको राजधानी काठमाडौंमा आन्दोलनको भूमिका विशेष उल्लेखनीय रह्यो । देशको मुटुको रूपमा रहेको राजधानी शहर भएको, चेतनशील जनसंख्याको चाप भएको, राजनीतिक उच्च नेतृत्व र सचेतना रहेको तथा उच्च शैक्षिक केन्द्रहरू रहेको आदि कारणले गर्दा देशमा भएका हरेक आन्दोलनहरूमा राजधानी काठमाडौं बढी नै तात्ने गरेको पाइन्छ । जनआन्दोलन ०६२/६३ मा पनि यस शहरका गतिविधिहरू चरमसीमामा पुगेका थिए । आन्दोलनको सफलताका लागि काठमाडौंको भूमिका विशेष

उल्लेखनीय रह्यो । अतः प्रस्तुत अध्ययनमा २०६२/०६३ को जनआन्दोलनमा काठमाडौंमा भएका घटनाक्रम र परिणामलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## १.२. अध्यनयको शीर्षक

यस अध्ययनको शीर्षक "२०६२/०६३ को जनआन्दोलनमा काठमाडौंको भूमिका : संक्षिप्त अध्ययन" रहेको छ ।

## १.३. समस्या कथन

२०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापछिको प्रजातान्त्रिक शासन-व्यवस्थाले जनआकांक्षा पूरा गर्न किन सकेन ? माओवादी जनयुद्ध किन हुन पुग्यो ? कसरी पुनः निरङ्कुशतन्त्र हावी भयो ? ०६२/०६३ को आन्दोलन किन आवश्यक पर्‍यो ? यस आन्दोलनमा काठमाडौंको भूमिका कस्तो रह्यो ? आन्दोलनमा कस्ता-कस्ता घटनाहरू भए ? तथा आन्दोलनका उपलब्धिहरू के-कति भए ? आदि कुराहरूको सन्दर्भमा अध्ययन गर्नु नै यस अध्ययनको समस्याकथन रहेको छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नबमोजिम रहेका छन् :

(क) ०६२/६३ को जनआन्दोलनको आवश्यकता र औचित्यको विश्लेषण गर्ने ।

(ख) ०६२/६३ को जनआन्दोलनमा काठमाडौंमा राजनीतिक दलहरूको भूमिका बारे विश्लेषण गर्ने ।

(ग) ०६२/६३ को जनआन्दोलनमा काठमाडौंका पेसाकर्मी तथा विद्यार्थीलगायत विभिन्न क्षेत्रको भूमिकाका बारेमा प्रकाश पार्ने ।

(घ) ०६२/६३ को जनआन्दोलनका उपलब्धीहरुको विश्लेषण गर्ने ।

## १.५. अध्ययनको सीमा

२०६२/०६३ को जनआन्दोलन राष्ट्रव्यापी रूपमा बृहत तवरले अगाडि बढी सफलतासमेत प्राप्त गरेको आन्दोलन हो । तसर्थ यसको सबै क्षेत्र यस अध्ययनमा पूर्णतः समावेश गर्न सम्भव छैन । अतः यस अध्ययनको सीमा काठमाडौं मात्रै केन्द्रित रहेको छ अर्थात सो जनआन्दोलनमा काठमाडौंमा भएका गतिविधिलाई मात्र प्रकाश पार्ने प्रयास गरिएको छ ।

## १.६. अध्ययनको औचित्य

यस अध्ययनमा जनआन्दोलन (भाग-२) को आवश्यकता, कारण, वास्तविकता, सान्दर्भिकता र उपलब्धिहरू समेतको खोज गरी यसमा काठमाडौंको भूमिकाको बारेमा अध्ययन गरिएको छ। यसबाट सो जनआन्दोलनमा काठमाडौंको भूमिकाको बारेमा जान्न खोज्नेहरूका लागि सहयोग मिल्नेछ। त्यस्तै यस जनआन्दोलनका बारेमा थप खोज गर्ने कार्यमा पनि सजिलो हुन सक्नेछ भने समग्रमा नेपालको राजनीतिक इतिहास लेखनमा समेत सहयोग पुग्नेछ भन्ने आशा गरिएको छ।

## १.७. पूर्वकार्यको समीक्षा

जनआन्दोलन ०६२/६३ का बारेमा विशेष अध्ययन हुन बाँकी नै छ। यस आन्दोलनका सन्दर्भमा इतिहासका ठूलाठूला ठेलीहरू तयार नभएको भएतापनि यस आन्दोलनको पृष्ठभूमि र यसले चाहेको लोकतान्त्रिक गणतन्त्र तथा संविधानसभाका बारेमा विभिन्न पुस्तक एवं पत्रपत्रिकाहरूमा विभिन्न लेखकहरूले आफ्ना लेख-रचनाहरू प्रकाशित गरिसकेका छन्, जो मुख्यतः यसप्रकार छन् :

(क) डा. रामशरण महतको 'लोकतन्त्रको पक्षमा'[१] भन्ने पुस्तकमा नेपालको अर्थराजनीति र त्यसले पारेको प्रभावका बारेमा चर्चा गरिएको छ साथै १० वर्षे जनयुद्धले देशमा केही असर पारेको छैन भन्ने शाही भनाइलाई यस आन्दोलनले दिएको जवाफबारेमा प्रकाश पारिएको छ।

(ख) के.पी. भण्डारीले सङ्कलन गरेको पुस्तक 'नेपाली जनताका प्रमाणहरू तथा संविधानसभाको प्रयोग'[२] मा नेपाली जनताले लोकतन्त्रको पक्षमा वि.सं. २००४ देखि २०६३ सम्म गरेका आन्दोलनहरू, आन्दोलनको पृष्ठभूमिका लागि राजाले चालेका कदम तथा त्यसको प्रतिकारमा जनताले गरेका विद्रोहका बारेमा उल्लेख गरिएको छ।

---

१ रामशरण महत, *लोकतन्त्रको पक्षमा,* काठमाडौं : मकालु प्रकाशन, २०६३।

२ के.पी. भण्डारी, *नेपाली जनताका प्रमाणहरु तथा संविधानसभाको प्रयोग,* काठमाडौं : बौद्रिक दर्पण, २०६३।

(ग) डा. बाबुराम भट्टराईको 'राजतन्त्र र लोकतान्त्रिक गणतन्त्र'[३] नामक पुस्तकमा राजतन्त्रको औचित्य तथा नयाँ कोतपर्व (नारायणहिटी हत्याकाण्ड) लाई मान्यता दिनु हुँदैन भन्ने कुरा उल्लेख गरेका छन् भने अप्रिल क्रान्ति (जनआन्दोलन भाग-२) को एउटा दृश्यमात्र पूरा भएको र थुप्रै दृश्यहरू मञ्चन हुन बाँकी नै रहेकाले युगान्तकारी आन्दोलन जारी राखौं भन्ने सन्देशसमेत दिएका छन् ।

(घ) विष्णु निष्ठरीको पुस्तक 'उन्नाईस दिन'[४] पूर्णतया जनआन्दोलमा केन्द्रित छ। जसमा लेखकले जनआन्दोलनका १९ दिनमा प्रत्येक दिन कहाँबाट कसरी आन्दोलन भयो ? प्रत्येक दिन आन्दोलनले कस्तो उचाइ लिँदै गयो आदिको विस्तृत विवरण दिएका छन् । जनआन्दोलनका बारेमा बुझ्नका लागि प्रस्तुत पुस्तक एक महत्वपूर्ण दस्तावेजका रूपमा रहेको छ ।

(ङ) नरहरि आचार्यको 'नेपालको राजतन्त्र'[५] भन्ने पुस्तकमा नेपाली राजतन्त्र तथा यसका विकृति र नेपाली जनताले बेलाबेलामा राजाबाट पाएका धोका तथा अबको राजनीतिका बारेमा उल्लेख गरिएको छ। यसले नेपालको राजतन्त्र जनताको नजरमा कसरी नकारात्मक बन्दै गयो भन्ने जानकारी दिएको छ ।

(च) घनेन्द्र के.सी.को 'जनआन्दोलन र जनघोषणाहरू'[६] ले पनि जनआन्दोलन-२ का मुख्य मुख्य घटना विवरणहरूहरूलाई उल्लेख गरेको छ। जसले आन्दोलनका १९ दिनमा प्रत्येक दिनका मुख्य घटना के के भए भन्ने दर्शाएको छ ।

(छ) अरविन्द रिमालको 'जनआन्दोलन द्वित्तीय : नेपाल थर्काइदिने १९ दिन'[७] ले पनि जनआन्दोलनको पृष्ठभूमि तयार गर्न राजाले पटकपटक दिएका झूठा आश्वसनहरूले बल पुऱ्याएको सन्दर्भ जोड्दै राजाकै व्यवहारबाट जनआन्दोलन हुन पुगेको बताएका छन् ।

यसरी यी विभिन्न लेखकहरूले आफ्ना रचनाहरूमार्फत जनआन्दोलन २०६२/०६३,

---

३ बाबुराम भट्टराई, *राजतन्त्र र लोकतान्त्रिक गणतन्त्र,* काठमाडौं : जनध्वनी प्रकाशन, २०६३ ।

४ विष्णु निष्ठुरी, *उन्नाइस दिन,* काठमाडौं : मोर्डन बुक्स, २०६३ ।

५ नरहरि आचार्य, *नेपालको राजसंस्था,* काठमाडौं, संवत्सर प्रकाशन, २०६२ ।

६ घनेन्द्र के.सी., *जनअन्दोलन र जनघोषणाहरु,* डिल्लीबजार : पैरवी प्रकाशन, २०६४ ।

७ अरविन्द रिमाल, *जनआन्दोलन द्वितिय : नेपाल थर्काइदिने उन्नाइस दिन,* काठमाडौं : टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान, २०६३ ।

यसले पारेको प्रभाव तथा यस आन्दोलनले चाहेको संविधानसभा र लोकतान्त्रिक गणतन्त्रका बारेमा उल्लेख गरिसकेका छन् तर यस आन्दोलनमा काठमाडौं जिल्लाभित्रका प्रत्येक घटनाक्रम तथा यस आन्दोलनमा काठमाडौंको भूमिका आदि बारेमा भने हालसम्म अनुसन्धानात्मक अध्ययन भएको छैन । तसर्थ यस अध्ययनमा ०६२/६३ को जनआन्दोलनमा काठमाडौंको भूमिका, घटनाक्रम, उपलब्धिहरू आदिको बारेमा खोज गर्ने प्रयास गरिएको छ ।

## १.८. अध्ययन-विधि

'०६२/६३ को जनआन्दोलनमा काठमाडौंको भूमिका' विषयको अध्ययनको लागि प्राथमिक तथा सहायक स्रोतहरूको रूपमा विभिन्न विधिहरू प्रयोग गरिएको छ ।

(क) प्राथमिक स्रोतहरू

- अन्तर्वार्ता : विभिन्न नेतृत्व वर्गसँग प्रत्यक्ष अन्तर्वार्ता लिइयो । जसका लागि सम्भावना भएका व्यक्तिहरूको नाम छनौट गरी टेलिफोन सम्पर्कबाट भेट्न गई सम्बन्धित विषयमा छलफल गरियो ।
- स्थलगत भ्रमण : सत्यतथ्य खोजका लागि काठमाडौं जिल्लाका विभिन्न स्थानको भ्रमण गरी राजनीतिक दस्तावेज, पर्चा तथा स्थलगत अध्ययन गरियो ।

(ख) सहायक स्रोतहरू :

- विभिन्न पुस्तक, पत्रपत्रिका, लेख, रचना, प्रस विज्ञप्ती आदिको अध्ययनबाट आवश्यक तथ्य कुराहरू सङ्कलन गरी विश्लेषणात्मक विधिबाट यो अध्ययन तयार गरिएको छ ।

## १.९. अध्ययनको संगठन

यस अध्ययनको संगठन निम्नानुसार रहेको छ-

अध्याय - १ मा शोधपत्रको परिचय खण्ड रहेको छ ।

अध्याय - २ मा  नेपालको आधुनिक राजनीतिक पृष्ठभूमिका बारेमा प्रस्तुत गरिएको छ ।

अध्याय - ३ मा ०६२/६३ को जनआन्दोलनको पृष्ठभूमि, परिवेश तथा घटनाक्रमहरुको उल्लेख गरिएको छ ।

अध्याय - ४ मा ०६२/६३ को जनआन्दोलनमा काठमाडौंमा रहेका राजनीतिक

दलहरू, पेशाकर्मी, विद्यार्थी, महिला आदिको भूमिका कस्तो रह्यो भन्ने विषय प्रस्तुत गरिएको छ । साथै जनआन्दोलनका उपलब्धिहरू पनि प्रस्तुत गरिएको छ ।

अध्याय - ५ मा ०६२/६३ को जनआन्दोलनको कारण र परिणामको अध्ययन र विश्लेषणपछि यसको निष्कर्ष के हो त भन्ने प्रस्तुत गरिएको छ ।

# अध्याय- दुई
# ऐतिहासिक पृष्ठभूमि

## २.१. प्रजातन्त्र स्थापनादेखि पुनर्स्थापनासम्म

नेपालको राजनीतिक इतिहासमा शक्ति र सत्ताका लागि भएका अनेक संघर्ष र षड्यन्त्रबीच मौलाएको राणाशासन अन्ततः आन्तरिक तथा बाह्य परिवेशअनुरूप नेपाली जनमानसमा आएको राजनैतिक चेतना तथा नेपाली कांग्रेसको नेतृत्वमा भएको देशव्यापी प्रजातान्त्रिक आन्दोलनको परिणामस्वरूप २००७ फागुन ७ गते पतन भयो।[८] राणाशासनको पतनपश्चात मोहनशमसेरको नेतृत्वको राणा-कांग्रेस संयुक्त मन्त्रिमण्डल ९ महिनाको अवधिमा नै ढलेपछि नेपाली कांग्रेसका तत्कालीन सभापति मातृकाप्रसाद कोइरालाको अध्यक्षतामा नेपाली कांग्रेसको मन्त्रिमण्डल गठन भयो तर त्यसभित्रको आन्तरिक कलहका कारण २००९ श्रावण २६ मा त्यसको पनि विघटन भयो । त्यसपछि पनि सरकार बन्ने र ढल्ने क्रम रह्यो । वि.सं. २०११ फागुन ३० मा त्रिभुवनको मृत्युपश्चात युवराज महेन्द्र राजा भए । महेन्द्रको प्रजातन्त्रप्रतिको दृष्टिकोण सकारात्मक थिएन ।[९] उनले २०१५ को आमचुनाव संसदका लागि हुने भनी घोषणा गरे ।[१०] राणाशासनको पतन पश्चात प्रजातन्त्र घोषणा गरिएको दिन २००७ साल फागुन ७ मा राजा त्रिभुवनले संविधानसभाको चुनाव गर्ने भनी गरेको घोषणा राजा महेन्द्रको कुटिल राजनीतिक खेलका दौरानमा संसदको चुनावमा परिणत भयो ।

नेपालको इतिहासमा पहिलोपल्ट भएको आमनिर्वाचन वि.सं. २०१५ फागुन ७ गतेदेखि शुरु भयो । ३ महिनासम्म चलेको यो निर्वाचनको अन्तिम परिणामअनुसार नेपाली

---

[८] भवेश्वर पंगेनी, *पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन,-२००७,* काठमाडौं : शोभादेवी भोलानाथ, ट्रष्ट, २०५३, पृ. ३७ ।

[९] त्रिरत्न मानन्धर र निरञ्जन शर्मा, *आधुनिक नेपालको राजनैतिक इतिहास* (२००७-१९), काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३, पृ. ५४ ।

[१०] ग्रीष्मबहादुर देवकोटा, *नेपालको राजनैतिक दर्पण* (दोस्रो भाग), काठमाडौं : अर्जुनबहादुर देवकोटा, २०३६, पृ. १०६ ।

कांग्रेसले ७४ सीट प्राप्त गरी दुईतिहाइ बहुमत ल्याउन सफल भयो । यो निर्वाचनले कुनै पनि दलले बहुमत ल्याउन सक्दैन भन्ने राजाको विश्वासलाई गलत सावित गरिदियो ।[११] २०१६ जेठ १३ मा नेपाली काँग्रेस संसदीय दलका नेता वी.पी. कोइरालाको अध्यक्षतामा नेपालमा सर्वप्रथम जननिर्वाचित सरकारको गठन भयो ।

राजा महेन्द्रको भित्री मनसाय जनप्रतिनिधिहरूलाई शासन व्यवस्था सुम्पेर आफू चुप लागेर बस्ने थिएन । तसर्थ शुरुको केही समय संसद र राजाबीचको सम्वन्ध राम्रै भए तापनि पछिल्ला दिनहरूमा प्र.म. वी.पी. र राजाको सम्वन्धमा खटपट शुरु भयो । राजाले संसदलाई अवरोध ठान्न थाले साथै निर्वाचित सरकारले गरेका केही क्रान्तिकारी कामहरू विर्ता उन्मूलन, राज्यरजौटा उन्मूलन आदिको विरोधसमेत हुनपुग्यो । राजा महेन्द्र भित्री रुपमा आफ्नो हातमा सत्ता केन्द्रित गर्ने योजना बनाउन थाले । अन्ततः राजाले संविधानको धारा ५५ को दुरुपयोग गरी शान्तिसुरक्षा कायम राख्न नसकेको लगायतका आरोप लगाई २०१७ पौष १ गते निर्वाचित सरकारको गला निमोठ्दै सरकारको विघटन गर्नुका साथै संसदीय व्यवस्थाको अन्त्य भएको समेत घोषणा गरे । यसरी मुलुकमा गठित पहिलो जननिर्वाचित सरकार पनि १८ महिनाको अल्पायुमा नै ढल्न पुग्यो ॥ पौष १ को शाही कदमका विरुद्धमा राजनैतिक पार्टीहरूको कुनै विरोध जनाउने हिम्मत गर्न नसक्ने देखेपछि पौष २२ मा राजाले सम्पूर्ण राजनैतिक दलहरूमाथि प्रतिबन्ध लगाएको घोषणा गरे ।[१२]

यता सरकार भने २०१७ पौष १ को कदमको विरुद्धमा लाग्नेलाई गिरफ्तार गरी कडा कारवाही गर्न पछि हटेन । यस्तो अवस्थामा नेपाली काँग्रेसले राजाको कदमका विरुद्धमा सशस्त्र आन्दोलन गर्‍यो । वि.सं . २०१८ कार्तिक २६ का दिनदेखि नेपाली कांग्रेसले गरेको सशस्त्र संघर्ष पनि सरकारको व्यापक दमन तथा जनसमर्थनको कमीले गर्दा तथा भारत-चीन युद्धको कारणसमेत देखाई २०१९ कार्तिक २३ मा स्थगित गरियो ।

वि.सं. २०१९ पौष १ गतेको शाही घोषणा मार्फत “नेपालको संविधान २०१९” जारी भयो । यसले देशमा एकदलीय पञ्चायती व्यवस्थाको संवैधानिक व्यवस्था गर्नुको साथै श्री ५ लाई सर्वोच्च स्थानमा राख्यो ।

वि.सं. २०२८ माघ १७ गते राजा महेन्द्रको निधनपछि युवराज वीरेन्द्र नेपालका

---

११ *नवयुग साप्ताहिक,* २०१५ पौष २ ।

१२ ज्ञानबहादुर कार्की, *नेपालको जनआन्दोलन २०४६ मा बौद्धिक वर्गको भूमिका,* त्रि.वि.वि मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विद्यावारिधि उपाधिका निम्ति प्रस्तुत शोधप्रबन्ध, २०५९, पृ. ३६ ।

राजा भए । उनीबाट जनता तथा राजनीतिक दलहरूले प्रजातान्त्रिक व्यवस्था पुनर्वहाली गर्ने आशा राखे पनि उनले पञ्चायती व्यवस्थाको विस्थापन होइन, सुधार मात्र आवश्यक छ भन्ने धारणा व्यक्त गरेकाले अब सजिलैसित पञ्चायती व्यवस्था नढल्ने अवस्था देखा पऱ्यो । अब राजनीतिक दलहरूले पञ्चायती व्यवस्थाका विरुद्धमा आ-आफ्ना गतिविधिहरू बढाउन थाले ।

पञ्चायती व्यवस्था विरुद्ध देशभरि विरोध र असन्तोष बढिरहेको बेला सन् १९७९ अप्रिल ४ (वि.सं. २०३५ चैत्र २२) मा पाकिस्तानका भू.पू. प्रधानमन्त्री जुल्फिकर अलि भुट्टोलाई पाकिस्तानको रावलपिण्डीको जेलमा फाँसी दिइयो ।[१३] नेपालमा भएको राजनीतिक हत्याबाट आक्रोसित भएका नेपाली विद्यार्थीहरूले भुट्टोलाई दिइएको फाँसीको विरोध गर्दै २०३५ चैत्र २४ मा काठमाडौंस्थित पाकिस्तानी दुतावासमा विरोधपत्र बुझाउन जाँदा प्रहरीले लाठीचार्ज गऱ्यो । त्यसक्रममा कयौं घाइते भए भने कैयौंलाई गिरफ्तार गरियो । यसले ठूलो रूप लियो, जसका कारण २०३६ साल जेठ १० गते राजाबाट जनमत संग्रह घोषणा भयो । २०३७ साल वैशाख २० गते जनमत संग्रह भयो जसमा पञ्चायत व्यवस्थाको नै विजय भएको घोषणा भयो । यस जनमत संग्रहको परिणामलाई तत्कालीन अवस्थामा नेपाली काँग्रेसले स्वीकारेको भए तापनि समयको अन्तरालसँगै त्यसमा कुनै सुधार नआएपछि अब पञ्चायती व्यवस्थाविरुद्ध आन्दोलन गर्ने निर्णय गऱ्यो र २०४२ जेष्ठ १० देखि सत्याग्रह शुरु गऱ्यो । यसमा अधिकांश कम्युनिष्टहरूको पनि समर्थन रह्यो । सत्याग्रहका क्रममा सरकारी पक्ष निकै कडाइका साथ प्रस्तुत भयो ।

यता सत्याग्रहको क्रम तथा सरकारी दमन बढिरहेकै अवस्थामा २०४२ साल असार ५ गते पोखरा र असार ६ गते काठमाडौंको नारायणहिटी दरवारको दक्षिण पश्चिम ढोका, राष्ट्रिय पञ्चायत सचिवालयको मूल ढोका तथा होटल अन्नपूर्णमा बम विस्फोट भयो, जसबाट राष्ट्रिय पञ्चायतका १ जना सदस्यसहित ५ जनाको मृत्यु भयो ।[१४] यसको जिम्मा रामराजाप्रसाद सिंहको जनवादी मोर्चाले लियो । यस्तो स्थितिमा नेपाली काँग्रेसले आन्दोलन हिंसात्मक भएको भन्दै सत्याग्रह स्थगित गऱ्यो ।

२०४३ सालमा राष्ट्रिय पञ्चायतको दोस्रो आमनिर्वाचन भयो । यसमा नेपाली

---

[१३] दीर्घराज प्रसाई, *नेपालमा राजनीतिक व्यवास्थाको विश्लेषण,* काठमाडौंः श्रीमती सानुवावा प्रसाई, २०४३, पृ. ११२ ।

[१४] ऋषिकेश शाह, *पोलिटिक्स इन् नेपाल* (१९८०-९१), न्यू दिल्ली : मनोहर पब्लिकेशसन एण्ड डिस्ट्रीव्यूटर्स, ई. १९९३, पृ. १४९ ।

कांग्रेसले संवैधानिक सुधार नभएको भन्दै चुनाव बहिष्कार गऱ्यो भने ने.क.पा. (माले) लगायत अन्य कम्युनिष्ट पार्टीहरू रोहित, मानन्धर, मनमोहन आदि समूहले भाग लिए। उनीहरूले पञ्चायती चुनावलाई प्रयोग गरेर त्यहीँबाट यसको भण्डाफोर गर्ने योजना बनाए। यो निर्वाचनमा ९ जना वाम उम्मेदवारहरूले सानदार विजय हासिल गरेका थिए। आमनिर्वाचन २०४३ मा प्रजातन्त्र पक्षधर केही व्यक्तिहरू राष्ट्रिय पञ्चायतको सदस्य बन्न पुगे जसले गर्दा सदनबाटै पञ्चायती व्यवस्थाको विरुद्धमा आवाजहरू उठ्न थाले। वि.सं. २०४४ को स्थानीय निर्वाचनमा कम्युनिष्टहरूले जस्तै नेपाली कांग्रेसले पनि भाग लिएर केही ठाउँमा विजय हासिल गऱ्यो। यसप्रकार सडकदेखि सदनसम्म पञ्चायत सरकारविरुद्ध आवाज उठ्न थाल्यो। पञ्चायत सरकारका लागि यो ठूलो चुनौती थियो। यस्तै अवस्थामा नेपाल-भारतबीचको व्यापार तथा पारवहन सन्धि नवीकरण सम्बन्धमा कुरो नमिल्दा नेपाल-भारतबीचको सम्बन्धमा गतिरोध बढ्न थाल्यो भने देशभित्र आन्दोलनको तयारी भइरहेको थियो। नेपाली कांग्रेसको वि.सं. २०४६ माघ ५-७ गते काठमाडौंमा भएको राष्ट्रिय सम्मेलनले २०४६ फागुन ७ गतेदेखि जनआन्दोलन गर्ने निर्णय गऱ्यो।

अर्कोतिर कम्युनिष्ट घटकहरू ने.क.पा. (माले), ने.क.पा. (मार्क्सवादी), ने.क.पा. ( तुलसीलाल समूह), ने.क.पा. (मानन्धर समूह), नेकपा (वर्मा समूह), नेकपा (चौथो महाधिवेशन), नेकपा (रोहित समूह) गरी सात समूह सम्मिलित वाममोर्चा पनि जनआन्दोलनको लागि पूर्व तयार थियो। संयुक्त वाममोर्चाले पनि नेपाली कांग्रेससँगै मिलेर जनआन्दोलन गर्ने निर्णय गऱ्यो। फलस्वरूप २०४६ फागुन ७ गतेदेखि चरणबद्ध रूपमा जनआन्दोलनको शुरुवात भयो।

नेपाली कांग्रेस र संयुक्त वाममोर्चाले एकैसाथ जनआन्दोलन गर्ने निर्णयअनुरूप २०४६ फागुन ७ गतेदेखि देशव्यापी रूपमा जनआन्दोलनको शुरुवात भयो। देशका विभिन्न ठाउँबाट नारावाजीसहित जुलुस प्रदर्शन भयो। व्यापक जनसहभागिताबीचको यो आन्दोलन प्रत्येक दिन चर्कदै गयो। यस आन्दोलनमा राजनैतिक दलहरूबाहेक विभिन्न विद्यार्थी संगठनहरू, व्यापारीहरू, पेशाकर्मीहरू, महिलावर्गलगायत सर्वसाधारण जनताको पनि व्यापक सहभागिता रह्यो।

जनआन्दोलन २०४६ को शुरुआतको पहिलो दिन फागुन ७ गते हजारौं कार्यकर्ताहरूसहित वाममोर्चा तथा नेपाली कांग्रेसले सुन्धारा, गुच्छाटोल, खिचापोखरी, न्यूरोड, त्रिपुरेश्वर, इन्द्रचोक, किलागल, बांगेमुढालगायतका स्थानबाट जुलुस निकाली

पञ्चायती व्यवस्थाविरुद्ध नारावाजी गरे । प्रजातन्त्र दिवसको दिन भएकाले सरकारले पनि सो दिन प्रजातन्त्र दिवस मनाउने कार्यक्रम गरेको थियो तर सरकारी कर्मचारीहरू तथा पञ्चहरूबाहेक सबै जनता टुँडिखेलमा पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलनमा उत्रिए । सरकारले राजधानीको सबै ठाउँमा सशस्त्र लाठीधारी पुलिसहरू तैनाथ गरी अब आन्दोलनकारीहरूले केही गर्न सक्दैनन् भन्ने विश्वासले बसेको थियो ।[१५] विरोध प्रदर्शन र आन्दोलन दिनप्रतिदिन चर्किंदै जान थाल्यो । सरकारले दमनको कडा नीति अबलम्वन गऱ्यो । आन्दोलनकारीमाथि लाठीचार्ज, अश्रुग्याँस र गोलीसमेत प्रहार गर्न थाल्यो । बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापना र पञ्चायती व्यवस्थाको अन्त्यका लागि चलाइएको यस आन्दोलनका सर्वोच्च कमाण्डर, सर्वमान्य नेता गणेशमान सिंहले २०४६ फागुन २५ मा जनतासँग एक अपिल जारी गर्दै सरकारलाई चेतावनी दिए । यसप्रकारले जति दमन गर्दै गयो त्यति नै दबाएको भकुण्डो उफ्रेजस्तै आन्दोलन चर्किंदै गयो । यद्यपी चैत्रको पहिलो र दोस्रो हप्ता भने आन्दोलनमा शिथिलता देखा पऱ्यो ।

जनआन्दोलन चैत्रको तेस्रो हप्ताबाट उत्कर्ष अवस्थामा पुग्यो । पाटन र कीर्तिपुरलाई त्यहाँका जनताले गणतान्त्रिक क्षेत्र घोषणा गरे । राजतन्त्रविरोधी नाराहरू घन्किन थाले । जनआन्दोलन तीव्ररूपबाट बढ्दै जान थालेपछि आन्दोलनलाई थुम्थुम्याउनका लागि २०४६ चैत्र २४ गते मरिचमानसिंह श्रेष्ठको मन्त्रिमण्डल विघटन गरी लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा नयाँ मन्त्रिमण्डल गठन गरियो तर यसबाट झनै चर्को विरोध हुनपुग्यो । चैत्र २४ गते राजधानीमा करीव ३ लाखको संख्यामा जुलुस प्रदर्शन भयो। अतः सरकार आन्दोलनकारीलाई रोक्न असमर्थ भयो । सरकारी व्यापक दमनका बावजुद पनि अब सरकार आन्दोलनकारीसित वार्ताको शुरुवात गऱ्यो । अन्ततः चैत्र २६ गते राती ११.१५ को शाही घोषणामार्फत दलहरूमाथिको प्रतिबन्ध हटाइएको घोषणा गरियो ।[१६] सात हप्तासम्म चलेको चरणबद्ध आन्दोलनमा कैयौं प्रजातन्त्रप्रेमी जनताले रगतको खोलो बगाएपछि अन्ततः प्रजातन्त्रको पुनस्थापना हुनपुग्यो । यस आन्दोलनमा ५० जना जतिको मृत्यु, १३०० घाइते

[१५] रमेशकुमार रौनियार, *जनआन्दोलको क्रान्तिकारी इतिहास,* काठमाडौः नेपाल राष्ट्रिय समाज सेवा परिषद, २०५६, पृ २३ ।

[१६] *दैनिक समाज,* २०४६ चैत्र २७ ।

र लगभग ८००० जति थुनामा परेको अनुमान छ।[१७] यसरी जनआन्दोलन २०४६ बाट जनताको संघर्षको बलले ३० वर्षको निर्दलीय पञ्चायती व्यवस्थाको जरा उखेलेर प्रजातान्त्रिक शासन व्यवस्था स्थापित भयो ।

## २.३. २०४६ सालपछिका राजनीतिक घटनाक्रमहरू

### २.३.१. अन्तरिम सरकार गठन

वि.सं २०४६ चैत्र २६ गते राजा वीरेन्द्रको शाही घोषणामा पञ्चायती व्यवस्था अन्त्य भएको घोषणा भएको थिएन । त्यसपछिका दिनहरूको थप आन्दोलनले ३० वर्षे पञ्चायती व्यवस्था ढल्न पुग्यो र प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना भयो । २०४७ वैशाख ६ गते नेपाली काँग्रेसका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा ११ सदस्यीय मन्त्रिमण्डल गठन भयो ।

अन्तरिम सरकारका अगाडि अनेकौं चुनौतीहरू थिए। तत्कालीन अवस्थामा पञ्चायती संविधान २०१९ नै विद्यमान थियो। संविधानका केही धाराहरू निलम्वन गरिए तापनि राज्यको सम्पूर्ण अधिकार राजामा नै निहित थियो। महिला, मजदुर, किसानलगायत पिल्सिएका वर्गको जनताहरूको माग पूरा नभएमा जन-असन्तोष बढ्ने खतरा थियो। राष्ट्रिय ढुकुटीको दुरूपयोग गरिएकाले मुलुकको आर्थिक अवस्था जर्जर थियो। जनआन्दोलनका घाइते र शहीद परिवारलाई राहत पुऱ्याउनु पर्ने थियो। उता भारतसँगको वाणिज्य र पारवहन सन्धिमा भएको गतिरोधका कारण महंगीको मार खेपिरहेका जनताको समस्या सुल्झाउन चाँडो पहल गर्नुपर्ने अवस्था थियो। जतिसक्दो चाँडो नयाँ संविधानको निर्माण र आमचुनाव गरी जनप्रतिनिधिमूलक सरकार गठन गर्नुपर्ने थियो ।

अन्तरिम सरकारले आफ्ना कामहरू अगाडि बढाउँदै गयो। अशान्ति र अराजकताको स्थितिलाई साम्य पार्दै जाँचबुझ आयोग गठन, पञ्चायती निकायको खारेजी, कैदीलाई आममाफी, घाइते र शहीद परिवारलाई राहत, भारतसँगको सम्बन्धमा सुधारलगायत नयाँ संविधान निर्माण प्रक्रियामा जुट्न थाल्यो ।

### २.३.२. नेपाल अधिराज्यको संविधान २०४७

---

१७ सूर्यमणि, अधिकारी, *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,* नयाँ दिल्ली: निराला पब्लिकेसन्स, २०५५, पृ. ३९९ ।

अन्तरिम सरकारको अबको पहिलो काम जनआन्दोलनको मागअनुरूप नेपालको संविधान २०१९ खारेज गरी नयाँ संविधान निर्माण गर्नु थियो। राजाको सर्वोच्च अधिकारलाई कटौती गरी जनतालाई सार्वभौम बनाई प्रजातान्त्रिक संविधान तयार गरिनुपर्ने टड्कारो आवश्यकता मुलुकलाई थियो। यस्तै समयमा २०४७ बैशाख २८ गते राजा वीरेन्द्रले सर्वोच्च अदालतका न्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा सात सदस्यीय संविधान सुधार सुझाव आयोग गठन गरेको कुरा शाही विज्ञप्तिमार्फत सार्वजनिक गरे।

यस आयोगलाई संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको सुदृढीकरणको निमित्त ३ महिनाभित्र संविधानको मस्यौदा तयार गरी सुझावसहित पेश गर्न निर्देशन दिइयो। निर्देशनअनुरूप आयोगका सदस्यहरू २०४७ श्रावण २० गतेसम्म अधिराज्यका विभिन्न भागहरूमा गई सबै पक्षका राजनीतिक दलहरू तथा व्यक्तिहरूसँग सुझाव संकलन गरी श्रावण २१ गतेदेखि नियमित रूपमा मस्यौदा निर्माण गर्ने काममा संलग्न भए।[१८] भाद्र २५ गते अध्यक्ष विश्वनाथ उपाध्यायले श्री ५ समक्ष नेपाल अधिराज्यको प्रजातान्त्रिक संविधानको मस्यौदासहितको सुझाव प्रतिवेदन बुझाए।[१९]

२०४७ कार्तिक २३ गते राजा वीरेन्द्रबाट संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रसहितको "नेपाल अधिराज्यको संविधान २०४७" जारी गरियो।[२०] नेपालको प्रजातान्त्रिक व्यवस्थाअनुरूपको संविधान बन्यो। २३ भाग, १३३ धारा र ३ अनुसूची रहेको यो संविधानलाई विश्वकै उत्कृष्ट संविधानको रूपमा मान्न थालियो। यो संविधानमा सार्वभौमसत्ता जनतामा निहित (धारा ३) कार्यकारिणी अधिकार श्री ५ र मन्त्रिपरिषदमा निहित (धारा ३५ (१) ) स्वतन्त्र न्यायपालिका (भाग ११), जनताका मौलिक हकहरूको व्यवस्था (भाग ३) लगायत बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र (प्रस्तावनामा उल्लेख) जस्ता कुराहरूको व्यवस्था गरियो।[२१] सरसर्ती हेर्दा संविधान प्रजातान्त्रिक देखिए तापनि केही धाराहरू द्विअर्थी र अस्पष्ट थिए जसले गर्दा निरङ्कुशतन्त्र लाद्न खोज्नेलाई आधार नबन्ला भन्न सकिँदैनथ्यो।

---

१८ डिल्लीराम मिश्र, *नेपालको प्राजातान्त्रिक आन्दोलन,* काठमाडौं : श्रीमती शर्मिला मिश्र, २०४७, पृ. २६५।

१९ *मातृभूमि साप्ताहिक,* २०४७ भदौ २६।

२० मिश्र, *पूर्ववत्,* पादटिप्पणी नं. ११, पृ. २७१।

२१ *नेपाल अधिराज्यको संविधान २०४७;* कानून किताव व्यवस्था समिति।

श्री ५ र राजपरिवारको सम्बन्धमा सदनमा छलफल गर्न नपाइने (धारा ५६), श्री ५ को निजी सम्पत्तिमा कर नलाग्ने (धारा ३०), श्री ५ बाट गरिएको कुनै कामको सम्बन्धमा अदालतमा प्रश्न उठाउन नपाइने (धारा ३१), राजाले स्वविवेकमा गर्ने काम (धारा ३५ (२) लगायत धारा १२७ जस्ता प्राबधानहरूले राजाको शक्तिमा कमी ल्याएको थिएन। संविधानमा यस्ता प्रावधानहरू रहेकाले यसको दुरूपयोग गरी निरङकुशता लाद्न सकिने प्रशस्त आधारहरू रहेका थिए ।

### २.३.३. आमनिर्वाचन २०४८

३० वर्षे पञ्चायती व्यवस्था ढलेपछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४५ अनुसार संसदको तल्लो सदन प्रतिनिधिसभाको आमनिर्वाचन २०४८ साल वैशाख २९ गते सम्पन्न भयो।[२२] यो निर्वाचनमा नेपाली काँग्रेसले ११० स्थान हासिल गऱ्यो भने नेकपा (एमाले) ले ६९ सिट प्राप्त गरी प्रमुख प्रतिपक्ष दल बन्यो ।

निर्वाचनमा बहुमत प्राप्त गरेअनुरूप नेपाली कांग्रेस संसदीय दलका नेता गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा १४ सदस्यीय मन्त्रिमण्डल गठन भयो ।

यसरी २०४८ सालको आमनिर्वाचनले नेपाली कांग्रेसको सरकार गठन भयो । जनआन्दोलनको भावनाअनुरूप जनताका आकांक्षा पूरा गर्ने अभिभारा यो मन्त्रिपरिषदलाई सुम्पियो तथापि राजनैतिक खिचातानी र मूलतः अन्तरपार्टी विवादसमेतले गर्दा यो मन्त्रिमण्डलले आफ्नो कार्यकाल पूरा गर्न पाएन ।

### २.३.४. मध्यावधि निर्वाचन २०५१ र त्यसपछिको राजनीतिक अवस्था

२०४८ सालमा नेपाली जनताले नेपाली कांग्रेसलाई बहुमत र नेकपा एमालेलाई प्रमुख प्रतिपक्ष दल बनाएर राज्यसञ्चालन गर्ने सुनौलो अवसर प्रदान गरेका थिए तर नेपाली राजनीतिमा हावी हुँदै आएको स्वार्थी प्रवृत्ति, कुर्ची तानातानाको खेल तथा एकअर्कामा आक्षेप लगाउने व्यवहार र जनताप्रतिको अनुत्तरदायी प्रवृत्तिले गर्दा गिरिजाप्रसाद कोइरालाको सरकारमा पनि किचलो आउन थाल्यो। नेपाली कांग्रेसभित्रै दुई गुट देखा पर्न

---

२२ *गोरखापत्र दैनिक,* २०४८ वैशाख ३० ।

थाले । गिरिजाप्रसाद कोइराला र सर्वोच्च नेता गणेशमान सिंहबीचमा आपसी वैमनश्यता आउन थाल्यो । अन्य दलहरूले पनि प्रधानमन्त्री तथा सरकारको कडा आलोचना गर्न थाले ।

गिरिजाप्रसादमाथि प्रतिनिधिसभाको विश्वास छैन भनी २०५० फागुन ८ मा नेकपा एमालेका ५१ तथा संयुक्त जनमोर्चाका ४ गरी ५५ जना सांसदले अविश्वासको प्रस्ताव दर्ता गराए ।[२३] प्रस्तावमाथि मतदान हुँदा पक्षमा ८१ र विपक्षमा ११३ मत परेपछि प्रस्ताव असफल भयो तथापि गिरिजा सरकारले राजीनामा दिनुपर्ने भन्दै नेपाली कांग्रेसभित्रकै ३६ जना सांसद तथा अन्य दलहरूले समेत बेलाबेलामा आवाज उठाउँदै रहे ।

वि.सं. २०५१ असार २० को सरकारको नीति तथा कार्यक्रमसम्बन्धी प्रस्तावमा मतदान हुँदा पक्षमा ७४ र विपक्षमा ८६ मत परी प्रस्ताव अस्वीकृत भयो । सरकारी प्रस्ताव अस्वीकृत भएपछि नैतिकताको कारण देखाई गिरिजाप्रसाद कोइरालाले राजीनामा दिए । साथै प्रतिनिधिसभाको विघटन र मध्यावधि चुनावको सिफारिससमेत गरे ।[२४] राजाद्वारा प्रतिनिधिसभाको विघटन गरी २०५१ कार्तिक २७ गतेका लागि मध्यावधि चुनावको मिति तोकियो ।[२५] सबै दलहरू चुनावको तयारीमा जुटे ।

२०५१ कार्तिक २७ गते हरिवोधनी एकादशी पर्व परेकोले त्यसको दुई दिनपछि कार्तिक २९ गते मध्यावधि निर्वाचन सम्पन्न भयो । निर्वाचनको अन्तिम परिणामअनुसार ने.क.पा. (एमाले) ले ८८ सिट ल्याई ठूलो दल बन्यो भने ने.कां. प्रतिपक्षी दलमा रहन पुग्यो ।[२६]

यसप्रकार यस निर्वाचनको परिणामअनुसार कुनै दलले पनि स्पष्ट बहुमत ल्याउन सकेन भने २०४८ को आमनिर्वाचनमा भारी बहुमत ल्याउन सफल नेपाली कांग्रेस यो निर्वाचनमा दोस्रो स्थानमा झऱ्यो ।

मध्यावधि निर्वाचन २०५१ अनुसार कुनै दलले पनि स्पष्ट बहुमत ल्याउन नसकेपछि अब संसदमा सबैभन्दा बढी सदस्य रहेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट सरकार

२३ *साप्ताहिक विमर्श,* २०५० फागुन १३ ।

२४ *कान्तिपुर दैनिक,* २०५१ असार २७ ।

२५ *ऐजन,* २०५१ असार २८ ।

२६ निर्वाचन आयोग, मध्यावधि निर्वाचन २०५१ को परिणाम ।

गठन हुने भयो । २०५१ साल मंसिर १३ गते नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४२ (२) अनुसार नेकपा एमाले संसदीय दलका नेता मनमोहन अधिकारीलाई श्री ५ बाट प्रधानमन्त्री पदमा नियुक्त गरियो र मङसिर १६ गते १५ सदस्यीय मन्त्रिमण्डल गठन भयो ।[२७]

यसप्रकार मध्यावधि निर्वाचन २०५१ मार्फत मुलुकमा पहिलोपटक नेकपा एमालेको सरकार अर्थात नेपालमा सर्वप्रथम कम्यूनिष्ट पार्टीको सरकार गठन भयो । नवनियुक्त प्र.म. अधिकारीले देशवासीका नाममा सम्बोधन गर्दै राष्ट्रिय सहमतिको आधारलाई बलियो बनाइने धारणा व्यक्त गरे । यो सरकारले 'आफ्नो गाउँ आफै बनाऔं' भन्ने नाराका साथ विकास निर्माणका लागि सरकारी अनुदान दिने, बृद्ध भत्ता वितरण गर्ने जस्ता केही लोकप्रिय कामहरू पनि गऱ्यो तथापि नेपाली राजनीतिमा स्थिरता आउन भने सकेन । विपक्षी दलहरुद्वारा जस्तो काम गरे पनि खुट्टा तान्ने र आलोचना गर्ने प्रवृत्ति उस्तै रह्यो ।

नेपाली कांग्रेसले मनमोहन अधिकारीको अध्यक्षतामा रहेको नेकपा एमालेको सरकारविरुद्ध अविश्वासको प्रस्ताव ल्याउने तयारी गरेपछि सरकारले राजामा प्रतिनिधिसभा विघटन गरी निर्वाचनको तिथि घोषणा गर्न सिफारिस गऱ्यो ।[२८] फलस्वरूप ९ महिनाको कार्यकालपछि प्रधानमन्त्री मनमोहन अधिकारीको सिफारिसमा २०५२ जेठ ३० गते राजा वीरेन्द्रले प्रतिनिधिसभाको विघटन र २०५२ मंसिर ७ गते मध्यावधि निर्वाचनको घोषणा गरे । यसरी संसद विघटन गरी निर्वाचनको घोषणा गरेपछि देशमा सहमतिभन्दा विरोध र टक्करको राजनीति शुरु भयो । वामपन्थी पार्टीबाहेक नेपाली कांग्रेस, राप्रपा तथा नेपाल सद्भावना पार्टीले एकस्वरमा यसको विरोध गरे । प्रधानमन्त्रीको उक्त सिफारिसको विरोधमा सर्वोच्च अदालतमा रीट निवेदन परेपछि २०५२ भाद्र १२ गते सर्वोच्च अदालतले उक्त सिफारिस त्रुटिपूर्ण र संवैधानिक प्राबधानको प्रतिकूल भएको ठहर गर्दै प्रतिनिधिसभा पुनस्थापनाको फैसला गऱ्यो ।

सर्वोच्च अदालतको फैसलापछि प्रतिनिधिसभाको विशेष अधिवेशन (भाद्र २०-२५) मा प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसले प्र.म. मनमोहन अधिकारीमाथि प्रतिनिधिसभाको विश्वास छैन भनी दर्ता गरेको अविश्वासको प्रस्तावउपर छलफल हुँदा पक्षमा १०७ मत र

---

२७ *गोरखापत्र दैनिक,* २०५१ मंसिर १७ ।

२८ सानुभाइ डंगोल, *नेपाली राजनीतिमा दरबार,* काठमाडौं :ल्यायमह पुच प्रकाशन २०६३, पृ. २४१-२४२ ।

विपक्षमा ८८ मत परेपछि प्रधानमन्त्रीउपर प्रतिनिधिसभाको विश्वास रहेन । यसप्रकार ९ महिनाको छोटो अवधिमा नै यो सरकारको विघटन भयो ।

**देउवा मन्त्रिमण्डलको गठन**

नेकपा एमालेको सरकारको विघटनपछि नेपाली काँग्रेस संसदीय दलका नेता शेरबहादुर देउवालाई २०५२ साल भाद्र २६ गते प्रधानमन्त्रीमा नियुक्त गरियो ।[२९] प्रधानमन्त्री देउवाको अध्यक्षतामा ५ सदस्यीय मन्त्रिमण्डल गठन भयो । यो मन्त्रिमण्डल गठन भएको ३ महिना नबित्दै प्रधानमन्त्री शेरवहादुर देउवाप्रति प्रतिनिधिसभाको विश्वास छैन भनी प्रमुख प्रतिपक्षी दलका नेता तथा नेकपा एमालेका अध्यक्ष मनमोहन अधिकारी र राप्रपा संसदीय दलका नेता लोकेन्द्रवहादुर चन्दलगायत १०२ जना सांसदले हस्ताक्षर गरी वि.सं. २०५३ मंसीर २६ गते पेश गरेको प्रस्ताव अस्वीकृत भयो ।[३०] प्रस्ताव अस्वीकृत भए तापनि एमाले तथा राप्रपा चन्दले प्रधानमन्त्रीको राजीनामा माग गर्दै रहे ।

शेरवहादुर देउवाको मन्त्रिमण्डलमा विभिन्न पटक हेरफेर गरियो । नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा), नेपाल सद्भावना पार्टी तथा नेपाल मजदुर किसान पार्टी सहितको संयुक्त मन्त्रिमण्डलका सदस्यहरू ४८-५० को हाराहारीमा पुगे । जम्बो मन्त्रिपमण्डलको विरोध हुन थाल्यो । शेरवहादुर देउवाले पार्टीका शीर्षस्थ नेताहरूसँग सहमति गरेअनुरूप आगामी संसद अधिवेशनबाट सरकारले विश्वासको मत लिएपछि मन्त्रिमण्डलको आकार घटाउने कुरा व्यक्त २०५३ फागुन २० गतेदेखि शुरु भएको संसदको एघारौं अधिवेशनमा सरकारको विश्वासको मतको लागि प्रस्ताव दर्ता गरियो । २०५३ फागुन २३ गते विश्वासको मत पाउन राखिएको प्रस्तावमा मतदान हुँदा कूल सांसद सदस्यको बहुमत आउनुपर्नेमा पक्षमा १०१ र विपक्षमा ९२ मत परेकोले सरकार विश्वासको मत पाउन असफल भयो । फलस्वरूप प्रधानमन्त्री शेरवहादुर देउवाले राजीनामा दिए ।[३१]

**चन्द मन्त्रिमण्डल गठन**

शेरवहादुर देउवाको मन्त्रिमण्डल पतनपछि २०५३ फागुन २७ गते राष्ट्रिय प्रजातन्त्र

---

२९ *गोरखापत्र दैनिक,* २०५२ भदौ २७ ।

३० *ऐजन,* २०५३ पौष १० ।

३१ *ऐजन,* फागुन २४ ।

पार्टी (चन्द) का संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री पदमा नियुक्त भए। फागुन २९ गते ८ सदस्यीय मन्त्रिमण्डल गठन गरियो, जसमा नेकपा एमाले पनि संलग्न भयो।

यसरी २०५१ सालको मध्यावधि पछिको सरकार पनि स्थिर हुन सकेन। नेपालमा सरकार बन्ने र ढल्ने त एउटा संस्कार नै बन्यो। नेताहरू खुट्टा तान्ने र व्यक्तिगत स्वार्थभन्दा माथि उठ्न सकेनन्। आफू सरकारमा हुँदा सबैथोक राम्रो र सरकारबाट हटेपछि सबैथोक नराम्रो देख्ने दोषी आँखाहरूको विकास हुँदै गयो। जनआन्दोलनको भावना कुनै पनि दल तथा नेताहरूले बुझ्न सकेनन्। १२ वर्षमै संसद्वादी राजनीतिक दलहरू प्राय असफल भए।[३२] यस सन्दर्भमा प्रसिद्ध लेखक मोदनाथ प्रश्रितले भनेका छन्- "जनताका आकांक्षाहरू ठूलाठूला थिए, कांग्रेसीहरूले प्रजातन्त्र आयो कि स्वर्गलोक नेपालमा उत्रिहाल्छ भन्ने सपना खुब बाँडेका थिए, भने कम्युनिष्टहरूले समाजवाद र साम्यवादका कुरा जनतालाई मुखाग्र हुने गरी घोकाएका थिए तर दुवैथरीले समयको प्रसुती व्यथा निकै चर्को हुन्छ र परिवर्तनको शिशु हुर्कन लामै समय लाग्न सक्छ भन्ने कुरा पढाउन पर्याप्त ध्यान दिएका थिएनन्।"[३३] यसप्रकार २०४६ सालमा दलहरूले जनतालाई दिएका आश्वासन पूरा हुन सकेनन्।

यसरी नेपालको राजनीतिमा स्वार्थी, व्यक्तिगत लाभ कुर्ची तानातानको प्रवृत्ति बढ्दै गयो। जनताप्रति उत्तरदायी भावनाको विकास हुन सकेन। ६-८ महिनाभित्रैमा सरकार बन्ने र ढल्ने संस्कारको विकास भयो।

### २.३.५. माओवादी जनयुद्धको सुरुआत २०५२ र त्यसपछिको राजनीतिक विकासक्रम

वि.सं. २०४२ मा गठित मोहन वैद्यको नेतृत्वको नेकपा मसाल नै २०४७ सालमा गएर प्रचण्डको नेतृत्वको नेकपा एकता केन्द्र बन्न पुग्यो। वि.सं. २०५१ सालमा एकता केन्द्रको केन्द्रीय कमिटीको विस्तारित बैठकले जनयुद्धको सैन्य योजना पारित गर्नुका साथै पार्टीको नाम नेकपा (माओवादी) राख्ने निर्णय गऱ्यो। २०४७ देखि पाँच वर्षसम्म सदन र सडकबाट शान्तिपूर्ण ढङ्गले समाज र राज्यको अग्रगामी रूपान्तरणको लागि उठाएका

---

[३२] केशवराज देवकोटा, *अग्निज्वालामा दरवार* , काठमाडौं : गणतान्त्रिक प्रकाशन समुह २०६३, पृ. ५१।

[३३] मोदनाथ प्रश्रित, "२०४६ सालका सपनाहरू र आजको यथार्थ", *गोरखापत्र दैनिक,* चैत्र २६, २०५३।

आवाजहरूको कुनै सुनुवाइ नभएपछि २०५२ साल फागुन १ गतेबाट नेकपा माओवादीले सशस्त्र जनयुद्धको औपचारिक घोषणा गऱ्यो ।[३४] यसअघि वि.सं. २०५२ साल माघ २१ गते माओवादीले विभिन्न ४० सूत्रीय माग राखी शेरवहादुर देउवाको नेतृत्वमा रहेको सरकारलाई बुझायो र २ हप्ताभित्र माग पूरा नगरिए सशस्त्र युद्धमा उत्रिने चेतावनीसमेत दियो । तर माग पूरा गर्नुको साटो प्रधानमन्त्री देउवा माघ २९ गते भारत भ्रमणमा लागे भने माओवादी पनि आफैले दिएको म्याद पूरा नहुँदै २०५२ फागुन १ गते रोल्पाको होलेरी र रुकुमको तिब्सीकोट प्रहरी चौकीमा आक्रमण गरी सशस्त्र द्वन्दको विधिवत घोषणा गरे ।[३५] यसलाई सरकारी पक्षले अत्यन्तै हलुका तवरले लियो । गृहमन्त्री खुमबहादुर खड्काले यो सामान्य समस्या भएको र ४-५ दिनमै नियन्त्रण हुने[३६] भाषण छाँटे । सरकारले समस्याको शान्तिपूर्ण र सम्मानजनक समाधानको सट्टा दबाएर ठीक पार्ने रणनीतिमा लाग्यो । माओवादी जनयुद्धको हाँगा क्रमशः फैलिँदै गयो ।

वि.सं. २०५३ फागुन २ गते शेरबहादुरको सरकार ढलेपछि लोकेन्द्रबहादुर चन्दको सरकार बन्यो । तर सात महिना नबित्दै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससहित ८६ जना सांसदले लोकेन्द्रबहादुर चन्दउपर प्रतिनिधिसभाको विश्वास छैन भनी अविश्वासको प्रस्ताव दर्ता गराएपछि मतदान हुँदा पक्षमा १०७ र विपक्षमा ९४ मत परेपछि चन्द सरकार पनि ढल्यो । २०५४ असोज २१ गते सूर्यबहादुर थापाको अध्यक्षतामा मन्त्रिमण्डल गठन भयो । तर यो सरकार पनि धेरै समय टिक्न सकेन । २०५४ पौषमा नेकपा एमालेले सूर्यबहादुर थापाउपर प्रतिनिधिसभाको विश्वास छैन भनी संसद सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गरायो । यसमा विश्वास पाउन नसकेपछि २०५४ असोज २१ गते गठित थापा सरकार २०५४ चैत्र २८ गते ढल्यो र २०५५ वैशाख २ गते गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा सरकार गठन भयो ।[३७] यता नेपालगञ्जमा भएको नेकपा एमालेको छैठौं अधिवेशनमा एमाले पार्टी दुई टुक्रा भयो र नेकपा (माले) को जन्म भयो । नेकपा माले पनि गिरिजा सरकारमा

---

३४ *संविधानसभाको निर्वाचनका लागि नेकपा माओवादीको प्रतिबद्वतापत्र,* २०६४ ।

३५ विष्णुराज उप्रेती, *नेपालमा माओवादी सशस्त्र द्वन्द्वका कारण, असर र समाधानका प्रयासहरू,* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स, २०६१, पृ. २५-२६ ।

३६ *गोरखापत्र दैनिक,* २०५२ फागुन ३ ।

३७ *ऐजन,* २०५५ वैशाख ३ ।

सामेल हुने भएपछि २०५५ भाद्र १० गते मन्त्रिमण्डल पुनर्गठन भयो ।[३८]

मुलुकमा प्रतिनिधिसभाको कार्यकाल लगभग पूरा भइसकेको अवस्थामा अब आमनिर्वाचनको तयारी हुन थाल्यो । तसर्थ राजाबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिसमा प्रतिनिधिसभा विघटन गरी २०५६ वैशाख २० गते आमनिर्वाचनको मिति घोषणा गरियो । वि.सं. २०५६ वैशाख २० गते पहिलो चरण र जेठ ३ गते दोस्रो चरण गरी दुई चरणमा आमनिर्वाचन सम्पन्न भयो । नेकपा माओवादीले भने यो निर्वाचनको वहिष्कार गऱ्यो । निर्वाचनको परिणाअनुसार १११ सिट ल्याई नेकांले बहुमत प्राप्त गऱ्यो ।[३९]

अन्य सानातिना दलहरूसहित नेकपा मालेले समेत एक सीट पनि प्राप्त गर्न सकेन । नेपाली कांग्रेस बहुमत प्राप्त गरेपछि नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद भट्टराई २०५६ जेठ १३ गते प्र.म. पदमा नियुक्त भए र जेठ १७ गते १६ सदस्यीय मन्त्रिमण्डल गठन भयो ।[४०]

आमनिर्वाचनद्वारा बहुमत प्राप्त पार्टीबाट बनेको सरकार अब अलिक समय टिकाउ होला र राजनीतिक स्थिरता कायम होला भन्ने जनताको आशामा नेताहरूको तानातान प्रवृत्तिले फेरि तुषारापात गरिदियो । सरकार र सदनबीच तथा एउटै पार्टीबीचमा पुनः षड्यन्त्रको शुरुवात भयो । नेपाली कांग्रेसकै ५८ जना सदस्यले कृष्णप्रसाद भट्टराईप्रति पार्टीको विश्वस छैन भनी प्रस्ताव दर्ता गरे । २०५६ चैत्र ४ गते प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसँग परामर्श नगरी संसदीय दलको बैठक बोलाइएकोमा उनले आपत्ति र खेद व्यक्त गर्दै चैत्र ३ गते राजीनामा दिने घोषणा गरे ।[४१] उनको राजीनामापश्चात् २०५६ चैत्र ७ गते गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री पदमा नियुक्त भए ।[४२] चैत्र ८, २०५६ मा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा २५ सदस्यीय मन्त्रिमण्डल गठन भयो । यो सरकारलाई पनि पार्टीबाट राजीनामा माग्ने कामहरू शुरु भए । कृष्णप्रसाद भट्टराईलगायत एमाले पार्टीले गिरिजाप्रसादको राजीनामा माग्न शुरु गरे । लाउडा विमान प्रकरण जस्ता भ्रष्टाचारी काण्डमा सरकार मुछियो ।

---

३८ *ऐजन,* २०५५ भाद्र ११ ।

३९ निर्वाचन आयोग, आमनिर्वाचन २०५६ को परिणाम ।

४० *गोरखापत्र दैनिक,* २०५६ जेठ १७ ।

४१ *ऐजन,* चैत्र ४ ।

४२ *ऐजन,* चैत्र ८ गते ।

यता माओवादी गतिविधिहरू दिनप्रतिदिन बढ्न थाले । सरकारले माओवादी सशस्त्र संघर्षलाई सुरक्षाकर्मीको सहायताले दबाउन थाले । निर्दोष गाउँले, सर्वसाधारण समेतलाई माओवादीको आरोपमा पक्रने, यातना दिने, वेपत्ता बनाउने लगायतका कामहरू राज्यबाट हुन थाले भने माओवादीले पनि आफूसँग वैचारिक मतभेद राख्ने व्यक्तिहरूलाई अपहरण गर्ने, यातना दिएर मार्ने, सेना, प्रहरीका परिवार समेतलाई अनावश्यक दुःख दिने, गाउँमा धम्की दिने, जबरजस्ती चन्दा असुल्ने जस्ता कार्यहरू गर्न थाल्यो । राज्य तथा नेकपा माओवादीका यस्ता क्रियाकलापले सर्वसाधारण जनता आतंकित बन्दै गए । निर्दोष जनता दोहोरो पेलाइमा परे । यसक्रममा कैयौं मारिए, कैंयौ विस्थापित र विदेशिन बाध्य भए । सरकार तथा नेताहरूबाट यो समस्या समाधानमा ध्यान दिइएन । माओवादी जनयुद्ध तथा नेताहरूको जनताप्रतिको अनुत्तरदायी प्रवृत्तिले देशको राजनैतिक अवस्था अस्तव्यस्त बन्न पुग्यो ।

## २.३.६. नारायणहिटी हत्याकाण्ड र राजनीतिक अस्थिरता

वि.सं. २०५८ जेठ १९ गते नारायणहिटी राजदरबारमा विभत्स हत्याकाण्ड भयो । यस हत्याकाण्डले नेपालको इतिहासमा एउटा राजपरिवारको वंशविनाश गरायो । यो हत्याकाण्ड विश्वकै इतिहासमा विरलै पाइने अति विभत्स हत्याकाण्ड हो ।[४३] राजा वीरेन्द्रको वंशज नै विनाश गराएको यो हत्याकाण्डपछि जेठ २० गते वीरेन्द्र छाउनी अस्पतालको आइसीयूमा राखिएका अचेत युवराज दीपेन्द्रलाई महाराजाधिराज घोषणा गरिए पनि जेठ २२ गते उनको मृत्यु भएको समाचार फुकियो[४४] तथापि उनी आफूले आफू राजा घोषित भएको चेतना पाएनन् । जेठ २२ गते विरेन्द्रका माहिला भाइ ज्ञानेन्द्रलाई नेपालका राजा घोषणा गरियो । यो हत्याकाण्डको सम्पूर्ण दोष युवराज दीपेन्द्रलाई लगाइयो । घटनाको छानबिन गर्न बनेको उच्चस्तरीय आयोगले घटनाको सम्पूर्ण दोष दीपेन्द्रलाई दियो तथापि कैयौं नेपाली जनताले यो हत्याकाण्ड युवराज दीपेन्द्रले गरेको हुन नसक्ने र यसमा गम्भीर षड्यन्त्र भएको हुनसक्ने आशंका व्यक्त गरे । जनता घटनाको यथार्थ सार्वजनिक गर्न माग गर्दै सडकमा उत्रे । जुलुसले ज्ञानेन्द्र र पारसका विरुद्धमा आपत्तिजनक अभिव्यक्तिसमेत

४३ देवकोटा, *पूर्ववत्,* पादटिप्पणी नं. २५, पृ. १२० ।

४४ *कान्तिपुर दैनिक,* २०५८ जेठ २२ ।

प्रकट गरे ।[४५] यस सम्बन्धमा डा. बाबुराम भट्टराईले भनेका छन् "२०५८ जेठ १९ गते नेपाली इतिहासमा घटेको अर्को कोतपर्वबारे सरकारी सूत्र र तिनका विदेशी मालिकहरूबाट जुन कुरा प्रचारमा ल्याइएको छ, त्यसलाई पत्याउन नेपाली जनता तयार छैनन् ।"[४६]

यता सरकारले भने नारायणहिटी राजदरवार हत्याकाण्डका दोषी दीपेन्द्र होइनन् भनी आवाज उठाउने वा दीपेन्द्र नै हुन् भन्ने कुराको विरोध गर्ने जो कोहीलाई पनि कडा दमन गर्ने नीति लियो । यस्ता समाचारहरू छापेकै भरमा कान्तिपुर दैनिकका सम्पादक तथा व्यवस्थापकमाथि राजद्रोहको अभियोगमा प्रक्राउ गरी प्रेसमाथि सरकारले अप्रजाताान्त्रिक हमला गर्न समेत पछि परेन । राजदरवार हत्याकाण्डका खलनायक दीपेन्द्र नै हुन् भनी सार्वजनिक गर्ने उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन आफैमा विवादास्पद बन्न पुग्यो । युवराज दीपेन्द्रका शाही पार्श्ववर्ती गजेन्द्र बोहरासँग सोधिएको प्रश्नको जवाफमा उनले दीपेन्द्रको शरीर ढलिसकेपछि पनि बाहिर गोली चल्दै थियो [४७] भनेका थिए । यस्तै कृण्ण अविरलको रक्तकुण्डमा लेखिएको छ- "त्यहाँ गोली हान्ने दीपेन्द्र नै थिए, तर आश्चर्य त्यहाँ दुईवटा दीपेन्द्र थिए, एउटा त्रिभुवन सदनको विलियार्ड बैठकका भित्रबाहिर गर्ने र अर्को बगैंचामा निराजनलाई गोली हान्ने ।"[४८]

यसप्रकार हजारौं सुरक्षाकर्मीले घेरिराखेको राजदरबारमा एउटा राजाको पूरै वंश नै विनाश हुने गरी गम्भीर हत्याकाण्ड भयो । नेपालको राजपरिवार आन्तरिक द्वन्द्व र व्यक्तिगत तानातानमा लिप्त बनेको[४९] यो एक ज्वलन्त उदाहरण थियो । यो हत्याकाण्डपछि नेपालको महाराजाधिराज ज्ञानेन्द्र बने ।

राजदरवारभित्रको यो हत्याकाण्डको सम्पूर्ण दोष मरिसकेका दीपेन्द्रमाथि लगाएर सरकार कान थुनेर बस्यो । यता माओवादी जनयुद्धले अशान्तिको मार खेपिरहेका जनताहरू सरकारप्रति रुष्ट हुनथाले । यस्तो अवस्थामा नेपाली काँग्रेसका नेता कृष्णप्रसाद भट्टराई, नेकपा (एमाले) तथा राप्रपा समेतले देशमा नैतिक धरातल खस्कँदै गएको तथा राजनीतिक

---

४५ *ऐजन* ।

४६ बाबुराम भट्टराई, "नयाँ कोतपर्वलाई मान्यता दिनु हुदैन", *कान्तिपुर दैनिक,* जेठ २४, २०५८ ।

४७ नारायणहिटी दरवारको २०५८ जेठ १९ को घटना सम्वन्धमा तथ्य जाहेर गर्न गठित उच्चस्तरीय समितिले जाहेर गरेको प्रतिवेदन, २०५८, पृ ५५ ।

४८ कृष्ण अविरल, *रक्तकुण्ड,* काठमाडौं : त्रियुगा अफसेट प्रेस, २०६३, पृ. १२३ ।

४९ नरहरि आचार्य, *नेपालको राजसंस्था,* काठमाडौं : संवत्सर प्रकाशन, २०६२, पृ. १८ ।

संकट समेत चर्कदै गएको पृष्ठभूमिमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नैतिकताका आधारमा राजीनामा दिई वर्तमान गतिरोधलाई निकासा दिनुपर्ने धारणा व्यक्त गरे ।[५०] वि.सं. २०५८ श्रावण ४ गते गिरिजाप्रसाद कोइरालाको राजीनामापश्चात श्रावण ७ गते नेपाली कांग्रेसका नेता शेरबहादुर देउवा प्रधानमन्त्री पदमा नियुक्त भए ।[५१] देउवा प्रधानमन्त्री भएपछि २०५८ भाद्र १४ बाट सरकार-माओवादी पहिलो वार्ता शुरु भयो । पहिलो र दोस्रो चरणको वार्ता भइसकेपछि भने तेसो तरणको वार्ता मिति लम्बिदै गयो । कार्तिक २५ गते नेकपा माओवादी अध्यक्ष प्रचण्डले एक प्रेस विज्ञप्ति जारी गरी सरकार-माओवादी वार्तामा लचकता अपनाउन भनी आफूहरूले वार्तामा पेश गरेका मुख्य तीन मागमध्ये गणतन्त्रको संस्थागत विकास भन्ने मागलाई वार्ताको टेबुलबाट स्थगित गरिएको घोषणा गरे ।[५२] यसको सट्टा संविधानको निर्माणलाई उनले अघि सारेका थिए ।[५३] तर सरकारले वर्तमान संविधानबाटै जनताका पक्षमा काम गर्न सकिने[५४] दावी गऱ्यो । तेस्रो चरणको वार्ता कार्तिक २८ गते ललितपुरको गोदावरीमा भयो तर सरकार तथा माओवादी दुवैका आ-आफ्नै अडानका कारण वार्ता निष्कर्षमा पुग्न सकेन ।[५५] माओवादीका मागप्रति सरकार लचिलो बन्न सकेन। अन्तत वार्ता भाँडिन पुग्यो। २०५८ मङ्सिर ६ गते माओवादी अध्यक्ष प्रचण्डले भदौ १४ गते शुरु भएको सरकार माओवादी वार्ता भङ्ग भएको घोषणा गरे ।[५६] यसरी सरकार माओवादी पहिलो वार्ता भाँडिन पुग्यो । शान्तिपूर्ण निकासका लागि जनताको आशा निराशामा परिणत भयो ।

सरकार-माओवादी वार्ता भाँडिएपछि मङ्सिर ८ गते माओवादीले दाङको शाही सेनाको भगवतीप्रसाद गुल्ममा आक्रमण गर्दा मेजरसहित १४ सैनिकको हत्या भयो भने सोही राती स्याङजाको जिल्ला प्रहरी कार्यालयमा आक्रमण गर्दा १४ प्रहरीको ज्यान गयो ।[५७]

---

५० *अन्तर्राष्ट्रिय मञ्च,* २०५८ असार ।

५१ *गोरखापत्र दैनिक,* २०५८ श्रावण ८ ।

५२ *द काठमाडौं पोष्ट,* नेभेम्बर ११, २००१ ।

५३ *राजधानी दैनिक,* २०५८ कार्तिक २६ ।

५४ *गोरखापत्र दैनिक,* २०५८, मंसिर ६ ।

५५ *कान्तिपुर दैनिक,* २०५८ मंसिर २९ ।

५६ *स्पेसटाइम दैनिक,* २००१ नेभेम्बर २१ ।

५७ *कान्तिपुर दैनिक,* २०५८ मंसिर ९ ।

अन्य सानातिना घटनाहरू झापादेखि कन्चनपुरसम्म भए । मङ्सिर १० गते सोलुखुम्वुको सदरमुकाममा आक्रमण गर्दा त्यहाँका प्रमुख जिल्ला अधिकारी, मालपोत अधिकृत, २७ जना प्रहरी र ४ जना शाही नेपाली सेनाका जवानको हत्या भयो ।[५८] माओवादी आक्रमण बढ्दै गएको परिवेशमा राजा ज्ञानेन्द्रले २०५८ मंसिर ११ गते आतंककारी विध्वंशात्मक कार्य ( नियन्त्रण तथा सजायँ) अध्यादेश जारी गरी सोही दिन माओवादीलाई आंतककारी घोषणा गरे साथै त्यसै दिन नेपाल अधिराज्यभर संकटकालीन अवस्थाको घोषणा गरियो ।[५९]

यसरी देशमा संकटकालको शुरुवात भयो । माओवादी विद्रोह चर्किदै जान थाल्यो । मर्ने मार्ने क्रम बढ्दै गयो । यता सरकार भने माओवादी विद्रोह दमन गर्न नयाँ रणनीति अपनाउन थाल्यो । २०५९ वैशाख १० गते सरकारले भूमिगत माओवादीका नेताहरूलाई जीवित वा मृत अवस्थामा बुझाउने व्यक्तिलाई कदरस्वरूप रु. ५० लाखसम्म पुरस्कार दिने घोषणा गर्‍यो ।[६०] केही साना पार्टीहरू, नेकपा एमाले तथा राष्ट्रिय मानवअधिकार आयोगले यसको घोर विरोध गर्दै माओवादी नेतामाथि सरकारले लगाएको टाउकाको मूल्य तुरुन्तै फिर्ता लिई समस्याको समाधान राजनीतिक तथा वार्ताको टेबुलबाट खोज्न सरकारलाई सुझाव दिए । तर यसको सुनुवाइ भएन । २०५९ बैशाख १९-२० मा रोल्पाको लिस्नेमा सरकारी कारवाहीमा ७०० तथा वैशाख २७ गते रोल्पाकै गाम गा.वि.स.मा माओवादी आक्रमणमा ७० जना सुरक्षाकर्मीको मृत्यु[६१] भएको खवर आइरहँदा प्रधानमन्त्री शेरबहादुर देउवा अमेरिका तथा बेलायतमा शानदार भ्रमण गर्दै थिए ।

देशमा संकटकालीन अवस्थाको अवधि बढाउन सरकारले ल्याएको प्रस्तावप्रति सत्तारुढ दल नेपाली कांग्रेसले असहमति व्यक्त गरी सो प्रस्ताव संसद् सचिवालयबाट फिर्ता लिन निर्देशन गरेकोमा सोप्रति प्रधानमन्त्री शेरवहादुर देउवा असहमत भएपछि प्रधानमन्त्रीको सिफारिसमा राजाबाट २०५९ जेठ ८ गते प्रतिनिधिसभा विघटन गरी २०५९ कार्तिक २७ गते आमचुनाव गर्ने घोषणा भयो । यसप्रकार मुलुकमा कुनै पनि प्रतिनिधिसभाले आफ्नो कार्यकाल पूरा गर्न नपाउने स्थति स्वयं नेताहरूवाटै सृजना गरियो । सशस्त्र द्वन्द्वको मारले पिल्सिएका जनताको आवाज सुन्ने सरकारले पहल गरेन । संसद्

---

५८ *अन्नपूर्ण पोष्ट दैनिक,* मंसिर ११, २०५८ ।

५९ *कान्तिपुर दैनिक,* २०५८ मंसिर १२ ।

६० *कान्तिपुर दैनिक,* २०५९ वैशाख ११ ।

६१ *गोरखापत्र दैनिक,* २०५९ वैशाख २८ ।

विघटनको कुरालाई लिएर नेपाली कांग्रेस दुई चीरा पऱ्यो । नेकपा माओवादीले आगामी चुनाव हुन नदिने रणनीति स्वरूप ठाउँठाँउमा भीषण आक्रमण गऱ्यो । शान्तिसुरक्षाको गम्भीर प्रश्न उठेको अवस्थामा चुनाव हुन नसक्ने भनी सरकारले बोलाएको सर्वदलीय बैठकले ठहर गरेपछि सरकारले २०५९ कार्तिक २७ गते हुने भनिएको चुनाव पछि सार्नका लागि राजासमक्ष सिफारिस गऱ्यो ।[६२] यसले गर्दा राजनैतिक पार्टीहरूमा आरोप-प्रत्यारोपको खेल झनै चर्कियो ।

सरकार आफैले तोकेको चुनाव गराउन नसक्ने भएपछि राजा ज्ञानेन्द्रले २०५९ असोज १८ गते निर्धारित समयमा निर्वाचन सम्पन्न गराउन असक्षम प्रधामन्त्री शेरबहादुर देउवालाई मुक्त गरी कार्यकारिणी अधिकार आफैमा निहित भएको र कार्तिक २७ गते गर्ने भनिएको निर्वाचन स्थगित गरिएको घोषणा गरे ।[६३] प्रमुख राजनैतिक दलहरूले यो घोषणाको चारैतिरबाट विरोध गरे । नेपाली कांग्रेसले घोषणा सच्याउन राजालाई आग्रह गऱ्यो ।

यसरी २०४६ सालको जनआन्दोलबाट प्राप्त जनताका हकअधिकार अन्ततः राजनैतिक पार्टीहरूकै खिचातानी र स्वार्थी प्रवृत्तिले गर्दा गुम्न पुग्यो । प्रजातान्त्रिक व्यवस्थालाई निमोठ्न खोज्ने राजालाई दलहरूका यी गतिविधिले थप सहयोग पुग्यो र देशमा प्रतिगमनको सूत्रपात भयो । असोज १८ को घोषणाबारे नेपाली कांग्रेस, नेकपा एमाले, जनमोर्चा नेपाल र नेपाल मजदुर किसान पार्टीले २०४६ सालको उपलब्धि रक्षार्थ शाही घोषणाविरुद्ध संयुक्त संघर्ष गर्ने निर्णय गरे । यसमा पछि नेपाल सद्भावना पार्टी ( आनन्दीदेवी) पनि सामेल भएपछि पाँच पार्टीको सडक आन्दोलन शुरु भयो ।[६४] यता नेपाली कांग्रेस प्रजातान्त्रिकले पनि एक्लै सडक आन्दोलन शुरु गऱ्यो ।

यसप्रकार नेपालमा राजतन्त्रको विरुद्धमा राजनैतिक दलहरूबाट सडक आन्दोलन शुरुवात भयो । २०४६ सालको जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई राजनैतिक दलहरूले आफ्नो पेवा सम्झी लापरवाही गरिरहँदा १३-१४ वर्षभित्रैमा प्रजातन्त्रमाथि फेरि कूठाराघात हुन पुग्यो । संविधान बमोजिमको संवैधानिक राजतन्त्र क्रमशः शक्तिशाली बन्दै गयो । प्रजातान्त्रिक व्यवस्थामा राजाले हस्तक्षेप गरी प्रतिगमनको शुरुवात गर्न पुगे । यसका

[६२] देवकोटा, *पूर्ववत्,* पादटिप्पणी नं. २५, पृ. ११५ ।

[६३] *नेपाल समाचारपत्र दैनिक,* २०५९ असोज १९ ।

[६४] शास्त्रदत्त पन्त, *प्रतिगमन,* काठमाडौं : त्रियुगा अफसेट प्रेस, २०६२, पृ. १७-२१ ।

विरुद्धमा उत्रेका राजनैतिक दलहरूप्रति तुरुन्तै जनताले विश्वास गर्न सकेनन् र उनीहरूलाई जनताबाट साथ पनि मिल्न सकेन। तथापि राजाबाट केही आशा बोकेका जनताले जब निराशामात्रै पाए, अनि जब राजा क्रमशः शक्तिशाली बन्दै फेरि माघ १९ को कदम उठाए, त्यसपछि सम्पूर्ण जनता राजतन्त्रविरुद्ध र शान्तिसुरक्षाको प्राप्तिको लागि सडकमा ओर्ले। अन्ततः २०६२/०६३ को जनआन्दोलन अर्थात जनआन्दोलन भाग-२ अनिवार्य र आवश्यक भयो।

# अध्याय – तीन

# २०६२/०६३ को जनआन्दोलनको परिवेश र घटनाक्रम

## ३.१. पृष्ठभूमि

२०४६ सालको जनआन्दोलनको परिणामस्वरूप पुनस्थापित प्रजातन्त्र जनभावना र जनचाहनाअनुरूप चल्न नसक्नु, माओवादी जनयुद्धले देश आक्रान्त बन्नु तथा राजाको निरङ्कुशता जस्ता कारणहरूले अर्को जनआन्दोलनको अपरिहार्यता बढ्दै गयो। यस्तो परिवेशमा निम्न घटनाहरूले २०६२/०६३ को जनआन्दोलन (जनआन्दोलन भाग २) को पृष्ठभूमि तयार बन्दै गयो।

### ३.१.१ २०५९ असोज १८ को शाही घोषणा र राजनीतिक गतिविधि

वि.सं. २०५८ जेठ १९ गतेको राजदरवारको विभत्स हत्याकाण्डपश्चात नेपालको राजगद्दीमा बसेका राजा ज्ञानेन्द्रको शासनसत्ताप्रतिको मोह बढ्दै गयो र अन्ततः नेपाल अधिराज्यको संविधान २०४७ लाई नै धरासायी बनाउँदै २०५९ असोज १८ गते प्रजातान्त्रिक प्रणालीअनुरूप जनमत प्राप्त प्रधानमन्त्री शेरबहादुर देउवालाई असक्षम प्र.म. भन्दै तोकिएको मितिमा चुनाव गराउन नसकेको आरोपमा वर्खास्त गरे।[१] यसप्रकार राजाले आफै राजनीति शुरु गर्नथाले। तथापि यस घोषणापछि पनि ने.का. र नेकपा एमालेले संवाद र सहमतिको प्रयास गर्दै असोज २१ र २२ गते राजासँग संयुक्त दर्शनभेट गरी संविधानको धारा १२८ अनुरूप सरकार बनाउन माग गरेका थिए, तर राजाले यसको बेवास्ता गर्दै कार्यकारी अधिकार आफूमा लिएको ७ दिनपछि लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा सरकार गठन गरे।[२] यस प्रकार राजाबाट प्रमुख दलहरूको सल्लाह नमानी मनोमानी गर्ने काम भयो। असोज १८ को घोषणाले राज्यरोहणको बेलादेखि संवैधानिक राजतन्त्र बहुदलीय

---

१ *अन्नपूर्ण पोष्ट दैनिक,* २०५९ असोज १९।

२ केशवराज देवकोटा, *संविधानसभा,* काठमाडौं: देवीप्रसाद न्यौपाने, प्रकाशन वर्ष उल्लेख नभएको, पृ. ६१।

# अध्याय - ४

# २०६२/०६३ को जनआन्दोलनमा काठमाडौंको भूमिका

## ४.१. पृष्ठभूमि

१० वर्षे माओवादी जनयुद्ध, राजनीतिक दलहरूको खिचातानी र स्वार्थी प्रवृत्ति तथा पछिल्लो समयमा राजा ज्ञानेन्द्रको निरङ्कुशतन्त्रले आक्रान्त बनेका नेपाली जनताले देशमा द्वन्द्व व्यवस्थापन र दिगो शान्तिका लागि फेरि अर्को आन्दोलन गरे। यस क्रममा २५ जना नेपाल आमाका सपुतहरूले देश र जनताका लागि ज्यानको आहुती दिए भने हजारौ अङ्गभङ्ग भई अपाङ्ग जीवन बाँच्न बाध्य भए। यो आन्दोलनमा मेचीदेखि महाकाली, हिमालदेखि तराईका सम्पूर्ण नेपाली जनताको पसीना र रगत पोखियो। सबै तह र तप्काबाट निरङ्कुशता विरुद्धको आन्दोलन लडियो। यस आन्दोलनमा सबै नेपाली जनताको महत्वपूर्ण योगदान रह्यो। आ-आफ्नो ठाउँ र स्तरबाट पेशाकर्मी, विद्यार्थी, महिला तथा सर्वसाधारण जनताले सक्दो सहयोग गरे। अन्ततः आन्दोलनले सफलता हासिल गऱ्यो। यसै सन्दर्भमा काठमाडौंको आन्दोलनमा महत्वपूर्ण र निर्णायक भूमिका रह्यो। काठमाडौं राजधानी शहर भएकोले, उच्च शैक्षिक केन्द्रहरू यहाँ नै केन्द्रित भएकाले तथा राजनैतिक नेतृत्वहरू यहाँ नै रहेकाले यसको महत्वपूर्ण योगदान रहेको छ। वास्तवमा जनआन्दोलन २०६२/०६३ मा काठमाडौंमा राजनीतिक दलहरूलगायत अन्य वर्ग, समूह र सर्वसाधारणले गरेको योगदानले आन्दोलनलाई सार्थकता प्रदान गर्न मद्दत गऱ्यो।

## ४.२. २०६२/०६३ को जनआन्दोलनमा काठमाडौंमा राजनीतिक दलहरूको भूमिका

नेपालको इतिहासका पाना पल्टाएर हेर्दा शासनव्यवस्था सञ्चालन गर्ने सन्दर्भमा शासकहरूले पटक-पटक जनतामाथि थिचोमिचो गरी स्वेच्छाचारी र निरङ्कुशतन्त्र लादेका उदाहरणहरू पाइन्छन्। आफ्नो व्यक्तिगत हित र स्वार्थका लागि जनताका हितका सवाललाई पन्छाएर आफै सर्वेसर्वा बन्ने क्रममा पहिलो वर्ग राणाशासन पर्न आँउछ। राणाहरूले जनताका इच्छा आकांक्षालाई कुल्चेर आफू र आफ्नो परिवारको स्वार्थको लागि देशको ढुकुटी प्रयोग गरे। यसको विरोधमा जनता केही बोलेमा उसको प्राण आहुती

हुन्थ्यो । त्यस्तै जनताको इच्छा आकांक्षा विपरीतको अर्को शासन-व्यवस्था हो - पञ्चायती व्यवस्था, जसले ३० वर्षसम्म नेपाली जनतालाई अधिकार नदिई राजालाई नै देशको सर्वेसर्वा बनायो र सीमित व्यक्तिलाई, जो राजाको चाकडीमा आफ्नो जीवन बिताए, फाइदा पुग्यो । त्यसै गरी पछिल्लो समयमा आएर पनि राजाको स्वेच्छाचारीतन्त्र उस्तै रह्यो । राजा ज्ञानेन्द्रले देशको सम्पूर्ण अधिकार आफ्नो हातमा लिएर जनताको भावना विपरीत काम गरे । यी र यस्तै निरङ्कुशताविरुद्ध नेपालमा राजनीतिक दलहरूले आवाज उठाई ती निरङ्कुशतालाई परास्त गरेका छन् । तथापि पटक-पटक यस्ता निरङ्कुशताहरू भइरहेका छन् ।

नेपालको सन्दर्भमा हेर्दा राजनीतिक उद्देश्यले खुलेको नेपालको पहिलो राजनैतिक दल प्रचण्ड गोर्खालाई मान्न सकिन्छ, तर तत्कालीन निरङ्कुश सत्ताले त्यसलाई तुरुन्तै कारवाही गऱ्यो ।

राणाविरोधी अभियान चलाउने अर्को संगठित संस्था प्रजापरिषद हो, जुन १९९३ मा स्थापना भएको थियो, यसले पहिलो पल्ट राणाशासन व्यवस्थाको विरुद्ध दलीय र राजनीतिक सिद्धान्तको योजनाबद्ध रूपबाट आन्दोलनको शुरुवात गऱ्यो ।[६५] यसर्थ दलीय मान्यता र सिद्धान्तका आधारमा खुलेको पहिलो राजनीतिक दल भने प्रजापरिषदलाई मानिन्छ । जे होस् नेपालमा राणाशासनविरुद्ध संघर्ष गर्नका लागि वि.सं. २००० भन्दा पहिले नै राजनीतिक दलको स्थापना भइसकेको थियो ।

वि.सं.२००६ भाद्र ३० मा नेपाल कम्युनिस्ट पार्टी र २००६ चैत्र २७ गते नेपाली कांग्रेसको स्थापना भयो ।[६६] त्यसपछि राणाशासनविरुद्धको संघर्ष सशक्त रूपमा उठ्न थाल्यो । राणाशासनविरुद्ध २००७ सालको क्रान्तिको नेतृत्व नेपाली कांग्रेसले गरेको थियो । अनौपचारिक रूपमा नेपाल कम्युनिस्ट पार्टी पनि क्रान्तिमा सक्रिय रह्यो ।[६७] यसरी १०४ वर्षे राणाशासनलाई व्यक्तिगत रूपमा पहिले पनि धेरै जनाले विरोध गरेका थिए तर एक्लो आवाजलाई कुन निरङ्कुश शासकले सुन्दथ्यो र ? जब जनता दलीय रूपमा संगठित भए,

---

६५ राजेश गौतम, *नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रजा परिषदको भूमिका* (भाग (२), काठमाडौं: केशव स्थापित, २०६२, पृ. १ ।

६६ हेमराज अधिकारी, *आजको नेपाल ( प्रजातान्त्रिक आन्दोलनको अन्वेषणात्मक र अनुसन्धानात्मक इतिहास),* काठमाडौं : चन्द्रकला अधिकारी, २०५८, पृ. ७७-८८ ।

६७ सुरेन्द्र के.सी., *नेपालमा कम्यूनिष्ट आन्दोलनको इतिहास* (पहिलो भाग), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५६, पृ. ९१ ।

तब राणाशासनको जरा उखेलियो र २००७ साल फागुन ७ गते प्रजातन्त्र बहाली भयो ।

प्रजातन्त्रको १० वर्षे मुनालाई भाँच्दै राजा महेन्द्रले २०१७ सालमा पञ्चायती व्यवस्था लागू गरे, दलमाथि प्रतिबन्धसमेत लगाए, किनकि दलहरूले पञ्चायतविरुद्ध लडी आफ्नो शक्ति भाँच्न सक्थे तर राजनीतिक दलहरू पनि आ-आफ्नै डम्फु बजाई हिँड्न थालेकोले संगठित र सशक्त रूपमा पञ्चायतको विरोध गर्न नसकेपछि ३० वर्षसम्म राजनीतिक दलहरूलाई पाखा लगाउँदै पञ्चायती व्यवस्था टिकिरह्यो । जब नेपाली कांग्रेस तथा विभिन्न सातवटा कम्युनिस्ट घटकहरू सम्मिलित संयुक्त वाममोर्चा गठन भयो र नेपाली कांग्रेस तथा संयुक्त वाममोर्चाले पञ्चायती व्यवस्थाविरुद्ध संगठित रूपमा आन्दोलन चर्काए, तब ३० वर्षे पञ्चायती व्यवस्था ढल्न पुग्यो र प्रजातन्त्रको पुनर्वहाली भयो । यसरी नेपालमा निरङ्कुशता ढल्न पुगेको पाइन्छ ।

नेपालमा राणाशासनविरुद्धको संघर्षमा होस् वा पञ्चायती व्यवस्थाविरुद्धको संघर्षमा होस् अथवा प्रतिगमनविरुद्धको संघर्षमा किन नहोस् राजनीतिक दलहरूले संघर्ष गर्दै आइरहेका छन् । तथापि राजनैतिक दलहरू आफैमा स्वच्छ र निस्वार्थ बन्न भने सकेका छैनन् । कुनै एक निरङ्कुशतन्त्रको पतन गराउन त राजनीतिक दलहरू सफल भएका छन् तर त्यसपछिको शासन व्यवस्थालाई स्वच्छ, प्रभावकारी र जनभावना अनुरूपका बनाउन राजनीतिक दलहरू पनि सक्षम हुनसकेका छैनन् । राजनीतिक दलहरूले जब सत्ता आफ्नो हातमा पर्छ तब जनभावना अनुरूपका कार्यहरू नगरी सत्ताको बाँडफाँड, कुर्ची तानातान र निहित स्वार्थ जस्ता कार्यहरूले गर्दा नेपालका राजनैतिक दलहरूले जनताको विश्वास जित्न सकिरहेको अवस्था रहेन । पञ्चायती व्यवस्थाको पतनपछि पनि यस्तै किसीमको स्थिति रह्यो । यही बीचमा नेकपा माओवादीले जनयुद्धको थालनी ग-यो भने २०६१ माघ १९ मा राजाले राज्यका सम्पुर्ण अधिकारहरु आफ्नो हातमा केन्द्रित गरी निरङ्कुश शासन चलाउने अभ्यास गर्न थाले ।

राजाले दलहरूलाई पटक-पटक धोका दिएपछि देशका प्रमुख सात राजनैतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कांग्रेस प्रजातान्त्रिक, जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), ले राजाको कदमविरुद्ध संयुक्त सडक आन्दोलनको थालनी गरे ।[६८] २०६२ मंसिर ७ गते सात दल र नेकपा माओवादीबीचमा १२ बुँदे सम्झौता भएपछि सात पार्टीको आन्दोलनमा माओवादीको पनि समर्थन रहने भयो । त्यसपछि सात

---

६८ *छलफल साप्ताहिक,* २०६१ फागुन १६ ।

राजनैतिक दलहरू र नेकपा माओवादीको सम्झौताअनुरूप राजतन्त्र विरुद्धको आन्दोलन २०६२ चैत्र २४ देखि शुरु गरियो ।

२०४६ सालको जनआन्दोलनपछि एकआपसमा फुटको राजनीति गरिरहेका दलहरूले जनआन्दोलन ०६२/६३ सम्म आइपुग्दा ठूलो र महत्वपूर्ण भूमिका निभाए । अब दलहरूले मिलेर मात्रै लोकतन्त्र प्राप्त गर्न सकिन्छ भन्ने राम्ररी बुझिसकेका थिए । त्यतिमात्रै होइन १० वर्षदेखिको जनयुद्ध गरिरहेको माओवादीसित पनि सम्झौता गरेर अगाडि बढेमा मात्र लक्ष्य प्राप्त हुनसक्छ भन्ने मूल जड पनि दलहरूले बुझेर अबको आन्दोलन दलहरूको संयुक्त हुनुपर्छ भन्ने मान्यता राखे । त्यसैअनुरूप यो आन्दोलन सात राजनीतिक दल र नेकपा माओवादीबीचको सहमतिमा सञ्चालित भयो ।[६९]

नेकपा माओवादीसँग २०६२ मंसिर ७ मा भएको १२ बुँदे सम्झौता तथा चैत्र ६ मा भएको दोस्रो सम्झौताअनुरूप चैत्र २४ देखि आमहड्ताल जारी गर्ने निर्णय भएपछि आन्दोलनको माग के हुने त भन्ने कुरामा साझा सहमति हुनु आवश्यक थियो । तसर्थ चैत्र १६ गते सात राजनीतिक दलहरू सम्मिलित संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समितिले एक अपिल जारी गर्दै दलहरूका निम्नानुसारका मागहरू स्पष्ट गर्‍यो :[७०]

क. आन्दोलनको शक्तिले प्रतिनिधिसभा पुनस्थापना गर्ने ।

ख. सो प्रतिनिधिसभाको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार गठन गर्ने ।

ग. सो अधिकारसम्पन्न सर्वदलीय सरकारले माओवादीसँग वार्ता र सहमति बनाएर संविधानसभाको निर्वाचन गर्ने ।

घ. संविधानसभामार्फत निर्माण हुने संविधानले पूर्ण लोकतन्त्रको स्थापना गर्ने ।

यसरी यी मागहरूसहित सात राजनैतिक दलहरू र नेकपा माओवादीसमेतको सहमतिमा ०६२/६३ को जनआन्दोलन प्रारम्भ भयो । आन्दोलनमा पेशा, व्यवसायी तथा रजनीतिक दलहरू सबै डटेर लागे ।[७१]

जनआन्दोलनको तयारी र आन्दोलनका १९ दिनहरूमा काठमाडौंमा राजनीतिक दलहरूको योगदान विशेष रह्यो । राजनैतिक नेतृत्वहरू तथा केन्द्रीय कार्यालयहरू

---

६९ *हिमाल खबरपत्रिका,* २०६३ वैशाख १-१५ ।

७० संयुक्त जनआन्दोलन केन्द्रीय समितिको अपिल, २०६२ चैत्र १६ ।

७१ *हिमाल खबरपत्रिका,* २०६३ वैशाख १-१५ ।

काठमाडौंमा भएका कारण यहीँबाट आन्दोलनको निर्णय र तयारी भएको थियो। शीर्ष नेताहरूले काठमाडौंबाटै आन्दोलनलाई सञ्चालन गरेका थिए । सात दलको संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समितिको निर्णयअनुसार आन्दोलन सञ्चालन गर्ने निर्णय भयो ।

राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते लिएको शाही कदमविरुद्ध सात राजनैतिक दलहरू २०६२ वैशाखमा नै संयुक्त जनआन्दोलन गर्ने कुरामा सहमत भइसकेका थिए। २०६१ माघ १९ को शाही घोषणा राजाद्वारा निरङ्कुश रूपमा प्रत्यक्ष शासन चलाउन गरिएको घोर अप्रजातान्त्रिक असंवैधानिक र प्रतिगामी कदम भएकोले यसका विरुद्ध सात राजनैतिक दलहरू शान्तिपूर्ण, संयुक्त र सशक्त जनआन्दोलनको आवश्यकतामा सहमत भए ।[७२]

२०६२ मंसिर ७ गते सात दल र माओवादीबीच पहिलो १२ बुँदे समझदारी र २०६२ चैत्र ६ गते दोस्रो समझदारी भएपछि सात संसदवादी पार्टीहरूको आह्वान र नेकपा माओवादीको सहयोग र समर्थनमा यो आन्दोलन हुन लागेकोले यसमा ९० प्रतिशतभन्दा बढी जनसमुदायको प्रतिनिधित्व रहने विस्वास गरिएको थियो ।[७३]

चैत्र २३, २०६२ मा सात राजनैतिक दलहरूको आह्वानमा २०६२ चैत्र २४ देखि आमहड्तालको विगुल फुकियो। यसै क्रममा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले चैत्र २३ गते एक अपिल जारी गर्दै “आम जनता अनेकौं दमन कष्ट र यातनाबाट अलिकति पनि विचलित नभई यस आन्दोलनप्रति समाहित भएको अवस्थामा यसलाई सफल पारी देशलाई अशान्ति सङ्कट र विनाशबाट जोगाउन सम्पूर्ण पेशा तथा वर्गका तमाम दाजुभाइ, दिदीबहिनीमा आग्रह गर्दछु” भन्दै लोकतन्त्र र शान्ति बहालीको जनआन्दोलनमा उत्रन सम्पूर्ण पेशाकर्मी र आमजनतालाई आग्रह गरे ।[७४]

सात राजनैतिक दलहरूले चैत्र २४ देखि २७ सम्म आमहड्तालको आह्वान गर्नुभन्दा पहिले माघबाटै दलहरूले राजधानीकेन्द्रित आन्दोलन गरेका कारण सरकारले काठमाडौंका पुतलीसडक, टुँडिखेल वरिपरि, नयाँसडक, कान्तिपथ, राजदरबार वरिपरि र

---

७२ सात राजनैतिक दलद्वारा राष्ट्रिय सङ्कट समाधानका लागि साझा सहमति र प्रतिबद्धताको घोषणा २०६२ वैशाख २५ ।

७३ बाबुराम भट्टराई, “आन्दोलनकारीले ध्यान दिनुपर्ने कुरा”, *जनआस्था साप्ताहिक,* २०६२ चैत्र २३ ।

७४ विष्णु निष्ठुरी, उन्नाईस दिन, काठमाडौं : मोडर्न बुक्स, २०६१, पृ. १ ।

महाराजगञ्जस्थित निर्मल निवास वरपर निषेधाज्ञा जारी गरिसकेको थियो ।[७५] चैत्र २३ गते काठमाडौं जिल्ला प्रशासनले काठमाडौं महानगरपालिकाको सम्पूर्ण क्षेत्रमा अर्को आदेश नभएसम्मका लागि बेलुका ११ बजेदेखि बिहान ३ बजेसम्म आवागमन, भेला र जुलुस निकाल्न नपाउने गरी कर्फ्यू आदेश जारी गऱ्यो ।[७६] आन्दोलन दबाउन कुनै कसर बाँकी नराखिने कुरा गृह सहायक मन्त्री सोनेलाल यादवले बताए ।[७७]

आन्दोलनको पूर्वसन्ध्यामा चैत्र २३ गते नै काठमाडौंमा सुरक्षाकर्मीहरूले राजनीतिक नेताहरूको घरमा खानतलासी गरी उनीहरूलाई धरपकड गरे । पक्राउ पर्ने नेता तथा कार्यकर्ताहरूमा कांग्रेससम्बद्ध कृष्णप्रसाद सिटौला, दिलेन्द्रप्रसाद बडु, जगदीशनरसिंह के.सी., बालकृष्ण दाहाल, महेन्द्र शर्मा, विश्वप्रकाश शर्मा, केशव सिंह, वासु कोइराला, गगन थापा, अष्टकुमार शाही, सुनिलकुमार भण्डारी, उपेन्द्र भट्टराई मञ्जु भट्टराई आदि थिए[७८] भने नेकपा एमाले र यसका भातृ संगठनसँग सम्बन्धितः सुवास नेम्वाङ, भीम रावल, केशव बडाल, रघुजी पन्त, ईश्वर पोखरेल, मुकुन्द न्यौपाने, राजेन्द्र पाण्डे, शंकर पोखरेल, गोपाल शाक्य, धर्मदत्त देवकोटा, अरूण नेपाल, शिव गुरुङ, लालबहादुर तामाङ, बाबुराम धौला, देवकी श्रेष्ठ, लक्ष्मी प्रसाई, गोकर्ण विष्ट, योगेश भट्टराई, भानुभक्त ढकाल, रूपनारायण श्रेष्ठ, ठाकुर गैरे, रामकुमारी झाँक्री, आदिलाई पक्राउ गऱ्यो ।[७९] नेपाली कांग्रेस प्रजातान्त्रिक र यसका भातृ संगठनसँग सम्बन्धित विमलेन्द्र निधि, मिनेन्द्र रिजाल, इन्द्रबहादुर गुरुङ, जिपछिरिङ लामा, मनमोहन भट्टराई, चक्र ठकुरी, मञ्जु खाँण, किशोर सिंह, उमाकान्त चौधरी, जनमोर्चा नेपालका लीलामणि पोखेल, परी थापा, लक्ष्मी लामा, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का मुरलिप्रसाद सिंहलगायतका नेता तथा कार्यकर्ताहरू पक्राउ परे ।[८०] यसरी आमहड्तालको पूर्वसन्ध्यामा नै काठमाडौंमा थुप्रै नेता तथा कार्यकर्तालाई पक्राउ गरी शाही सरकार हड्ताल बिथोल्ने प्रयासमा जुट्न थाल्यो ।

२०६२ चैत्र २४ गतेदेखि देशव्यापी रूपमा शुरु भएको आमहड्तालको पहिलो दिन

---

७५ *ऐजन ।*

७६ *कान्तिपुर दैनिक,* २०६२ चैत्र २४ ।

७७ *अन्नपूर्ण पोष्ट दैनिक,* २०६२ चैत्र २१ ।

७८ *तरुण साप्ताहिक,* २०६२ चैत्र २८ ।

७९ *ऐजन ।*

८० *विमर्श साप्ताहिक,* २०६२ चैत्र २५-३१ ।

सात दलको नेतृत्वमा काठमाडौंका विभिन्न ठाउँहरूमा व्यापक प्रदर्शन भयो । शहीदगेट, वीर अस्पताल, भोटाहिटी, क्षेत्रपाटी, मैतीदेवी, कालीमाटी, कलंकी, बानेश्वर, कोटेश्वर, बालाजु, गोंगबु, चावहिल, कीर्तिपुर आदि स्थानमा ठूलो प्रदर्शन भयो ।[८१] आन्दोलनलाई नियन्त्रण गर्न सरकारले शुरुको दिनबाटै सशस्त्र सैनिक परिचालन गर्‍यो । सरकारी दमनमा सशाङ्क कोइराला, जगदीशनरसिंह के.सी., जगन्नाथ खतिवडा, रमेश विक्रमलगायतका नेता तथा कार्यकर्ता घाइते भए ।[८२]

२०६२ चैत्र २५ गते आन्दोलनरत सात दलमध्ये प्रमुख दलहरू नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, एमालेका कार्यवाहक महासचिव अमृतकुमार बोहरा, नेपाली कांग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवाले छुट्टाछुट्टै प्रेस विज्ञप्ति निकाली २६ गते राजधानीमा हुने बृहत जनप्रदर्शनमा सक्रिय सहभागी हुन सबैलाई अनुरोध गरे ।[८३] दलहरूले चैत्र २६ गते राजधानीमा चक्रपथ घेराउ कार्यक्रम राखेअनुरूप सो आह्वान गरे ।

चैत्र २५ गते काठमाडौंको नयाँ बानेश्वर, सामाखुशी, गोंगबु, कलंकी, क्षेत्रपाटी, नयाँसडक, बागबजार, मैतीदेवी, चावहिल, कीर्तिपुरलगायतका ठाउँमा प्रहरी र प्रदर्शनकारीबीच दिनभरि झडप भइराख्यो । झडपमा दर्जनौं प्रदर्शनकारी घाइते भए भने कीर्तिपुरमा जनपद प्रहरीका डि.एस.पी. शरदचन्द्रसहित १४ सुरक्षाकर्मी घाइते भए ।[८४]

चैत्र २६ गते राजनीतिक दलहरूले चक्रपथ घेराउ कार्यक्रमलाई निस्तेज पार्न सरकारले कर्फ्यू आदेश जारी गर्‍यो । उपत्यकामा सवेरैदेखि कर्फ्यू आदेश जारी गर्‍यो ।[८५] काठमाडौंमा मोवाइल सेवा अबरुद्ध पारियो । यसै सन्दर्भमा आन्दोलनका कमाण्डर तथा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले एक विज्ञप्ति जारी गरे । विज्ञप्तिमा 'जनआन्दोलनबाट तर्सिएको सरकारले कर्फ्यू आदेश जारी गरेको छ । जनताको नैसर्गिक अधिकारमाथि अनधिकृत तवरले दमन गर्ने नियतका निरङ्कुश आदेश मान्य हुन छैन । सम्पूर्ण जनसमुदायलाई आ-आफ्ना ठाउँबाट यस कर्फ्यूको अवज्ञा गरेर आफ्नो अधिकार

---

८१ *अन्नपूर्ण पोष्ट दैनिक,* २०६२ चैत्र २५ ।

८२ *छलफल साप्ताहिक,* २०६२ चैत्र २७ ।

८३ *विमर्श साप्ताहिक,* २०६२ चैत्र २५-३१ ।

८४ घनेन्द्र के.सी., *जनआन्दोलन २ र जनघोषणाहरू,* काठमाडौं : पैरवी प्रकाशन, २०६४, पृ. २ ।

८५ *राजधानी दैनिक,* २०६२ चैत्र २७ ।

प्राप्तिको जनआन्दोलनमा संलग्न हुन आह्वान गर्दछु' उल्लेख थियो ।[८६]

सरकारले कर्फ्यू आदेश जारी गरे तापनि कर्फ्यूको अवज्ञा गर्दै दलहरू प्रदर्शनमा जुटिरहे । प्रदर्शनका क्रममा बागबजारबाट खिमलाल भट्टराई, ठाकुर गैरे तथा अन्य, कलंकीबाट मोदनाथ प्रश्रित, डा. पुष्पराज कँडेल, हरि अधिकारी, चावहिलबाट नरेशबहादुर सिंह, कपनबाट शशी थापा आदि पक्राउ परे । जनमोर्चा नेपालले सुन्धारा र डिल्लीबजारबाट जुलुस निकाली कर्फ्यू तोड्यो । यसरी काठमाडौंका हरेक चोकचोकबाट कर्फ्यू तोड्दै जुलुस अगाडि बढ्यो । सातदलको जनआन्दोलन कार्यदलले सरकारले जति दिन कर्फ्यू लगायो, त्यतिदिन कर्फ्यू तोड्दै आमहड्ताल र व्यापक शान्तिपूर्ण जनप्रदर्शन जारी राख्ने निर्णय गर्‍यो ।[८७] चैत्र २७ गते सात दलको संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समितिको बैठक बसी ४ दिने आमहड्ताल ऐतिहासिक रूपमा सफल भएको निष्कर्ष निकाल्दै घोषित लक्ष्य प्राप्त नहुन्जेलसम्म जनआन्दोलन जारी राख्ने निर्णय गर्‍यो । सरकारले बिहान ७ बजेदेखि बेलुका ८ बजेसम्म काठमाडौ महानगरपालिकाको सम्पूर्ण क्षेत्र चक्रपथभित्रको सम्पूर्ण क्षेत्र तथा कीर्तिपुर नगरपालिकाको वडा नं १, २, ३, ४, ५, ६, १७ भित्रका क्षेत्रमा कर्फ्यु लगायो ।[८८] कर्फ्यू तोड्दै निस्केको जुलुसमा सुरक्षाकर्मीले लाठी चार्ज गर्दा गोंगबुमा प्रकाश ज्वाला, सुदर्शन आचार्यलगायत ५० जनाभन्दा बढी घाइते भए भने कलंकीबाट जगन्नाथ खतिवडा, अनेमसंघकी सुजिता शाक्य, घट्टेकुलोमा गुरु बराल, जीवन भट्टराई चावहिल चुच्चेपाटीमा विनोद चौधरी, शिवप्रसाद खतिवडा, जोरपाटीमा कृष्ण राई, गोपाल बराललगायतका घाइते भए भने काठमाडौंभरिमा ५०० भन्दा बढी घाइते र त्यति नै संख्यामा गिरफ्तार भए ।[८९] चैत्र २८ गते आन्दोलनकारीले गोंगबुचोकलाई जनआन्दोलन चोक र त्यस क्षेत्रलाई लोकतन्त्र नगर घोषणा गरे ।[९०] कलंकीको प्रदर्शनमा कांगेसका सांसद रामचन्द्र तिवारी घाइते भए । प्रदर्शनकारी र सुरक्षाकर्मीबीचको झडपले गोंगबु क्षेत्र रणमैदान भयो । सरकारी दमन र रवैयाको विरोध गर्दै राजावादी भनिएका राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले एक प्रेस विज्ञप्ति जारी गर्दै निरङ्कुशताविरुद्धको

---

८६ गिरिजाप्रसाद कोइरालाबाट जारी प्रेस विज्ञप्ति, २०६२, चैत्र २६ ।

८७ तीर्थराम डंगोलसित मिति २०६४।३।५ गते लिइएको अन्तरर्वार्ताबाट प्राप्त जानकारी ।

८८ *महानगर दैनिक,* २०६२ चैत्र २८ ।

८९ नेकपा एमाले, उपत्यका समन्वय कमिटीको रिपोर्ट ।

९० *महानगर दैनिक,* २०६२, चैत्र २९ गते ।

आन्दोलनले उत्तेजनात्मक रूप लिँदै उत्कर्षमा पुग्न लागेको बताए भने राप्रपाका अध्यक्ष पशुपतिशमशेर राणाले पनि विज्ञप्ति जारी गर्दै सरकार राजनीतिक समस्या चर्काउन उद्दत रहेको बताउँदै शान्तिपूर्ण प्रदर्शनमा कर्फ्यू लाग्दा, गोली प्रहार हुनु दुखद र दुर्भाग्यपूर्ण अवस्था रहेको बताए।[९१] तथापि राजा भने कानमा तेल हालेर सडकमा निर्दोष जनताको पोखिएको रगत हेरिरहेका थिए। "प्रजातन्त्र र गणतन्त्र दुईवटा नदी समानान्तर बगिरहेका छन् यी दुवै मिल्ने अवस्था म देख्दैछु। नदी मिल्नेबित्तिकै राजा रहँदैनन्। उनी निकासका लागि तयार छैनन् भने अब जान्छन्"[९२] राजाको अदुरदर्शिताप्रति लक्ष्य गर्दै गिरिजाप्रसाद कोइरालाको भनाइ थियो।

यता राजाले भने आफ्नो पतनको बाटो आफै रोज्दै थिए। जनताका भावनालाई सिधै कुल्चिरहेका थिए।

चैत्र ३० गते आन्दोलनरत सातदलका शीर्ष नेताहरूको संयुक्त बैठक बसी यस अघिका मौखिक भनाइहरूलाई लिखित निर्णय गरियो। बैठकले जनआन्दोलन प्रभावकारी बन्दै गएको ठहर गर्दै, आन्दोलनलाई ससक्त बनाउन सम्पूर्ण जनसमुदायलाई आग्रह गऱ्यो।[९३] नेताहरूले शान्तिपूर्ण आन्दोलनमाथि क्रुर व्यवहार गर्नेको नामावली टिपेर राख्न स्थानीय कमिटीलाई निर्देशन दिने निर्णय गरे।[९४]

३० गते खुलामञ्चमा शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्न जान लागेका नेताहरूलाई निर्मम कुटपिट गरी पक्रियो।  नयाँ वर्ष २०६३ को उपलक्ष्यमा राजा ज्ञानेन्द्रले देशवासीका नाममा एक सन्देश दिए। सन्देशमा संवादमा आउन सबै दलहरूलाई राजाले आह्वान गरे।[९५] तथापि राजाको सन्देशले जनभावना समेट्न सकेको थिएन । तिनै पुरानै गफ भरिएका थिए राजाको सन्देशमा। त्यसप्रति टिप्पणी गर्दै "राजाको पहिलेको भाषण र नयाँ वर्षको सन्देशबीच कुनै फरक मैले देखेको छैन, शव्दको यताउति मात्र हो "[९६] गिरिजाप्रसाद

---

[९१] *विमर्श साप्ताहिक,* २०६३ चैत्र २५-३१।

[९२] गिरिजाप्रसाद कोइरालासँग कान्तिपुर दैनिकको कुराकानी, २०६३ वैशाख २।

[९३] *कान्तिपुर दैनिक,* २०६२ चैत्र ३१।

[९४] सात दलद्वारा जारी प्रेस विज्ञप्ति २०६२ चैत्र ३०।

[९५] *गोरखापत्र दैनिक,* २०६३ वैशाख १।

[९६] गिरिजाप्रसाद कोइरालासँग कान्तिपुरको कुराकानी, २०६३ वैशाख २।

कोइरालाको भनाइ थियो । सात राजनीतिक दलको जनआन्दोलन संयोजन समितिको २०६३ वैशाख १ गते बसेको बैठकले राजाले दिएको सन्देशले राजनीतिक सङ्कटलाई सम्बोधन नगरेको ठहर गर्दै आन्दोलनलाई अझ उचाईमा पुऱ्याउने प्रतिबद्धता दोहोऱ्यायो ।[९७]

सात राजनीतिक दलहरूले चक्रपथबाहिर पनि प्रदर्शन व्यापक बनाउन थालेपछि सरकारले निषेधित क्षेत्रलाई विस्तार गऱ्यो ।[९८] वैशाख ३ गते सात दलको संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समितिको बैठक बसी आन्दोलनलाई अझ उचाईमा पुऱ्याउन आम जनसमुदायलाई सम्पूर्ण शक्ति र सामर्थ्यका साथ सडकमा उत्रन आह्वान गऱ्यो । ३ गते पनि काठमाडौं शहरका भित्री भागहरूमा सरकारी निषेधाज्ञा तोड्दै थुप्रै प्रदर्शनहरू भए ।[९९] लैनचौर, कीर्तिपुर, कलंकी, गोंगबु, कपन, जोरपाटी, बौद्धलगायत शहरका प्रत्येक चोकचोकमा सात दलले सम्बोधन गर्दै राजतन्त्रविरुद्ध उत्रन जनसमुदायलाई आह्वान गरे । वैशाख ४ गते राजाले राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापा तथा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईसँग परामर्श शुरु गरे ।[१००] राजाको परामर्शप्रति शेरबहदुर देउवाको मत यस्तो थियो -"राजाले फेरि नाटक मञ्चन गर्न सक्छन्, विभिन्न नेताहरूलाई दरबारमा बोलाउन सक्छन्, ठूलठूला कुरा गर्न सक्छन् र यस्तै नाटक गरेर जनतालाई फेरि झुक्याउन सक्छन् भन्ने मैले राम्रोसँग बुझेको थिए, तसर्थ त्यो परामर्श जनताको आँखामा छारो हाल्ने काम थियो" [१०१] । राजाले आन्दोलनको राँकोलाई निभाउन मात्र त्यो चाल चलेका थिए। तथापि परामर्शले कुनै उपलब्धि भएन, जनताको शक्तिले आन्दोलन हाँकिरह्यो ।

वैशाख ७ गते सात दलद्वारा काठमाडौंमा प्रदर्शनलाई तीव्र पारेपछि शाही सत्ताले व्यापक सैनिक तथा प्रहरी परिचालन गरी आन्दोलनलाई निर्ममतापूर्वक दबाउन खोज्यो । विनाचेतावनी गोली हान्दा कलंकीमा ३ जनाको मृत्यु भयो, आन्दोलन अझै चर्कियो । सरकारद्वारा लगाइएको १८ घण्टे कर्फ्यूको वावजुद चक्रपथमा सातदलको विशाल कार्यक्रम भयो ।

---

[९७] सात राजनीतिक दलहरूद्वारा जारी प्रेस वक्तव्य ।

[९८] शोभाखर पराजुलीसँग मिति २०६४ असार २४ को अन्तरवार्ताबाट प्राप्त जानकारी ।

[९९] *महानगर दैनिक,* वैशाख ४, २०६३ ।

[१००] *नेपाल समाचारपत्र दैनिक,* २०६३ वैशाख ५ ।

[१०१] शेरबहादुर देउवासँग मिति २०६४।१।७ मा लिइएको प्रत्यक्ष अन्तरवार्ताबाट प्राप्त जानकारी ।

सातदलद्वारा आह्वान गरिएको आन्दोलनले काठमाडौंमा व्यापकता लिँदै गएपछि वैशाख ८ गते राजाले एक सम्बोधन गर्दै जनताको नासो जनतामा नै फर्काएको घोषणा गर्दै मन्त्रिपरिषद् गठन गर्न प्रधानमन्त्री पदका लागि यथाशीघ्र नाम सिफारिस गर्न सात राजनीतिक दलहरूलाई आह्वान गरे।[१०२] यता आन्दोलनरत सात दलको केन्द्रीय जनआन्दोलन संयोजन समितिको बैठक बसी राजाको सम्बोधन अर्थहीन रहेको, यसले दल माओवादीबीचको १२ बुँदे समझदारीलाई सम्बोधन नगरेको र यो आन्दोलन निस्तेज पार्ने षड्यन्त्र मात्रै भएको निष्कर्ष निकाल्दै आन्दोलन जारी राख्ने निर्णय गऱ्यो।[१०३] घोषणाभित्रको शब्दलाई विश्लेषण गर्दा त्यसको अन्तरनिहित विषयवस्तु आन्दोलनकारी दलहरूको पक्षमा नभएकाले दलहरुले त्यसलाई धोका हो[१०४] भन्ने निष्कर्ष निकाले थियो।

वैशाख ९ गते दलहरूले शाही घोषणा धोका हो भन्दै काठमाडौंमा व्यापक जुलुस प्रदर्शन गरे। "त्यो लडाइँ कसैलाई प्रधानमन्त्री बनाउन लडिएको थिएन, जनतालाई सार्वभौमसत्ता बनाउने र मुलुकलाई लोकतान्त्रिक गणतन्त्रमा लैजाने लडाइँ भएकोले वैशाख ८ को राजाको सम्बोधनलाई सातदलले अस्वीकार गरेको हो"[१०५] अमिक शेरचनको भनाइ थियो।

वैशाख ८ गतेको शाही सम्बोधनले काठमाडौं यति तात्यो कि राजाको सो सम्बोधन कोही मान्नेवाला थिएनन्। आन्दोलनको आगोले राजाको वैधानिकता दनदनी जलिरहे तापनि राजाले अझै त्यो दृष्य हेरिरहेका थिए। राजा जनताका अगाडि कसरी झुके, शेरबहादुर देउवाको भनाइ यस्तो थियो- 'आफ्नो अस्तित्वको खिलापमा उत्रन राजाले कहाँ सक्थे र ? बाध्यतावश राजा प्रजातन्त्रवादी हुनुपर्छ, खुशीराजीले राजा प्रजातन्त्रवादी हुँदैन, यी राजा त फेरि By nature पनि संवैधानिक राजा भएर बस्न नचाहने राजा हुन् तसर्थ उनले पटक-पटक जनताको मत पाएको प्रधानमन्त्रीलाई आफ्नो आदेशले फाले तर अब त्यो आन्दोलनले यति गति लिइसकेको थियो कि राजाले कुनै हालतमा आफ्नो हठ त्याग्नुपर्ने बाध्यता थियो'[१०६]

---

[१०२] *गोरखापत्र दैनिक,* २०६३ वैशाख ९।

[१०३] *कान्तिपुर दैनिक,* २०६३ वैशाख ९।

[१०४] माधवकुमार नेपालसँग २०६४।३।९ को अन्तरवार्ताबाट प्राप्त जानकारी।

[१०५] अमिक शेरचनसँग २०६४ असार १८ गतेको प्रत्यक्ष अन्तरवार्ताबाट प्राप्त जानकारी।

[१०६] देउवा, *पुर्ववत्,* पादटिप्पणी नं. ३७।

वैशाख ८ को घोषणापछि पनि दलहरू राजाको आह्वानमा सहमत भएनन् । वैशाख ९ र १० गते पनि काठमाडौंको प्रदर्शन व्यापक भयो ।[१०७] राजाले सत्ता छोड्न अझै हिचकिचाइरहेको अवस्थामा वैशाख १२ गते सात दलका शीर्ष नेताहरूले नेतृत्व प्रदान गर्ने गरी चक्रपथ घेराउ कार्यक्रम राखे । महाराजगञ्जबाट गिरिजाप्रसाद कोइराला, कलंकीबाट माधवकुमार नेपाल, गोंगवुबाट शेरबहादुर देउवा, सातदोबाटोबाट अमिक शेरचन, कोटेश्वरबाट नारायणमान विजुक्छे,, सीतापाइलाबाट भरतविमल यादव र चावहिलबाट विष्णुबहादुर मानन्धरले नेतृत्व प्रदान गर्दै चक्रपथ घेर्ने कार्यक्रम बन्यो ।[१०८]

जनआन्दोलन उत्कर्षमा पुगेको र दलहरूले ३० लाख जनता काठमाडौंमा उतारी चक्रपथ घेर्ने कार्यक्रम राखेकोले[१०९] तथा परिस्थिति अफ्नो प्रतिकुल देखिएकोले वैशाख ११, २०६३ मा राती ११ बजे राजाले एक सम्बोधन गरी प्रतिनिधिसभा पुनस्थापना गरेको घोषणा गरे ।[११०] यस घोषणाले जनअन्दोलन ०६२/६३ को तत्कालिक कार्यक्रम रोकियो ।

जनआन्दोलन भाग-२ लाई गति दिन र लक्ष्यमा पुऱ्याउन दलहरूले ठूलो भूमिका निभाए । अब दलहरूको काँधमा अझै ठूलो भारी आइलागेको थियो, जनआन्दोलनमा ज्यानको बाजी थापेर रगत बगाउने सम्पूर्ण पक्षको मूल्य चुक्ता गर्नुपर्ने थियो ।

वास्तवमा काठमाडौंमा सात राजनैतिक दलहरूले निकै आप्ठ्यारो परिस्थितिमा आन्दोलनलाई नेतृत्व दिएर आन्दोलनको सफलता प्राप्त गरे "राजाबाट निकै आशा राखेका जनताले सो अनुरूप नपाएपछि र राजाले गल्तीहरू दोहोऱ्याउँदै गएपछि जनताले दलहरूलाई साथ दिए । जनताको साथ पाएर नै आन्दोलन सफल भयो ।[१११]

त्यसै गरी आन्दोलनलाई अगाडि बढाउने क्रममा नेकपा एमाले काठमाडौं जिल्ला कमिटी सचिव रामेश्वर फुँयालको भनाइ यस्तो छ -

> दलहरूले निर्णयहरू गरी आन्दोलन परिचालन गरी नेतृत्व दिए, त्यसमा पनि नेकपा एमाले काठमाडौं जिल्ला पार्टी कार्यालयमा प्रत्येक दिन गोप्य बैठक बसी आन्दोलनले कति सफलता प्राप्त गऱ्यो अब के गर्ने भन्ने निर्णय

---

१०७ *बुधबार साप्ताहिक,* २०६३ वैशाख १३ ।

१०८ *कान्तिपुर दैनिक,* २०६३ वैशाख ११ ।

१०९ *तरुण साप्ताहिक,* २०६३ वैशाख १८ ।

११० *गोरखापत्र दैनिक,* २०६३ वैशाख १२ ।

१११ गौरीप्रसाद दवाडीसँग २०६४।३।६ मा लिइएको प्रत्यक्ष अन्तरवार्ताबाट प्राप्त जानकारी ।

गरियो, आजको दिनको समीक्षा गर्दै भोलिको कार्यक्रम तय गरियो। प्रत्येक दिन कहाँबाट परिचालित हुने भन्ने निर्देशन पार्टीले दियो। यसरी आन्दोलन अघि बढ्यो।[११२]

यस्तै अर्का एक युवा नेताको भनाइ छ - मुलुकलाई संकटबाट मुक्त गर्न र विगत १० वर्षदेखिको देशमा चलिरहेको द्वन्द्वको अन्त्य गर्नका लागि पनि दलहरूले माओवादीसँग सम्झौता गरे। निरङ्कुश राजतन्त्रविरुद्ध दलहरू र माओवादीले हातेमालो गरेर नगए मुलुकमा अझै ठूलो दुर्घटना निम्तन सक्ने खतरा भएकोले दलहरूले बाह्रबुँदे समझदारी गऱ्यौं। मंसिर ७ र चैत्र ६ का समझदारीअनुरूप जनआन्दोलन शुरु भयो। काठमाडौंमा सात राजनीतिक दलले आन्दोलन व्यापक बनाए भने नेकपा माओवादीले गाउँबाट आन्दोलनलाई ऊर्जा दिने काम गऱ्यो। अन्ततः सात राजनैतिक दलहरू तथा नेकपा माओवादीको संयुक्त प्रयासमा जनताको शक्तिले गर्दा जनआन्दोलन र सफल हुन पुग्यो।[११३] वास्तवमा काठमाडौं जिल्लाका कतिपय स्थानमा प्रहरीले दमन गर्नका लागि ठूलो शक्ति खर्चेको थियो, काठमाडौं राजधानी शहर र घना वस्ती भएकोले आन्दोलन चर्काउन प्रमुख भूमिका थियो। त्यस्ता आन्दोलनले सरकारलाई प्रत्यक्ष प्रभाव पार्ने हुँदा काठमाडौंको आन्दोलन सशक्त थियो। यसमा राजनीतिक दलहरूले पनि त्यत्तिकै मेहनत गरेका थिए। [११४]

यसरी सरकारले राजनीतिक दलका नेता-कार्यकर्तालाई धरपकड गरिरहेको थियो, यस्तो अवस्थामा राजनीतिक दलहरूले सफलतापूर्वक नेतृत्व दिइरहेका थिए। "सरकारले आन्दोलनकारीमाथि यतिसम्म गऱ्यो कि हरियो बाँसको चिरपटले समेत अन्धाधुन्ध प्रहार गऱ्यो। सुरक्षाकर्मीहरूले प्रदर्शनकारीलाई मात्र नभएर बाटोमा हिंड्ने बालक, वृद्धलाई समेत लाठीचार्ज गऱ्यो। घाइतेलाई उपचार गर्न लैजानसमेत दिइएन। रगतको आहाल बग्दा सुरक्षाकर्मी भने ठूलै विजय प्राप्त गरेझैं मुस्कुराउँदथे। तर यो क्षणिक जीत मानवता विरुद्धको जीत थियो।[११५]

---

[११२] रामेश्वर फुयाँलसँग २०६४।३।१० गतेको प्रत्यक्ष अन्तरवार्ताबाट प्राप्त जानकारी।

[११३] योगेश भट्टराईसँग मिति २०६४।३।१० मा दिइएको प्रत्यक्ष अन्तरवार्ताबाट।

[११४] सुदर्शन सिग्देलसँगको मिति २०६४।३।८ मा लिइएको प्रत्यक्ष अन्तरवार्ताबाट प्राप्त जनकारी।

[११५] निर्मल देउलासँग २०६४।३।१० मा लिइएको प्रत्यक्ष अन्तरवार्ताबाट प्राप्त जानकारी।

यसरी जनआन्दोलन ०६२/६३ मा राजनैतिक दलहरूले काठमाडौंको आन्दोलनलाई सक्रिय मात्र बनाएनन्, आगो सल्काउन सफल भए । हुन त यसमा जनताले साथ नदिएको भए वा अन्य पेशा व्यवसायीहरूले साथ नदिएको भए यो आन्दोलनले सफलता हासिल गर्न सक्ने थिएन किनकि राजनैतिक दलले मात्र चाहँदैमा र भन्दैमा कोही पनि निरङ्कुश शासक तुरुन्तै आफ्नो शक्ति गुमाउन चाहदैन । राजनीतिक दलहरूले विगत १० वर्षदेखि विद्रोह गरिरहेको शक्तिसँग पनि सम्झौता गरी आन्दोलन चलाएको हुँदा यसले अझै चाँडो सफलता पाउन सक्यो । राजनैतिक दलहरूले संवाद र सहमतिका आधारमा जनआन्दोलनको लक्ष्य निर्धारण गरी आन्दोलनलाई नेतृत्व दिएको हुँदा यसले चाडै नै उचाइमा पुग्यो । विगतमा तँ र म भनी खुट्टा तान्ने खेल खेलेका राजनीतिक दलहरू यस जनआन्दोलनमा भने "प्रजातन्त्रवादी भाइ-भाइ निरङ्कुशतन्त्र वाइवाई" भन्दै एक हुन पुगे । मुलुकलाई संकटबाट मुक्ति दिन र दिगो शान्तिको स्थापना गर्नका लागि राजनीतिक दलहरू निरङ्कुशता विरुद्धको लडाईंमा एक भए । अब यो मुलुकमा कुनै एक व्यक्ति विशेष वा वर्ग विशेषले सामन्तवाद लाद्न नपाओस् भन्ने हेतुले नेपाललाई जनआन्दोलनको बलले संविधानसभाको चुनावसम्म पुग्ने र देशलाई लोकतान्त्रिक गन्तव्यमा लैजाने अभ्यासका लागि राजनैतिक दलहरूले राजतन्त्र विरुद्धको लडाइँ लडे । माओवादी होस् वा अन्य कुनै दल, जनताको हैसियतले जनताको अधिकार र सार्वभौमसत्ताका लागि लड्नुपर्छ भन्ने मान्यतास्वरूप विगतमा दरबार र राजालाई अलग गरी कुनै सम्झौता नगर्ने भन्ने मान्यतालाई उल्ट्याउँदै राजतन्त्रविरुद्ध एक भए । काठमाडौंका हरेक आन्दोलनले शासक वर्ग वा सम्बन्धित वर्गलाई प्रत्यक्ष प्रभाव पार्ने हुनाले काठमाडौंमा राजनीतिक दलहरूले अझै ठूलो शक्ति खर्चे । फलस्वरूप निरङ्कुशतन्त्र ढली लोकतन्त्र स्थापनार्थ बाटो खुल्यो । यो राजनीतिक दलहरूले निर्माण गरेको ठूलो उपलब्धी हो, जनताको विजय हो ।

## ४.३. ०६२/६३ को जनआन्दोलनमा काठमाडौंमा पेशाकर्मीको भूमिका

कुनै पेशा व्यवसाय गरी जीविकोपार्जन गर्ने व्यक्ति वा समूह पेशाकर्मी हो । नेपाली बृहत् शव्दकोशले पेशा भन्नाले "जीवन यापनका निमित्त अँगालिएको मुख्य काम, जीविकाको निमित्त गरिने काम, इलम, व्यवसाय वा उद्योग, उद्यम, धन्दा"[११६] भनी परिभाषित गरेको छ । त्यस्तै वालचन्द्र शर्माको नेपाली शव्दकोषले पनि पेशाको अर्थ

[११६] कृष्णप्रसाद पराजुली र अन्य (सम्पा), *नेपाली वृहत शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. ८५२ ।

"जीविकाको निमित्त गरिने काम, इलम, व्यवसाय, उद्यम" भनी व्याख्या गरेको छ । तसर्थ त्यस्तो इलम, व्यवसाय वा उद्योग गर्ने वर्ग वा समूह नै पेशाकर्मी हुन् भन्न सकिन्छ ।

पेशाकर्मीहरूमा पत्रकार, कानुन व्यवसायीहरू, चिकित्सक तथा स्वास्थ्यकर्मीहरू, कर्मचारी, प्राध्यापक तथा शिक्षकहरू, लेखक, कलाकार साहित्यकारहरू, मानव अधिकारकर्मी लगायत पेशा व्यवसाय गर्ने अन्य सबै वर्गहरू समेत पर्दछन् । देशमा घटेका हरेक राजनीतिक घटनाहरूले पेशाकर्मीहरूलाई पनि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव परेको हुन्छ । त्यसमाथि जब देशमा निरङ्कुशता व्याप्त हुन्छ, तब पेशाकर्मीहरूले आफ्नो पेशा गरेर स्वतन्त्रतापूर्वक बाँच्न पाउने अवस्थासमेत वञ्चित हुनसक्छ । यस्तो अवस्थामा पेशाकर्मीहरू पनि देश जनता र आफ्नो पेशाको बचावटका लागि निरङ्कुशताका विरुद्ध लड्ने गरेको देखिन्छ ।

२०४६ सालको जनआन्दोलनमा पनि पेशाव्यवसायीहरू पञ्चायती शासनविरुद्ध लडी प्रजातन्त्र स्थापनाका लागि योगदान दिएका थिए भने जनआनदोलन भाग २ मा पनि पेशाकर्मीहरूले प्रतिगमन र निरङ्कुश राजतन्त्र विरुद्ध र लोकतन्त्र स्थापनाका खातिर आन्दोलनमा उत्रिए ।

जनआन्दोलन ०६२/६३ मा काठमाडौंमा विभिन्न पेशाकर्मीहरूले लोकतन्त्र स्थापनाका लागि निरङ्कुशतासँग लडाइँ लडे । सात राजनीतिक दलहरूको आह्वानमा चैत्र २४, २०६२ बाट शुरु भएको जनआन्दोलनमा पेशाकर्मीहरूले ठूलो योगदान दिए ।

### ४.३.१. पत्रकार/सञ्चारकर्मीहरूको भूमिका

सर्वसाधारणलाई देश तथा विदेशका हालखबरहरू सुनाएर वा लेखेर सुसूचित गर्ने काम पत्रकार वा सञ्चारकर्मीको हो । यस अर्थमा देशमा भएका निरङ्कुश शासनव्यवस्था विरुद्धका लडाइँहरूमा पत्रकारहरूले आफ्ना लेख, रचना तथा समाचारहरुमार्फत जनतालाई सुसुचित गराएर ठूलो भूमिका निर्वाह गरेका छन् । वि.सं. २०४६ सालको आन्दोलनमा पनि पत्रकारहरू प्रजातन्त्र प्राप्तिको लडाइँमा होमिएका थिए । देशका शासकहरूले कहाँ कस्तो खेल खेल्दछन् तिनलाई छर्लङ्ग बाहिर ल्याएर जनतालाई यथार्थको पाठ सिकाएका छन्, पत्रकारहरूले । कतिपय समयहरूमा पत्रकारमाथि धम्की तथा हस्तक्षेप भइरहेका पनि छन् । तर ती धम्की र हस्तक्षेपलाई एकातिर पन्छाउँदै जसले निष्पक्ष समाचार संप्रेषण गर्दछ, वास्तवमा त्यो नै साँचो पत्रकारिता हो । देश र जनताप्रतिको न्याय हो ।

२०४६ सालको जनआन्दोलन होस् वा माओवादी जनयुद्धको शुरुवातदेखिका १० वर्ष हुन्, देशका हरेक घटनाहरू सर्वसाधारणसामु ल्याएर त्यसबारेमा जानकारी गराएका छन् पत्रकारहरूले। माओवादी युद्धका समयमा पत्रकार तथा सञ्चारकर्मीहरू राज्य तथा माओवादी दुवैको पेलाईमा परेर तथा ज्यानको बाजी लगाएर समाचार संकलन गरिरहेका थिए। माओवादीले सुराकीको आरोप लगाएर पत्रकारहरूको हत्या गर्ने तथा माओवादी भएको आरोपमा सुरक्षाकर्मीले पत्रकारहरूलाई गिरफ्तार र कतिपयको हत्या गर्ने घटना त्यतीबेला सामान्य थिए।[११७] यस्तो परिस्थितिमा पनि पत्रकारहरू समाचार खोजी गरी लेखिरहेका थिए। यसरी पत्रकारहरू दोहोरो मारका बीचमा पनि काम गरिरहे र ठूलो भूमिका खेले।[११८]

२०६१ माघ १९ मा राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन गरी प्रजातन्त्रका मूल्य मान्यतालाई कुल्चेपछि सरकारी समाचार माध्यमबाहेक अन्य सबैजसो समाचार माध्यमले त्यसको विरोध गरे। शाही मन्त्रीहरू बैंकको कालोसूचीमा परेका, पहिलेका हत्यारा, अपराधीहरू भएका पृष्ठभूमिहरू पत्रिकाले छाप्दै रहे। सरकारले आफ्ना जनविरोधी गतिविधिहरू जनतासामु ल्याउन थालेपछि प्रतिबन्ध लगायो।[११९] २०६२ भाद्र ५ गते कान्तिपुर दैनिकमा छापिएको कार्टुनप्रति आपत्ति प्रकट गर्दै पत्रिकालाई कारवाही गर्ने धम्की दिइएको थियो[१२०] भने सरकारको मनपरीतन्त्रको जस्ताको तस्तै छापेवापत कान्तिपुर दैनिकलाई शाही सरकारका उपाध्यक्ष तुलसी गिरीले आठौं दलको आरोप लगाए। सरकारले २०६२ मंसिर १२ गते राती लुटेरा शैलीमा रेडियो सगरमाथाका उपकरणहरू जफत गरी रेडियो सगरमाथा बन्द गर्ने निर्देशन दियो।[१२१] यसरी शाहीकालमा पत्रकारिता र सञ्चारमाध्यम सरकारको प्रत्यक्ष शिकार भए। तथापि निष्पक्ष र सत्य समाचार संप्रेषण गर्न उनीहरुले छाडेनन्। काठमाडौंबाट प्रकाशित हुने पत्रिकाहरू तथा काठमाडौंका अन्य समाचारमाध्यमहरूले राज्य पक्षबाट भइरहेका कुकृत्यहरूको आलोचना गरिरहे। सरकारी

---

११७ लोकराज बराल, *राजतन्त्र कि लोकतन्त्र,* काठमाडौं : भृकूटी एकेडेमिक पब्लिकेसन, २०६२, पृ. १-२।

११८ डा.रामशरण महतले भदौ १९, २०६२ को पत्रकार राष्ट्रिय सम्मेलनमा राखेको विचार, कान्तिपुर दैनिक २०६२ भदौ २०।

११९ *नेपाल समाचारपत्र,* २०६२ जेष्ठ २२।

१२० *कान्तिपुर दैनिक,* २०६२ भाद्र १०।

१२१ *राजधानी दैनिक,* २०६२ मंसिर १३ गते।

धम्की र कारवाहीका बाबजुद पत्रकारजगत पनि सत्यतथ्य खोजीमा डटिरहे । नेपाल पत्रकार महासंघले सरकारी कदमको कडा प्रतिकार गर्ने चेतावनी दियो ।[१२२] अन्तर्राष्ट्रिय पत्रकार महासंघले पनि सरकारसँग प्रेस स्वतन्त्रता वहाली गर्न आग्रह गऱ्यो ।[१२३]

२०६२ चैत्र २४ गतेदेखि सात राजनैतिक दलको आह्वानमा भएको दोस्रो जनआन्दोलनमा काठमाडौंमा पत्रकारहरूले महत्वपूर्ण भूमिका निभाए । काठमाडौंका हरेक गतिविधिले देशका कुना काप्चाहरूमा प्रभाव पार्ने हुँदा आन्दोलनका प्रत्येक दिनका समाचारले आन्दोलनको उचाई थप्न मद्दत गऱ्यो । काठमाडौंमा प्रत्येक दिन सरकारले लगाएको कर्फ्यू र निषेधाज्ञाका बाबजुद यहाँका चोकचोक र गल्लीगल्लीमा आन्दोलनका गतिविधिबारे समाचार संप्रेषण गरियो । त्यति मात्रै होइन पत्रकारहरु शाही सत्ताको विरोध र लोकतन्त्रको पक्षमा आन्दोलनमा प्रत्यक्ष रुपमा होमिए । 'एफ.एम.मा समाचार, नागरिक अधिकार' भन्ने नाराका साथ कानुनविद्, संविधानविद् तथा बार पदाधिकारीहरूले समेत सरकारी कदमको विरोध गरे ।[१२४] यससम्बन्भमा एक प्रसिद्व पत्रकारको अनुभव छ- "जनआन्दोलन भाग-२ मा शाहीसत्ताले सकेसम्म पत्रकारको मुख थुनेर कलम भाँच्न खोजेको थियो, तर सरकारको यस्तो रवैयाको खुलेर विरोध गर्दै आन्दोलनलाई गति दिनका लागि कलम चलाउनु हाम्रो कर्तव्य थियो, हामी चुप लाग्नु भनेको लोकतन्त्रप्रेमी लाखौं जनताको अपमान गर्नु हो भन्ने ठानेर हामी सरकारी पिटाइको वास्ता नगरी आन्दोलनका लागि लडिरह्यौं ।"[१२५] यसरी पत्रकारहरूले जनआन्दोलनको चुली थप्ने काम गरे ।

चैत्र २४ गतेदेखि काठमाडौमा आन्दोलनको राँको बल्यो, त्यसको समाचार संकलन गर्न गएका सञ्चारकर्मीमाथि सुरक्षाकर्मीले अश्रुग्याँस प्रहार गऱ्यो ।[१२६] चैत्र २६ गते नेपाल पत्रकार महासंघले समाचार संकलन गरिरहेका पत्रकारमाथिको धरपकड र आक्रमणको तीब्र आलोचना ग-यो ।[१२७] चैत्र २६ गते उपत्यका ट्राफिक कार्यालय रामशाहपथले सरकारी समाचार माध्यमबाहेक अन्य निजी सञ्चार माध्यमले कर्फ्यू पास उपलब्ध गराएन । चैत्र २८

---

१२२ *कान्तिपुर दैनिक,* २०६२ भदौ ११ ।

१२३ *ऐजन,* भदौ १५ ।

१२४ *ऐजन,* भदौ २२ ।

१२५ विष्णु निष्ठुरीसँग मिति २०६४।३।१६ मा लिइएको प्रत्यक्ष अन्तरवार्ताबाट प्राप्त जानकारी ।

१२६ *बुधावार साप्ताहिक,* २०६३ वैशाख ६ ।

१२७ *राजधानी दैनिक,* २०६२ चैत्र २८ ।

गते समाचार संकलन गर्न बौद्ध चुच्चेपाटी गएका पत्रकारहरू, पत्रकार महासंघका सचिव बलराम बानियाँ, कान्तिपुर दैनिकका गोपाल खनाल र शालिग्राम त्रिपाठीमाथि प्रहरीले निर्मम तरिकाले लाठी प्रहार गऱ्यो ।[१२८] सर्वसाधारणको घरभित्र प्रहरी ज्यादतीबारे समाचार संकलन गरिरहेका पत्रकारहरूलाई अश्लील भाषा प्रयोग गर्दै प्रहरीले अन्धाधुन्ध लाठी प्रहार गऱ्यो । भनिन्छ, पत्रकार कुटेरै प्रहरीले ६ वटा लाठी भाँचेको थियो ।[१२९]

सरकारले पत्रकारलाई समाचार संप्रेषणमा पुऱ्याएको अवरोधका बाबजुद पत्रकारहरूले सरकारको व्यापक आलोचना गर्दै आन्दोलनमा उत्रिए । प्रेस स्वतन्त्रता वहाली गर, लोकतन्त्र जिन्दावाद, स्वतन्त्र समाचार संकलनमा अबरोध नगर, सरकारी दमन मूर्दावाद भन्दै कर्फ्यूको समयमा पास नदिने सरकारी रवैयाको तीब्र विरोध गरे । निषेधित क्षेत्र सञ्चारग्राम अगाडि धर्ना र प्रदर्शन गरी त्यहाँ आयोजित कोणसभामा नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी, महासचिव महेन्द्र विष्ट, पूर्व सभापतिहरू हरिहर विरही, तारानाथ दाहाल, सुरेश आचार्य, साफमा अध्यक्ष गोपाल थपलिया, प्रेस चौतारीका उपाध्यक्ष भरत पोखेल, प्रेस युनियनका करण पोखरेललगायतले बोल्दै पत्रकारहरूले लोकतन्त्र वहालीका लागि सडक र कलमको संघर्ष गरिरहनुपर्ने बताए ।[१३०]

चैत्र २९ गते सरकारी सञ्चारमाध्यमहरू रेडियो नेपाल, गोरखापत्र तथा राष्ट्रिय समाचार समितिका पत्रकार महासंघले समेत आन्दोलनमा ऐक्यवद्धता जनाए ।[१३१] आन्दोलनको समाचार संकलन गर्न गएका तथा लोकतन्त्रको पक्षमा शान्तिपूर्ण आन्दोलनमा लागेका सञ्चारकर्मीमाथि राज्यले गरेको दुर्व्यवहार, धरपकड तथा कुटपिटको विरोध गर्दै र गिरफ्तार भएकाहरूको रिहाइको माग गर्दै सरकारी सञ्चारमाध्यमका कर्मचारीहरू पनि आन्दोलनमा उत्रिए ।[१३२] तत्कालीन अवस्थामा सरकारको नियन्त्रणका कारण सरकारी सञ्चारमाध्यमले शाहीसरकारको वकालत गर्दै समाचार पढ्नुपर्ने बाध्यता थियो ।[१३३] अबभने सरकारी समाचार माध्यामहरूले समेत सरकारको विरोध गर्न थाले । सरकारी सञ्चारमाध्यमका

---

१२८ *कान्तिपुर दैनिक,* २०६२ चैत्र २९ ।

१२९ निष्ठुरी, *पुर्ववत्,* पादटिप्पणी नं. १०

१३० *विमर्श साप्ताहिक,* २०६२ चैत्र २५-३१ ।

१३१ *समय साप्ताहिक,* २०६३ वैशाख ३० ।

१३२ *कान्तिपुर दैनिक,* २०६२ चैत्र ३० ।

१३३ अनिता बिन्दुसँग मिति २०६४।८।५ मा लिइएको प्रत्यक्ष अन्तरवार्ताबाट प्राप्त जानकारी ।

पत्रकार तथा कर्मचारीहरूले लोकतन्त्र स्थापनाको माग मात्र गरेनन् , सरकारले सञ्चार माध्याममार्फत जारी राखेको झुटको खेतीमा असहयोग गर्ने नीति समेत अख्तियार गरे ।[१३४] यसरी सरकारले सबैभन्दा बढी निगरानी र नियन्त्रणमा राख्न खोज्ने सञ्चारमाध्यमका कर्मचारीहरू पनि आन्दोलनमा उत्रेपछि सरकारमा छुट्टै कम्पन उत्पन्न भयो ।[१३५]

वैशाख १, २०६३ मा राजा ज्ञानेन्द्रले नयाँ वर्षको उपलक्ष्यमा देशवासीका नाममा दिएको सन्देशको पत्रकारहरूले आ-आफ्नो लेखरचना तथा समाचारहरुमार्फत विरोध व्यक्त गरे । देशमा पत्रकारहरूमाथि भइरहेको सरकारी आक्रमणप्रति वैशाख १ मा पत्रकार महासंघले ध्यानाकर्षण भएको जनाउँदै संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई पत्र लेख्दै लोकतन्त्र वहालीका लागि राजालाई जवाफ दिन आह्वान गऱ्यो ।[१३६] तथापि राज्यले पत्रकार तथा सञ्चारकर्मीमाथिको आक्रमण झनै बढाउँदै लग्यो । वैशाख २ गते नेपाल पत्रकार महासंघको आह्वानमा लोकतन्त्रका माग गर्दै निस्किएको शान्तिपूर्ण जुलुस र धर्नालाई गौशाला चोकमा प्रहरीले निर्मम तरिकाले दमन ग-यो ।[१३७] धर्नामा बसेका पत्रकारहरूलाई टाउकोमा लाठी वर्षाउँदै बर्बर दमन गऱ्यो । पत्रकारको टाउको ताकी-ताकी लाठी प्रहार गर्ने, अनुहारमा मुक्का बजार्ने, बुटले हिर्काउने तथा मनपरी गाली गर्ने जस्ता कार्य गर्न समेत प्रहरी पछि परेन ।

आन्दोलनका गतिविधिहरू सत्यतथ्य समाचार संप्रेषण गरेकोले आन्दोलनकारीको पक्षमा बोलेको भन्दै चैत्र ३१ गते कान्तिपुर टि.भी. नदेखाउन केवुल सञ्चालकलाई सूचना तथा सञ्चार मन्त्रि श्रीषशमशेर राणाले निर्देशन दिए ।[१३८]

प्रहरीले अन्दोलनका कममा पत्रकार महासंघका केन्द्रीय सदस्य सूर्य थापा, टीकाराम यात्री, फणिन्द्र दाहाल तथा दीपक दाहाललाई गिरफ्तार गऱ्यो भने प्रहरीको लाठी र बुटबाट महासंघका महासचिव महेन्द्र विष्ट, प्रेस युनियनका कोषाध्यक्ष दामोदर दवाडी, पत्रकारहरू तेज प्रकाश पण्डित, किशोर श्रेष्ठ, विनोद पहाडी, कृष्ण हुमागाई, मनबहादुर न्यौपाने, शैलेन्द्र

---

१३४ *छलफल साप्ताहिक,* २०६३ वैशाख २ ।

१३५ *समय राष्ट्रिय,* साप्ताहिक २०६३ वैशाख ७ ।

१३६ *कान्तिपुर दैनिक,* २०६३ वैशाख २ ।

१३७ *छलफल साप्ताहिक,* २०६३ वैशाख २ ।

१३८ *कान्तिपुर दैनिक,* २०६३, वैशाख १ ।

बस्नेत लगायतलाई गम्भीर चोट लग्यो ।[१३९] त्यस्तै प्रहरीले रिपोर्टस क्लवमा पसी क्लवका अध्यक्ष ऋषि धमला तथा अन्य केही पत्रकारहरूलाई पक्राउ गऱ्यो । यसरी सञ्चारकर्मीमाथि भएको राज्यको चरम निरङ्कुशता र दमनको सर्वत्रबाट निन्दा भयो । । वैशाख ३ गते प्रेस चौतारीको अगुवाइमा भएको प्रदर्शनमा २० जना पत्रकारलाई पक्रियो[१४०] भने वैशाख ४ मा ती सबैलाई सरकारले तीन महिने थुनुवा पूर्जी दियो ।[१४१] सरकारले स्वतन्त्र रेडियोलाई धम्क्याउने, प्रेसमाथि जथाभावी आक्रमण गर्ने तथा थुनुवा पूर्जी दिने जस्ता कार्यहरूको विरोध गर्दै नेपाल पत्रकार महासंघ, साप्ताहिक पाक्षिक राष्ट्रिय सञ्जाल, नेपाल वातावरण पत्रकार समूह तथा नेपाल प्रेस युनियनले त्यस्ता कार्य रोक्न र जनताको सुसूचित हुने अधिकारको सम्मान गर्न सरकारसँग अनुरोध गरे ।[१४२]

वैशाख ५ गते गृहमन्त्रालयका कर्मचारीहरूले गरेको आन्दोलनको समाचार संकलन गर्न राज्यका पत्रकारहरू बलराम बानियाँ, विमल गौतम तथा राजु तिमिल्सिनालाई गृहमन्त्री कमल थापाले कडा कारवाही गर्ने चेतावनी दिदै 'यिनीहरूलाई लगेर हालिदे' भन्ने आदेश दिए ।[१४३] प्रहरीले पत्रकारहरूको क्यामरा तथा मोवाइल फोन जफत गऱ्यो साथै कान्तिपुरका चालक शिवराम थापालाई पनि थुन्यो ।[१४४]

शाही सत्ताको वर्वर दमन देख्न नपाउन् भनी वैशाख ७ गते पत्रकारहरूलाई सरकारले पास दिएन। कर्फ्यू लाग्नुभन्दा अघिल्लै दिन चक्रपथबाहिर बसेका केही पत्रकारहरूलाई समेत सुरक्षाकर्मीले फोटो खिचेमा उनीहरुलाई सिध्याइदिने धम्की दिएका थिए । प्रदर्शनकारीको रगतले गोंगबु र कलंकी रक्ताम्मे भएको फोटो खिच्न अगाडि बढेका पत्रकारलाई सुरक्षाकर्मीले तँलाई पनि यस्तै लाठी खाएर मर्न मन लाग्यो भनेर समेत दुर्व्यवहार गरेका थिए ।[१४५]

वैशाख ८ को शाही सम्बोधनपछि त्यसको विरोध गर्दै पत्रकारहरूले आफ्ना कलम

---

१३९ *विमर्श साप्ताहिक,* २०६२ चैत्र २५ ।

१४० *दृष्टि साप्ताहिक,* २०६३ वैशाख ५ ।

१४१ *कान्तिपुर दैनिक,* २०६३ वैशाख ५ ।

१४२ निष्ठुरी, *पूर्ववत्,* पादटिप्पणी नं. १०, पृ. १३३ ।

१४३ *बुधवार साप्ताहिक,* २०६३ वैशाख ६ ।

१४४ निष्ठुरी, *पूर्ववत्,* पादटिप्पणी नं. १०, पृ. १४४ ।

१४५ *समय राष्ट्रिय साप्ताहिक,* २०६३ वैशाख १४ ।

चलाइरहे । वैशाख १० मा राजाको सम्बोधनलाई समर्थन नगर्न र हतारमा सम्झौता नगर्न दलहरूलई चेतावनी दिँदै पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी, महासचिव महेन्द्र विष्ट, पूर्वसभापति हरिहर विरही, तारानाथ दाहाल आदिले आफ्ना धारणाहरु व्याक्त गरे । वैशाख ११ गतेको राजाको सम्बोधनपछि जनताको जीत भएकोमा पत्रकारहरूले पनि खुसियालीको कलम चलाए ।

वास्तवमा जनआन्दोलन भाग-२ मा उठेको जनलहर र सत्ताले गरेको बर्बर दमनलाई काठमाडौंमा पत्रकार तथा सञ्चारकर्मीहरूले यति व्यापकता साथ प्रचार गरे कि त्यो खबरले घरमा बसेका वृद्धवृद्धा तथा केटाकेटीसमेत आन्दोलनमा होमिए । सरकारले काठमाडौंको गोंगबु, कलंकीलगायतका ठाउँमा गरेको नरसंहारलाई सञ्चारमाध्यमले दुरुस्त जनतामाझ पुऱ्याए । कर्फ्यूको समयमा पास नदिंदा पनि पत्रकारहरू खबर संकलन गर्नमा जुटिरहे । सडकदेखि हिरासतसम्म पिटाई र यातना खाएर पनि पत्रकारहरू समाचार संकलनमा जुटिरहे, लोकतन्त्रको पक्षमा लेखिरहे तथा निरङ्कुशताको विरोध गरिरहे । सरकारले आफ्ना कर्तुतहरू जनतामाझ छरपष्ट पारेकोमा काँतर हुँदै कारवाही गर्ने धम्की दियो, यो उसको कायरता थियो । कति सञ्चार माध्यमलाई सरकारले बन्दसमेत गरायो । तथापि सत्य कुरा एकदुई वटा सरकारका नियन्त्रणका सञ्चार माध्यमले र एक दुइवटा शाही सत्ताका मतियार पत्रकारहरूले छाप्दैमा जनतासामु कहिल्यै छोपिएन, सरकारका जनविरोधी कार्यहरू जनतासामु छरपष्ट भए । त्यसैले त जनता शाहीसत्ता र निरङ्कुश राजाको अन्त्यका लागि सडकमा ओर्लिए, रगत पोखे र जीवनदान दिए, यसमा सबैभन्दा ठूलो भूमिका पत्रकार, सञ्चारकर्मी तथा सञ्चारमाध्यमकै थियो ।

१९ दिनको जनआन्दोलनबाट प्राप्त भएको लोकतन्त्रलाई सदावहार बनाउनका लागि खबरदारी र चेतावनी दिने काम पनि पत्रकारहरूले गरे । पत्रकार किशोर नेपाल लेख्दछन् -

> हिंसात्मक विद्रोहका कारण आक्रान्त भएको मुलुकलाई संकटको वैतरणीनदी पार गराउनका लागि मात्र संसद पुनस्थापना भएको हो । त्यसैले पनि नेताहरू आफ्ना निजी स्वार्थहरूको पोषण गर्न सानातिना काममा नअल्मलिई राजाको १४ महिने शासनले भत्काएका, निरुत्साहित तुल्याएका र अधमरो बनाएका प्रशासनिक सेवा र संस्थानहरूलाई आ-आफ्नो ठाउँमा स्थापित गरेर जनतालाई अत्यावश्यक सेवा प्रदान गर्नुपर्दछ । एक दशकको अवधिमा सत्ताको गुलियो फल चाखिसकेका नेताहरूले अब केही समय

> यथार्थका काँचा कट्मीरा र तिता फलहरूको स्वाद लिनुपर्दछ, सत्ताको हड्डी चपाउन पाइने आशामा सधै दौरा सुरुवाल टकटकाएर दरबारको निम्तो पर्खने आदत परिसकेका नेताहरूले राजाको निरङ्कुश र दमित महत्वाकांक्षालाई कति प्रभावकारी ढंगले नियन्त्रण गर्न सक्छन्। त्यसमा उनीहरूको राजनीतिक भविष्य निर्भर रहन्छ ।[१४६]

यसरी पत्रकारहरूले नेकपा माओवादी तथा सात राजनीतिक दलहरूलाई मुलकमा दिगो शान्तिको स्थापना गर्न आफ्ना कलममार्फत घच्घच्याइरहे । समय राष्ट्रिय साप्ताहिकले आफ्नो सम्पादकीय लेखमा लेखेको थियो-

> जनताविरुद्ध उत्रिएको शासन निश्चित रूपमा पराजित हुन्छ। राज्यसत्ताको दमनले प्रजातान्त्रिक व्यवस्था फेर्न सक्दैन भन्ने प्रमाण हो वैशाख ११ को शाही घोषणा। अझ महत्वपूर्ण कुरा त एक दशकको हिसांत्मक आन्दोलनमा १३ हजार नेपालीको ज्यान मासिदा पनि उनीहरूले हासिल गर्न नसकेको राजनीतिक उचाई यो आन्दोलनले हासिल गरेको छ। यो तथ्य स्वीकार गर्न विलम्व गर्नुहुँदैन । माओवादीले अन्यथा शाहीसेनाको दमनलाई पराजित गर्न सक्ने शान्तिपूर्ण आन्दोलनले उनीहरूलाई पराजित गर्न नसक्ला भन्न सकिदैन ।[१४७]

यसरी पत्रकारहरूले नेताहरूलाई खबरदारी गर्दै रहे । पत्रकारहरूले नेताहरूलाई पनि पहिलाको गल्ती नदोहोऱ्याउन र आन्दोलनको जनादेशअनुरूप चल्न चेतावनी दिदरहे । पत्रकारहरूको यो भूमिका वास्तवमै अतुलनिय रह्यो ।

### ३.४.२. स्वास्थ्यकर्मीको भूमिका

स्वास्थ्यकर्मीको काम विरामीलाई औषधी उपचार गराएर उसको ज्यान जोगाउनु हो तर कतिपय यस्ता अवस्था हुन्छन् वा यस्तो समय हन्छ जहाँ सारा देश विरामी परेको हुन्छ, देशलाई औषधी उपचार गराएर नयाँ देश निर्माण गर्नुपर्ने हुन्छ। शासकहरूले देश र जनताको रगत र पसिना चुसी आफै मस्ती गर्दछ तर जनताका वा देशमा समस्या बुझ्दैनन्। अशान्ति मच्चिन्छ भने त्यतिवेला समपूर्ण देश विरामी भएको हुन्छ। यसरी देश

---

[१४६] किशोर नेपाल, नेपाल राष्ट्रिय साप्ताहिक, २०६३ वैशाख २४ ।

[१४७] *समय राष्ट्रिय साप्ताहिक,* (सम्पादकीय) २०६३ वैशाख १४ ।

विरामी परेको वेला पनि देशलाई गम्भीर दुर्घटनाबाट जोगाउन स्वास्थ्यकर्मीले महत्वपूर्ण योगदान दिएको हुन्छ। साँच्ची नै यो देश नेपाल पनि त्यतिखेर गम्भीर विरामी थियो, जतिखेर जनआन्दोलन भाग २ को राँको सल्किदै थियो। त्यतिवेला देशको उपचार गर्नु स्वास्थ्यकर्मीको पनि कर्तव्य थियो। आफ्नो पेशा सुचारु गर्न मात्र होइन देशको स्वास्थ्य पनि हेर्ने दायित्व बोकेका हुन्छन्, स्वास्थ्यकर्मीले[१४८]। शासन सञ्चालनको क्रममा देशमा भएका हरेक गतिविधिमा वास्तवमा स्वास्थ्यकर्मीको संलग्नता हुँदैन तर देश विरामी परेको वेला स्वास्थ्यकर्मी पनि आफ्ना औजारसहित देश जोगाउन र जनताको हितमा लड्न तयार हुन्छन्। नेपालमा २०४६ सालको आन्दोलनमा पनि काठमाडौंमा चिकित्साकर्मी तथा स्वास्थ्यकर्मीहरूले आन्दोलनलाई उचाईमा पुऱ्याउन ठूलो योगदान दिएका थिए।

जनआन्दोलन भाग-२ मा पनि स्वास्थ्यकर्मीहरूले आफ्नो ठाउँबाट आन्दोलनलाई बल प्रदान गर्न ठूलो योगदान दिए। वास्तवमा "युद्धको आगो लागेको वेलामा पोलेको विरामीलाई उपचार गरेर मात्र पुग्दैन, पहिले त आगो निभाउने प्रयत्न गर्नुपर्छ। आगो निभाउने क्रममा लागेका शिक्षक, किसान र मजदुरसँग स्वास्थ्यकर्मीले आफ्नो काँध मिलाएका छन्"[१४९] भन्ने स्वास्थ्यकर्मीको भनाइ बेमनासिव छैन। साँच्चै नै जनआन्दोलनको वेलामा स्वास्थ्यकर्मीहरूले घाइतेलाई बचाउने र देशलाई बचाउने दुवै काम गरे। २०६२ चैत्र २४ देखि सात राजनैतिक दलहरूको आह्वानमा शुरु भएको आमहड्तालको पूर्वसन्ध्यादेखि नै स्वास्थ्यकर्मीहरूले समर्थन जनाए।[१५०] लोकतन्त्र र पेशागत स्वतन्त्रताका लागि तथा प्रहरी दमन, धरपकड र अभद्र व्यवहारको विरुद्ध उनीहरूले आन्दोलित भएको चिकित्सक संघका महासचिव किरण श्रेष्ठले बताए।[१५१] यो आमहड्तालमा ऐक्यबद्धता जनाउँदै शिक्षण अस्पतालका स्वास्थ्यकर्मीहरूले एक घण्टा धर्ना दिए। चैत्र २५ गते त्रिवि शिक्षण अस्पतालका प्राधयापक, चिकित्सक, स्वास्थ्यकर्मी, नर्स, कर्मचारी लगायतले दिउँसो ११ बजे मौन जुलुस निकाले। जुलुसपछि सभामा बोल्दै डा. अरूण सायमी, डा. शशी शर्मालगायतले छिट्टै लोकतन्त्र स्थापना हुने बताए। "राजाले

---

[१४८] अरूणा उप्रेती, "आन्दालेनको आगोमा स्वास्थ्यकर्मी", *कान्तिपुर दैनिक,* २०६३ वैशाख १।

[१४९] *ऐजन*

[१५०] *कान्तिपुर दैनिक,* २०६२ चैत्र २४।

[१५१] *कान्तिपुर दैनिक,* २०६२ चैत्र २४।

सम्मानित हुनका लागि आफ्नो स्थानमा बस्न जान्नुपर्छ,"[१५२] डा. सायमीले भने । नेपाल चिकित्सक संघका महासचिव डा. किरण श्रेष्ठले शिक्षण अस्पतालबाट शुरु भएको यो आन्दोलन देशव्यापी हुने बताए भने आर्युवेद चिकित्सक सघंका अध्यक्ष डा. ऋषिराम कोइरालाले सम्पूर्ण पेशाकर्मीलाई एक ढिक्का भएर आन्दोलनमा सघाउन आह्वान गरे ।[१५३]

चैत्र २८ गते नेपाल चिकित्सक संघको आह्वान र नेतृत्वमा काठमाडौंमा स्वास्थ्यकर्मीहरू आन्दोलनमा उत्रिए । नेपाल चिकित्सक संघकी अध्यक्ष डा. सुधा शर्माको नेतृत्वमा प्रसुतीगृह थापाथलीमा लोकतन्त्रका पक्षमा प्रदर्शन तथा धर्ना भयो । प्रसुतीगृहले चैत्र २९ देखि वहिरङ्ग विभाग आधा दिन बन्द राख्ने निर्णय गर्‍यो ।[१५४] २८ गतेदेखि त्रि.वि. शिक्षण अस्पतालको छात्रावासमा प्रहरी प्रवेश गरी विद्यार्थी, चिकित्सक तथा वार्डेनलाई मरणासन्न हुने गरी पिटे, शिक्षण अस्पताल परिवार यो घटनाको विरोध र प्रजातन्त्र प्राप्तिका लागि सशक्त रूपमा आन्दोलनमा उत्रियो ।[१५५] यसप्रकार शाही सत्ताले छात्रावासभित्र समेत आक्रमण गर्न पुग्यो । वीर अस्पतालमा पनि आधा घण्टा विरोध प्रदर्शन भयो ।

यो आन्दोलनमा देशभित्रका चिकित्सक तथा स्वास्थ्यकर्मीले मात्रै होइन विदेशका चिकित्सकले समेत समर्थन गर्दै घाइतेको उपचार गरे । अमेरिकी चिकित्सक ब्रायन कोवले दिलो ज्यान दिएर अहोरात्र घाइतेको उपचारमा खटे तर शाही सरकारले विदेशी चिकित्सक ब्रायनलाई समेत आक्रमण गर्‍यो ।[१५६] उनलाई नेपाल छोड्न बाध्य पार्‍यो । गोंगबुस्थित सामुदायिक स्वास्थ्य केन्द्रमा शशस्त्र प्रहरीका एस.पी. माधव थापाले नेतृत्वको टोली प्रवेश गरी स्वास्थ्य स्वयंसेविकाहरूलाई कुटपिट गरी स्वास्थ्य केन्द्र बन्द गरायो ।[१५७] स्वास्थ्यकर्मीहरूले आफूहरू प्रत्यक्ष रूपमा आन्दोलनको विरोधमा उत्रदै घाइतेको उपचार गर्दै रहे । साथै स्वास्थ्यकर्मीले १ दिनको तलव घाइतेको उपचारका लागि सहयोग गर्ने निर्णय गरे ।[१५८] अधिकांश घाइतेहरूको टाउकोमा चोट लागेको चिकित्सकहरूले बताउँदै

[१५२] *घटना र विचार साप्ताहिक,* २०६२ चैत्र ३० ।

[१५३] निष्ठुरी, पूर्ववत्, पादटिप्ष्णी नं १०, पृ. १५ ।

[१५४] *कान्तिपुर दैनिक,* २०६२ चैत्र २९ ।

[१५५] मनिष गौतम, "चिकित्सा क्षेत्र पनि तारो", *समय राष्ट्रिय साप्ताहिक,* २०६३ वैशाख ७ ।

[१५६] *जनआस्था साप्ताहिक,* २०६३ वैशाख ६ ।

[१५७] के.सी., *पूर्ववत्,* पादटिप्पणी नं. २०, पृ. ७ ।

[१५८] *कान्तिपुर दैनिक,* २०६३ वैशाख २ ।

टाउकोमा हान्न तुरुन्त बन्द गर्नुपर्ने माग गरे ।[१५९] कतिपय प्रदर्शनकारीको टाउको फुटेको तथा आँखा गुमेका घटनाप्रति गम्भीर हुँदै यस्तो निकृष्ट अपराध तुरुन्त नरोके अस्पताल ठप्प पारेर आन्दोलनस्थलमा नै गएर घाइतेको उपचारमा लाग्ने चिकित्सक संघले जनायो ।[१६०] तिलगंगा आँखा अस्पतालले आकस्मिकबाहेक सबै सेवा बन्द गऱ्यो । नेपाल मेडिकल कलेज जोरपाटीले त्रिवि शिक्षण अस्पतालमा भएको प्रहरी ज्यादतीको भर्त्सना गऱ्यो । चिकित्सक, कर्मचारी तथा विद्यार्थीहरूले दिनभरि हातमा कालोपट्टी बाँधेर काम गरे । आयुर्वेदिक चिकित्सक संघ र एक्युपन्चर सेवा संघले पनि लोकतान्त्रिक आन्दोलनमा ऐक्यवद्धता जनाए ।[१६१]

चैत्र ३१ गते नेपाल चिकित्सक संघ, आयुर्वेदिक संघ र नसिंङ संघको संयुक्त कार्यक्रम संयोजन समितिको बैठकले लोकतन्त्र प्राप्त नभएसम्म देशव्यापी रूपमा आन्दोलन जारी राख्ने निर्णय गऱ्यो साथै स्वास्थ्यकर्मी लगायत थुनामा रहेका बन्दीलाई भेटी उनीहरूको स्वास्थ्य स्थितिको जानकारी लिई औषधोपचारको सक्दो प्रयास गर्ने निर्णय समेत गऱ्यो । घाइते आन्दोलनकारीलाई सकेसम्म निशुल्क उपचार गरिने व्यवस्था गर्ने कुरा नेपाल चिकित्सक संघका महासचिव डा. किरण श्रेष्ठले बताए ।[१६२] त्रिवि शिक्षण अस्पताल, मोडेल अस्प्ताल र सामुदायिक सेवा केन्द्र गोंगबुले भने शुरुबाट नै घाइतेको निःशुल्क उपचार गर्दै आइरहेका थिए ।

निरङ्कुशताविरुद्ध र प्रजातन्त्र वहालीका लागि ससक्त आवाज उठाइरहेकोमा स्वास्थ्यकर्मी तथा चिकित्सकहरू डा. मथुरा श्रेष्ठ, डा. सुन्दरमणि दीक्षित, डा. भरत प्रधान, डा. मधु घिमिरे, डा. शरद वन्त, डा. महेश मास्केलगायतलाई सरकारले गिरफ्तार गऱ्यो भने ड्यूटीमा आइरहेका कान्ति बाल अस्पतालका चिकित्सक केदारनरसिंह के.सी.लाई सुरक्षाकर्मीले कुटपिट गरेपछि उपचारका लागि अस्पताल भर्ना हुनुपऱ्यो ।[१६३] यसरी स्वास्थ्यकर्मीमाथिको सरकारी आक्रमणले स्वयं सरकारी लाचारीपनलाई उदाङ्ग पारिरहेको थियो ।

आन्दोलन दिनप्रतिदिन चर्किंदै गएपछि र काठमाडौंका अस्पतालहरू आन्दोनकारी

---

१५९ *राजधानी दैनिक,* २०६३ वैशाख ३ ।

१६० *द काठमाण्डु पोष्ट,* २००६, अप्रिल १६ ।

१६१ निष्ठुरी, *पूर्ववत्,* पादटिप्पणी नं. १०, पृ. ११८ ।

१६२ *कान्तिपुर दैनिक,* २०६३ वैशाख १ ।

१६३ *समय साप्ताहिक,* २०६३ वैशाख ७ ।

घाइतेहरूले भरिएपछि घाइतेको उपचारार्थ चैत्र २९ गते नै कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले काठमाडौं मोडेल अस्पतालमा आन्दोलन प्राथमिक उपचार कोष खडा गरे।[१६४] कलाकारद्वयले १/१ लाख रूपैयाँ राखेर कोषको स्थापना शुरु गरेका थिए। त्यस कोषमा दिनहुँ सहयोग रकम थपिँदै गयो। प्रसुतीगृहका चिकित्साकर्मी र कर्मचारीले उक्त कोषमा एक दिनको तलव बराबरको रकम उपलब्ध गराउने निर्णय गरे।[१६५] नयाँ वर्षको पहिलो दिन चिकित्साकर्मीले हातमा कालोपट्टी बाँधेर विरोध प्रदर्शन गरे। मेडिकेयर अस्पताल चावहिलले आन्दोलनका घाइतेहरूको निःशुल्क उपचार गर्न मेडिकेयर उपचार कोष खडा गऱ्यो।[१६६] यसप्रकार लोकतान्त्रिक आन्दोलनमा स्वास्थ्यकर्मीहरू जुटेर लागे। "सरकारी कर्मचारीमध्ये चिकित्सक, नर्सलगायतका स्वास्थ्यकर्मीको आन्दोलन सबैभन्दा सशक्त बन्न पुगेको छ, शिक्षण अस्पताल महाराजगंजले आन्दोलनमा अग्रता लिन पुग्यो। राजधानीका ठूला अस्पतालमा दिनहुँ लोकतन्त्रको पक्षमा प्रदर्शन भइरह्यो।[१६७]

वैशाख २ गते ओम अस्पताल चावहिलमा बसेको चिकित्साकर्मी स्वास्थ्यकर्मी तथा कर्मचारीको भेलाले आन्दोलनकारीको टाउको र संवेदनशील अङ्गमा गोली र लाठी प्रहार गर्ने कार्य नरोकिए त्यसको विरोधमा आन्दोलन गर्न सडकमा उत्रने निर्णय गऱ्यो।[१६८] ओम अस्पतालका निर्देशक भोला रिजालले प्रजातन्त्र अपहरण गरी जनताको सम्पूर्ण अधिकार कुण्ठित गर्ने विरुद्ध, सबैलाई उत्रिन आह्वान गरे।[१६९] वैशाख २ गते नेपाल स्वास्थ्यकर्मी संघ तथा नेपाल जनस्वास्थ्य संघको नेतृत्वमा स्वास्थ्यसेवा विभाग र आयुर्वेद विभागका कर्मचारीहरूले स्वास्थ्य सेवा विभाग टेकुको परिसरभित्रै "हाम्रो प्रतिवद्धता वर्तमान आन्दोलनमा ऐक्यवद्धता" भन्ने नाराका साथ प्रदर्शन गरे। साथै प्रसुतिगृह वीर अस्पताल शिक्षण अस्पताल, कान्ति बाल अस्पतालमा पनि स्वास्थ्यकर्मीले प्रदर्शन गरे।[१७०] ह्याम्स अस्पतालका चिकित्सकहरूले आन्दोलनका घाइतेको उपचारका लागि १ लाख रूपैयाँको

---

[१६४] के.सी., पूर्ववत्, पादटिप्पणी नं. २०, पृ. ६।

[१६५] *राजधानी दैनिक,* २०६३ वैशाख २।

[१६६] *कान्तिपुर दैनिक,* २०६३ वैशाख २।

[१६७] किरण भण्डारी, "सबै ओर्लिए सडकमा", *समय* राष्ट्रिय साप्ताहिक, २०६३ वैशाख ७ , पृ. २४।

[१६८] *नेपाल समाचारपत्र दैनिक,* २०६३ वैशाख ३।

[१६९] *ऐजन*।

[१७०] *द काठमाण्डु पोष्ट,* २००६ अप्रिल १६।

कोष स्थापना गरे । सो अस्पतालका डा. गिर्वाणराज तिमिल्सिनाले १ लाख रूपैयाँ कोषमा थप गरे । उनले प्रदर्शनकारी घाइते भएको स्थलको जानकारी पाए हामी द्वन्द्व स्थलमा गएर समेत उपचार गर्नसक्छौं भन्ने कुरा बताए ।[१७१] सिनामंगलको काठमाडौ मेडिकल कलेज कर्मचारी युनियनले लोकतान्त्रिक आन्दोलनमा ऐक्यवद्धता जनाउँदै घाइतेको उपचारका लागि एक दिनको तलव वरावरको कोष खडा गऱ्यो। आन्दोलनमा उत्रिएका प्रदर्शनकारीमाथि काठमाडौंमा व्यापक दमन भएका कारण काठमाडौंका अस्पतालहरूमा घाइतेले भरिभराउ भयो। "भिडन्त भएका ठाउँमा स्ट्रेचरमा घाइतेलाई बोकी प्राथमिक उपचार गरेको दृश्यले राजधानी युद्धभूमि जस्तै देखियो। घटनास्थलमै सिलिण्डर बोकेर घाइतेलाई अक्सिजनसमेत दिइएको थियो। ढुगांमुढा, अश्रुग्याँस गोलीका बीच सेतो एप्रोन लगाई उपचारमा संलग्न स्वास्थ्यकर्मी तथा स्वयंसेवीको प्रयास चुनौतीपूर्ण देखिन्थ्यो ।[१७२]

वैशाख ५ गते चिकित्सक संघका महासचिव डा.किरण श्रेष्ठले स्वास्थ्यसम्बन्धी कुनै पनि निकायले सरकारलाई कर नतिर्ने निर्णय गरेको बताए ।[१७३] चिकित्सक सघंले आन्दोलन उत्कर्षमा पुगेको विश्लेषण गर्दै राजनीतिक नेतृत्वलाई खुट्टा नकमाउन आग्रह गऱ्यो। काठमाडौं मोडेल अस्पतालले सरकारले बन्दी बनाइराखेका डाक्टरहरू भरत प्रधान, सरोज धिताल, शरद वन्त, मधु घिमिरे, महेश मास्के, विदुर वस्ती आदिलाई विरामीको उपचारको लागि उनीहरूको खाँचो भएकोले उनीहरूलाई जेलमा नराखी तुरुन्तै अस्पताल फर्काउन माग गऱ्यो ।[१७४]

वैशाख ७ गते स्वास्थ्यकर्मी तथा एम्बुलेन्स समेतलाई सरकारले पास दिएन। पासका कारण घाइतेलाई अस्पताल पुऱ्याउन समेत गाह्रो पऱ्यो। तैपनि शिक्षण अस्पताल, स्तुपा अस्पताल, मोडेल अस्पताललगायतका अस्पतालका एम्वुलेन्सहरूले काठमाडौंमा घाइते ओसारिरहे। घटनास्थलमै उपचार सेवा गर्दै हिडिरहेको अवस्थामा कलंकीमा शोभा गौतम र गणेश मिश्र तथा वनस्थलीमा मधुसुदन घिमिरेलाई प्रहरीले कुटपिट गऱ्यो। ७ गतेको प्रदर्शनमा सरकारको दमनबाट काठमाडौंका गोंगबु तथा कलंकीमा रगतको आहाल लाग्यो। काठमाडौंका अस्पतालमा भरिएका घाइतेहरू अधिकांशको टाउको फुट्नुका साथै आँखाको

---

१७१ *बुधवार साप्ताहिक,* २०६३ वैशाख ६ ।

१७२ मनिष गौतम, "घाइतेले भरिए", *समय* राष्ट्रिय साप्ताहिक २०६३ वैशाख ७।

१७३ *छलफल साप्ताहिक,* २०६३ वैशाख १० ।

१७४ सुलोचना, "डाक्टरलाई जेल होइन, अस्पताल फर्काऊ, *बुधवार* साप्ताहिक २०६३ वैशाख ६)।

ज्योति गुमेको थियो। राजा ज्ञानेन्द्रको वैशाख ८ को शाही सम्बोधनको विरोधमा काठमाडौंमा भएको व्यापक प्रदर्शनमा सयौं घाइते भए। शिक्षण अस्पतालमा उपचार गराइरहेका ८ जनाको आँखाको ज्योति गुम्यो।[१७५] घाइते भएर लडिरहेका कतिपयलाई सुरक्षाकर्मीले एम्बुलेन्स समेत फर्काइदिएकोले उपचारका लागि अस्पताल लैजान अप्ठ्यारो भएको भन्दै चिकित्सकले विरोध गरे।

वैशाख ११ सम्म आइपुग्दा काठमाडौंमा औषधीको समेत अभाव हुन थाल्यो। यसले गर्दा घाइतेको उपचारमा अझै कठिन भएको चिकित्सकहरूले बताए। वैशाख ११ गते रातीको शाही घोषणापछिको विजयजुलुसमा चिकित्सक तथा स्वास्थ्यकर्मीले पनि खुसी मनाए।

जनआन्दोलनका समयमा निरङ्कुशतन्त्रका विरुद्धमा आफै प्रत्यक्षरूपमा आन्दोलनमा उत्रेर घटनास्थल तथा अस्पतालमा घाइतेको उपचार गरेर तथा सरकारको बारुद गोली र अश्रुग्याँस खाँदै ज्यानको बाजी लगाएर स्वास्थ्यकर्मीहरू आन्दोलनमा उत्रिए।"स्वास्थ्यकर्मीको अहिले तेहरो दायित्व छ, घाइतेको उपचार, शासकको पागलपन कम गराउन औषधी दिनु र बन्दुक उठाउने हातलाई खबरदारी गर्नु[१७६] भन्दै आन्दोलनका समयमा साँच्ची नै स्वास्थ्यकर्मीहरूले यी तीनवटै दायित्व पूरा गरे। घाइतेलाई निःशुल्क उपचार गरेको निहुँमा होस् वा निरङ्कुशतन्त्रको विरुद्धमा उत्रेको निहुँमा होस्, सुरक्षाकर्मीले स्वास्थ्यकर्मीलाई तारो बनाइरहे। ड्यूटीमा हिँडेका चिकित्सकलाई समेत बाटैमा कुटपिट गरियो। यस सन्दर्भमा डा. केदारनरसिंह के.सी को अनुभव यस्तो छ -

> २०६२ चैत्र २४ बिहान, कान्ति बाल अस्पतालमा आफ्नो ड्यूटी जाने क्रममा बालाजु चोकमा प्रहरीले हामीलाई कठालो समातेर भ्यानमा कोच्न खोजे, मैले प्रतिवाद गरेँ। म डाक्टर हुँ, ड्यूटीमा जान लागेको, म चिच्याउदै थिएँ। मेरो कुरो उनीहरूले सुनेजस्तो लागेन, उनीहरू मलाई लछारपछार गर्न थाले र मलाई लडाइदिए, मेरो दाहिने घुँडामा गम्भीर चोट लाग्यो म अर्धमूर्च्छित भएछु। पछि मेरा साथीहरूले अस्पताल पुऱ्याएर म बाँचे।[१७७]

त्यसै गरी प्रहरीले शिक्षण अस्पतालको छात्रवासभित्र बसिरहेका विद्यार्थी तथा

---

१७५ *राजधानी दैनिक,* २०६३ वैशाख ९।

१७६ उप्रेती, *पूर्ववत्,* पादटिप्पणी नं. ८४।

१७७ *सयम राष्ट्रिय साप्ताहिक,* २०६३ वैशाख ७।

चिकित्सकलाई पनि अत्याचार गऱ्यो । त्यस घटनाका घाइते सन्तोषकुमार ढुंगाना भन्दछन्-

> प्रहरी एक्कासि भित्र छिरेको थियो । बाहिर निस्कन सक्ने अवस्था थिएन । कोठाको चुकुल पनि लगाउन नपाउँदै प्रहरी कोठाभित्र छिरे । धेरै बोलिस् भने गोली हानिदिन्छु भने । मलाई टाउकोमा हाने र त्यहाँबाट रगत बग्न थाल्यो । म मरेँ मरेँ भन्दै कराएँ तर उनीहरूले तँ मरे केही फरक पर्दैन भने । त्यसपछि पिट्दै मलाई बाहिर ल्याए र भ्यानमा कोचे । भ्यानमा राखेर पनि उनीहरूले मलाई बुटले हान्न छोडेनन् । त्यसपछि उनीहरूले वीरेन्द्र प्रहरी अस्पतालको आकस्मिक कक्षमा पुऱ्याए । त्यहाँ उनीहरूले प्रदर्शनका क्रममा गिरफ्तार गरिएको भन्ने व्यहोराको कागजमा जबरजस्ती हस्ताक्षर गर्न लगाए ।[१७८]

यसरी वास्तवमा शाही सत्ताले स्वास्थ्यकर्मी तथा स्वास्थ्य क्षेत्र जस्तो देशको संवेदनशील अङ्गलाई जनआन्दोलनका क्रममा काठमाडौंमा ज्यादै दुर्व्यवहार गऱ्यो । तैपनि स्वास्थ्यकर्मीहरू आफ्नो सेवामा तथा देशलाई निरङ्कुशताबाट मुक्त गर्ने बाटोमा सधैं अग्रसर रहिरहे । यस अर्थमा जनआन्दोलन भाग-२ मा काठमाडौंमा स्वास्थ्यकर्मीको भूमिका अतुलनीय छ भन्न सकिन्छ ।

### ४.३.३. लेखक-कलाकार तथा साहित्यकारहरुको भूमिका

लेखकले आफ्नो स्वतन्त्र लेखमार्फत, कलाकारले कलामार्फत र साहित्यकारले कथा, कविता, उपन्यास जस्ता साहित्यमार्फत सर्वसाधारणलाई अर्थात, पाठक श्रोता तथा दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्दै सामाजिक चित्रणको झझल्को दिन्छन् । तर कलाकार, साहित्यकारको कर्तव्य त्यति मात्रै हुँदैन, जब देशमा संकट आइलाग्छ, त्यसलाई पार लगाउन पनि आफ्नो कला र कलमको उपयोग गरेका हुन्छन् । देशमा कुनै तानाशाहले जनतामाथि थिचोमिचो गर्दै मनमरीतन्त्र चलाउँछ र आमसरोकारलाई चासो दिँदैन भने त्यहाँ विद्रोह शुरु हुन्छ, त्यस विद्रोहलाई उचाई थप्न लेखक-कलाकार साहित्यकारहरूले व्यङ्ग्गात्मक लेखन तथा कला प्रस्तुत गर्दछन् । जसबाट निरङ्कुशतन्त्रलाई प्रहार गर्न सजिलो हुन्छ । “जब जब विचलन आउँछ, स्वतन्त्रताका हिमायती कलाकार-साहित्यकारकहरू स्वतन्त्रताको पक्षमा गोली खानै परे पनि छाती तन्काएर मोर्चामा

---

१७८ *ऐजन ।*

उत्रिन्छन् ।"[१७९] साँच्चै नै कलाकार-साहित्यकारहरूले देशमा भएको निरङ्कुशताको विरुद्धमा छातीमा गोली थाप्न पनि पछि परेनन् ।

नेपालमा पञ्चायती व्यवस्थाविरुद्ध भएको जनआन्दोलन २०४६ मा पनि लेखक, कलाकार तथा साहित्यकारहरूले आफ्नो कलम र कलामार्फत देशलाई प्रजातन्त्रमय बनाउनमा ठूलो योगदान दिएका थिए । हुनत त्यसवेला नेपालको संविधान २०१९ को धारा ११ मा स्वतन्त्रताको हकअन्तर्गत वाक् तथा प्रकाशन स्वतन्त्रताको व्यवस्था गरिएको भए तापनि पञ्चायती व्यवस्थाको मूल्य र मान्यताभन्दा बाहिर गएर लेख्न लेखक कलाकारलाई स्वतन्त्रता थिएन, तथापि पञ्चायती व्यवस्थाको विरुद्धमा जब सर्वत्र आवाज उठ्न थाल्यो लेखक कलाकारले पनि आफ्नो कला र साहित्यको प्रस्फुटन गराए । लेखक, साहित्यकारका कविता तथा कथाले पञ्चायती व्यवस्था ढल्नमा ठूलो योगदान दिए ।

हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए,
बन्दैन देश दुइचार सपुत मरेर नगए ।

भूपि शेरचनको यो कविताले पनि त्यस्तै सन्देश दिन्छ। यसरी कवि तथा साहित्यकारले देशलाई रगत दिन पनि डराउनु हुँदैन भन्ने सन्देश दिएर आमजनतालाई हौंस्याउने काम गरेका हुन्छन् ।

जब राजा ज्ञानेन्द्रले २०६१ माघ १९ को शाही कु गरे तब त्यसका विरुद्धमा सशक्त रूपमा उत्रन लेखक-साहित्यकारलाई शाहीसत्ताले दिएन। तैपनि लेखक साहित्यकारहरू लेखनमा जुटिरहे। दरबार हत्याकाण्डलाई मरिसकेका राजा दीपेन्द्रले घटाएको भनी जब प्रचार गरियो, पत्याउन गाह्रो मानेका जनता माझ एउटा पुस्तक आयो- "इतिहासमा कालो पोतिएको अनुहार"। राजा वीरेन्द्रको वंशविनाससँगै अब नेपालको परम्परागत राजतन्त्र खरानी भयो[१८०] बन्दुकको आडले राजतन्त्र बाच्ने दिन अब गए भन्ने उल्लेख गर्दै खगेन्द्र संग्रौलाले पुस्तकमा वास्तवमा दीपेन्द्र हत्यारा थिएनन् भनी यसरी उल्लेख गरे- "ठूला र बलियाले संगीनको भाषामा जेसुकै भनुन्, दीपेन्द्र तिमी मारिएकै हौ, विवेकको भाषा बोल्न रुचाउनेहरूले अन्तस्करणमा देखेको सत्य यही हो तिमी मारिनु र संगीनको साहाराले तिम्रो नाम हत्यारामा दरिनु यस देशको इतिहासमा टाँगिएको एउटा

---

१७९ रमण घिमिरे, "प्रतिकार अनि स्वागतको खेती", *नेपाल* राष्ट्रिय साप्ताहिक, २०६३ वैशाख २४ ।

१८० खगेन्द्र सग्रौला, *इतिहासमा कालो पोतिएको अनुहार,* काठमाडौं: अन्तरक्रिया प्रकाशन प्रा.लि., २०५८, पृ. २६ ।

लाजमर्दो कथा हो ।[१८१]

यस पुस्तकले दरबारको जनता छल्ने प्रवृत्ति जनतामाझ छर्लङ्ग बनाइदियो । यसरी दरबार हत्याकाण्डदेखि नै लेखक साहित्यकार, कलाकारहरू त्यसको विरुद्धमा उत्रिसकेका थिए ।

माघ १९, २०६१ मा राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन शुरु गरेपछि त्यसका विरुद्धमा लेखकहरूले विभिन्न लेखमार्फत तथा साहित्यकारले कविता, कथामार्फत र कलाकारले कलामार्फत जुटे। २०६२ माघ २६ गतेको नगर निर्वाचनलाई बहिस्कार गर्न पनि यो वर्गले सक्रिय भूमिका खेल्यो ।"वास्तविक चुनावको त बहिस्कार हुनै सक्दैन, तर यो त चुनावको नाममा नाटक हुन लागेकोले हामी स्रष्टाहरूले त्यो चुनाव बहिस्कार गर्छौं। स्रष्टाहरू सचेत नागरिक हुनाले मूल्य र मान्यतामा सम्झौता गर्दैनौं, कुनै पनि नागरिक खतरा वा डरत्रासबाट मुक्त छैनन् भन्ने स्रष्टाहरूले बुझेका छन् त्यसैले हामीले, आमजनताको सहभागिता हुने चुनावका लागि जनमत तयार गर्न यो नाटकरूपी निर्वाचनको बहिस्कार गर्नुपर्छ। व्यक्तिगत कुराकानी, घरदैलो, लेख वा अरू सृजना प्रकाशित गरेर तथा सभा सम्मेलन जस्ता विभिन्न उपायहरू अबलम्वन गरेर चुनाव बहिस्कार अभियान चलाउँछौं[१८२] भनी एक स्रष्टाले बताउँछन् । यसरी चुनाव बहिस्कार गरेर राजाको प्रत्यक्ष शासनको स्रष्टाहरूले विरोध गरे ।

२०६२ चैत्र २४ देखि शुरु भएको जनआन्दोलनमा स्रष्टाहरूले सडकमै उत्रे र व्यङ्ग्यात्मक साहित्यमार्फत शाही सत्ताको विरोध गरे ।[१८३] गीतकार तथा गायकहरुले आफ्ना गीतहरु यसरी प्रस्तुत गर्दथे ।

जीत उसको निश्चित छ,
जसले लड्ने साहस गर्छ,
शिखरमा उही पुग्छ
जसले चढ्ने साहस गर्छ ।

जनगायक रामेशको गीतले भने झै जनताको जीतका लागि स्रष्टाहरू लड्न

---

१८१ *ऐजन,* पृ. ४५।

१८२ वैरागी काइला, वरिष्ठ साहित्यकारसँग मूल्याङ्कन मासिक पत्रिकाले २०६२ माघमा गरेको कुराकानीबाट ।

१८३ *विमर्श साप्ताहिक,* २०६२ चैत्र २५ ।

सडकमा ओर्ले । गाउँ गाउँ बाट उठ, बस्ती बस्ती बाट उठ, यो देशको मुहार फेर्नलाई उठ, हातमा कलम हुनेहरू कलम लिएर उठ ............. साथमा केही नहुनेहरू आवाज लिएर उठ । रामेशको यो गीतले साँच्ची नै सबै देशवासीलाई गाउँ नगरबाट उठ्न र सबैलाई उठ्न प्रेरित गरिरहेको थियो । शाही कदमपछि आन्दोलनलाई उर्जा दिन रामेश रायनदेखि लिएर रामकृष्ण ढकाल, बालगायक रुविन गन्धर्व आदिले कम्ती दिलो ज्यान दिएनन् ती दिनहरूमा ।[१८४]

१९ दिन जनआन्दोलनको क्रममा शाही सत्ताको विरोध गर्न स्रष्टाहरू शुरुदेखि नै सडकमा उत्रेका थिए ।

चैत्र ३० गते गुरुकूल सम नाट्यघरमा भएको स्रष्टाहरूको शान्तिपूर्ण भेलामा शाही सत्ताका सुरक्षाकर्मीले स्रष्टाहरूमाथि लाठी मात्र बजारेन, उनीहरूलाई लक्षित गरेर गोली समेत चलायो ।[१८५] शान्तिपूर्ण भेलाबाट १२ जना स्रष्टाहरूलाई निर्घात कुटपीट गर्दै गिरफ्तार गरियो ।[१८६] गिरफ्तार पर्नेहरूमा डा. तुलसी भट्टराई, हरि गोबिन्द लुइँटेल, डा. सञ्जीव उप्रेती, मनोज न्यौपाने, राजुमान डंगोल, युवराज घिमिरे, ठाकुर वेल्वासे, भोलाराज सापकोटा, रत्नकुमार राई आदि थिए ।[१८७]

चैत्र ३० मै प्रसिद्ध कलाकारहरू मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यले पञ्चायतको श्राद्ध नामक प्रहसन देखाए । स्रष्टाहरूमा लोकतन्त्रको पक्षमा कविता वाचन गर्दै सडकमा ओर्लेपछि प्रहरीले लाठीचार्ज गर्न शुरु गरेको थियो, प्रहरीले भीडमाथि अन्धाधुन्ध गोली चलाएपछि गुरुकूल परिसरमा पनि फायरिङ गऱ्यो ।[१८८] प्रहरीको फायरिङपछि त्यहाँ रहेका स्रष्टाले कोठामा लुकेर पर्खालबाट हाम फालेर ज्यान बचाएका थिए ।[१८९] शाही सरकारले गोलीले आन्दोलन दबाउने पागलपनमा लागेको छ, तर गोली त त्यतिवेलासम्म काम लाग्छ, जति वेलासम्म मानिस गोलीदेखि डराउँछ, डराउन छोडेपछि त्यसको कुनै अर्थ छैन,

---

१८४ छत्र कार्की, “विचार मार्न सक्दैन गोलीले”, *समय* साप्ताहिक, २०६३ वैशाख १४ ।

१८५ *छलफल साप्ताहिक,* २०६३ वैशाख ३ ।

१८६ *समय साप्ताहिक,* २०६३ वैशाख ७, पृ २४ ।

१८७ *छलफल साप्ताहिक,* २०६३ वैशाख ३ ।

१८८ *बुधबार साप्ताहिक,* २०६३ वैशाख ६ ।

१८९ छत्र कार्की, “स्रष्टाहरूमाथि क्रुर दमन”, समय राष्ट्रिय साप्ताहिक, २०६३ वैशाख ७ ।

स्वतन्त्रताका लागि हजारौं मानिस शहीद बन्न तयार छन् [१९०] भन्दै लेखकहरुले आफ्ना कलम चलाइरहे । चैत्र ३० मा स्रष्टाहरूमाथिको प्रहरीको दमनको प्रत्यक्ष अनुभव गरेका एक स्रष्टा भन्दछन् -

> म हामीलाई चुट्ने सुरक्षाकर्मीको अनुहार तथा आँखामा हेरेर उनीहरूलाई ठम्याउन, बुझ्न खोज्दै थिए, के होला तिनको नाम, राम, हरि, विजय, श्याम, कृष्ण ? बढीजसो आफ्नै गाउँघरमा भेटिरहने साथीभाई जस्तै देखिन्थे । तर अनुहारमा पोतिएको आतंकले उनीहरूलाई विरूप पारेको थियो । आफ्नो स्वविवेक र स्वतन्त्र निर्णयको क्षमतालाई हटाएर उनीहरू फगत राज्य आतंकका कठपुतली बन्न पुगेका थिए, मात्र दमनका संयन्त्रहरू । हामीलाई गाली गर्नु, चुट्नुमा यी विचरा सिपाहीहरूको कुनै दोष छैन, मनमनै सोचें, मेरो खुट्टामाथि बज्रिने लाठी त्यो सिपाहीको नभएर राजा ज्ञानेन्द्रको हो, मलाई तथानाम हप्काउने स्वर पनि तिनै राजा ज्ञानेन्द्रकै हो, उसका आतंक पोतिएका डरलाग्दा आँखा पछाडिबाट पनि मलाई राजा ज्ञानेन्द्र नै हेर्दैछन् ।"[१९१]

चैत्र ३० को स्रष्टाहरूको आन्दोलनमा ५०० भन्दा बढी स्रष्टाहरूको उपस्थिति थियो । प्रहरीको लाठीबाट कलाकार देशभक्त खनाल सख्त घाइते भए । कार्यक्रममा सुनिल पोखरेल, विष्णु विभू घिमिरे, किरण मानन्धर, डा. अरूण सायमी, निखिल उप्रेती, हरिगोबिन्द लुइटेल, देशभक्त खनाललगायतका कलाकार तथा स्रष्टाले निरङ्कुशताको विरोध गर्दै लोकतन्त्रको पक्षमा आफ्नो विचार राखेका थिए ।[१९२]

कलाकारहरुको भनाई थियो -"हामी कलाकारका साथसाथै यो देशका जनता पनि भएको कारण देश कता गइरहेको छ, भन्ने तिर पनि हाम्रो ध्यान जान्छ । देशमा शान्ति र स्वतन्त्रता नभएमा कलाकारिता फष्टाउन पाउँदैन, शान्ति र स्वतन्त्रताका लागि लोकतन्त्र आवश्यक भएकोले हामी पनि लोकतान्त्रिक आन्दोलनमा सक्रिय भएका हौं ।"[१९३]

वास्तवमा जनआन्दोलन ०६२/६३ मा कलाकार साहित्यकारहरूले गरेको आन्दोलनले

---

[१९०] अमर गिरी, "आन्दोलन, गोली र भविष्य", *साँघु* साप्ताहिक २०६३ वैशाख ६ ।

[१९१] डा. सञ्जीव उप्रेती, "स्रष्टाहरूको आन्दोलन", *कान्तिपुर दैनिक,* २०६३ वैशाख ४ ।

[१९२] *कान्तिपुर दैनिक,* २०६२ चैत्र ३१ ।

[१९३] मदनकृष्ण श्रेष्ठसँग मिति २०६४।३।१६ मा लिइएको अन्तरवार्ताबाट प्राप्त जानकारी ।

आम समुदायलाई उत्साहित र रोमाञ्चित बनाएको थियो। वरिष्ठ कलाकार मदनकृष्ण भन्दछन्- हामी कलाकारहरू चेतनाका वाहक पनि भएकोले जनताको राजतन्त्रविरोधी र लोकतन्त्रको पक्षमा रहेको सन्देशलाई राज्यभरि र शासक वर्गको कानमा पुऱ्याउने जिम्मेवारी हाम्रो पनि भएकोले हामी लोकतान्त्रिक आन्दोलनमा प्रत्यक्ष रूपमा सहभागी भएका थियौं।[१९४]

लोकतान्त्रिक आन्दोलनमा शासकको विरोध गर्दै र लोकतन्त्रको पक्षमा गायकहरूले गीतमार्फत आफ्नो अभिव्यक्ति पोखे। राजा ज्ञानेन्द्र र उनको सत्ताको विरोधमा गायक रुविन गन्धर्वले सारंगी रेट्दै र-"निरङ्कुशता दुईदिनको भएनी, लोकतन्त्र जुनी भरीलाई।" भन्ने गीत गाए। निरङ्कुशताको विरोध गर्दै गायक नन्दकृष्ण जोशीले देउडा गाए। जनआन्दोलनकै क्रममा १५ दिन उनी थुनामा परेका थिए।[१९५] "साढे दुई करोड जनताका अनगिन्ती धर्म संस्कृति र कलालाई राजाको शासनकालमा निरङ्कुशताले छोपेर राखेको थियो, पश्चिमको देउडादेखि पूर्वको धाननाचसम्मले मौलाउने अवसर पाएका थिएनन्, मौलिक संस्कृतिमाथि लादिएको निरङ्कुशतालाई अन्त्य गर्नका लागि हामी कलाकारहरू पनि सो आन्दोलनमा उत्रियौं।"[१९६] देउडा गायक जोशीको भनाइ थियो।

यसरी कलाकारहरू आफ्ना गीत, कविता, सारंगी, संगीत तथा कलामार्फत जनतालाई निरङ्कुशताको विरुद्धमा उठ्न प्रेरित गरिरहेका थिए। गायक बद्री पंगेनी निरङ्कुशताको अन्त्यका लागि आफ्नो स्वर खर्चिरहेका थिए-

शान्ति ल्याउँछ जनताकै बोलीले
विचार मार्न पाउँदैनस् गोलीले
छिनको छिनैमा, लोकतन्त्र हामीले लिनुछ,
दुई-चार दिनैमा

पंगेनीले दिनहुँ काठमाडौंका चोक र गल्लीमा यस्तै खाले गीत गाएर हिंडिरहेका थिए।[१९७] लोकतान्त्रिक आन्दोलनमा दिलो ज्यान दिएर लाग्ने गायक बद्री पंगेनीको भनाइ यस्तो छ -

---

१९४ हरिवंश आचार्यसँग मिति २०६४।३।१६ मा लिइएको अन्तरवार्ताबाट प्राप्त जानकारी।

१९५ *हिमाल खबरपत्रिका,* २०६३ वैशाख १६-३१।

१९६ नन्दकृष्ण जोशीसँग मिति २०६४।७।२८ मा गरिएको कुराकानीबाट प्राप्त जानकारी।

१९७ निष्ठुरी, पूर्ववत्, पादटिप्पणी नं. १०, पृ. १६५।

देश संकटमा परेको वेला कुनै नेता नभए पनि, देश र जनताको लागि सडकमा उत्रिनुपर्ने रहेछ, त्यसैले हामी आन्दोलनमा उत्रियौं, गीत र कविता मार्फत शासकलाई औंला ठड्याउँदै जनतालाई आन्दोलनमा आउन जागृत गरायौं । तर नेताहरू फेरि पनि पहिले जस्तो स्वार्थीपनमा भुल्ने हो भने देश झनै संकटमा पुग्छ, अझै पनि ढुक्क परेर वस्ने अवस्था छैन, निरङ्कुशताका पक्षधर कतै न कतै ताकेर बसेका हुनसक्छन् । यो कुरा दलहरूले पनि बुझ्नुपर्छ । त्यसैले लोकतन्त्र आएपछि अर्थात् वैशाख ११ पछि पनि नेताहरू र जनतालाई सचेत गर्दै अर्को एल्वम निकालें ।

त्रिशुलीमा दिनहुँ बालुवा चाल्नेहरू,
सोलुमा भारी बोकी जहानबच्चा पाल्नेहरू,
अझै नि लोकतन्त्र आ'को छैन है,
जनताले भने झै भा'को छैन है,
जनताको शासन त चल्या छैन है[१९८]

साँच्ची नै लेखक, कलाकारहरूले आफ्ना अभिव्यक्तिमार्फत जनतालाई सचेत र नेतालाई खबरदारी गरी आन्दोलनलाई अगाडि बढाउन सक्दारहेछन् । जनआन्दोलन भाग २ मा पनि स्रष्टाहरूले यस्तै जिम्मेवारी निभाए ।

संस्कृतिविद् सत्यमोहन जोशीले संस्कृति र नीतिको अभाव हटाउन अब सांस्कृतिक रोडम्याप बनाउनुपर्ने कुरा उठाउँदै आन्दोलनमा उत्रे । उनले जनलहर उत्रिएपछि बल्ल निरङ्कुशताको घैटोमा घाम लागेको बताए ।[१९९] जोशीसँगै वैरागी काइँला, आनन्ददेव भट्ट, खगेन्द्र संग्रौला, विमल निभा, विक्रम सुव्वा, निनु चापागाई, वसन्त थापा, स्नेह सायमी, विष्णु विभू घिमिरे, तुलसी भट्टराई, डा.अभि सुवेदी, डा. दुर्गाप्रसाद भण्डारी, डा. अरूण सायमी, नारायण ढकाल, गोबिन्द वर्तमान, हरिगोबिन्द लुइँटेल, केदार शर्मा, लक्ष्मण गाम्नाङे, लक्ष्मी माली, बुद्ध सायमी, विप्लव प्रतीक, विप्लव ढकाल, डा.सञ्जीव उप्रेती, पद्मा गौतम, राजकुमार के.सी, ठाकुर वेल्वासे लगायतका धेरै स्रष्टाहरू सडकमा उत्रिएका

---

[१९८] बद्री पंगेनीसँग मिति २०६४।७।२९ मा लिइएको अन्तरवार्ताबाट प्राप्त जानकारी ।

[१९९] *हिमाल खबरपत्रिका,* २०६३ वैशाख १६-३१ ।

थिए ।[२००]

वर्षौंदेखि यस राष्ट्रका धेरै कलाकारहरूले खाली सत्ताको तातो मात्र तापिरहे । हरेक व्यवस्था र सरकारअघि कलाकारहरूको ठूलो जमात रामलीलाको नौटंकी कलाकारजस्तो हनुमानशैलीमा घुँडा टेकेर स्तुतिगानमै मात्र तल्लीन रहे तर आज समय फेरिएको छ, निखिल उप्रेतीले गुरुकुलमा साहस देखाए, अशोक शर्मा र विपना थापाले रिपोर्टर्स क्लबमा सामर्थ्य देखाए, अब चलचित्रका सबै कलाकर्मीले यसरी नै आफ्नो निर्णय सुनाउने वेला आएको छः ।[२०१] गीतकारहरुले यसरी पनि आफ्नो प्रस्तुती गरे-

"देश बिग्रेको छ छैन भन त
मिल्नुपर्छ, पुलिस र जनता"
वनको काफल वनकै चरीलाई
तेरो शासन दुई दिनको भएनि,
हाम्रो शासन सधैंभरिलाई"

मैले यो गीत गाएपछि सुरक्षामा तैनाथ कतिपय प्रहरीहरूले अझै गीत गाउन फर्माइस गर्दथे, एक जना प्रहरीले त मसित हात मिलाउन आए, यसरी निरङ्कुशतालाई बचाउन जनताका टाउकोमा लाठी बजार्ने सुरक्षाकर्मीलाई पनि गीत-संगीतले प्रभाव पार्दो रहेछ, त्यसपछि मैले बुझें, सुरक्षाकर्मी पनि ज्यान पाल्नका लागि बाध्यताको भुमरीले लाठी बर्षाउन विवश थिए [२०२] गायक पंगेनीको भनाई थियो ।

यसरी स्रष्टाहरूले आफ्ना सृजनामार्फत शाही सत्ताको विरोध गरे लोकतन्त्रको पक्षमा जनमत तयार पार्न सहयोग गरे । सडकमा उत्रेर र नाटक तथा कविता वाचन गरेर मात्र होइन, लेखमार्फत पनि शाहीसत्ताको विरोध गरे । शाही सत्ताको विरोधमै लेखक खगेन्द्र संग्रौला लेख्दछन्-

तानाशाही शासकको पन्तुरोमा आफ्नो खोटो अनुहारलाई छोप्ने आवरणहरू धेरै हुदैनन् । राजाका जति थिए, ती सबै काम नलाग्ने पत्रु भैसके । नियत,

---

२०० *हिमाल खबरपत्रिका,* २०६३ वैशाख १६-३१ ।

२०१ रमण घिमिरे, "कोही तटस्थ रहन पाउँदैन", *नेपाल* राष्ट्रिय साप्ताहिक, २०६३, वैशाख १० ।

२०२ पंगेनी, पुर्ववत् पादटिप्पणी नं. १३४ ।

> नीति र आचरण हरेक दृष्टिले शाही शासन खोक्रो धोक्रो ठहरियो, मौसुफको दैवी शासनमा सुदुर आकाशको चन्द्रमा सुनको थाली भएर आफ्नो आँगनमा झर्ला भनि मिथ्या आशा गर्नेहरू जो थिए, अब ती सबै घोर निराश भएका छन् । बोलीको जवाफ गोलीले दिने यो कुशासनले नेपाली समाजलाई निर्जन र उजाड मरुभूमि तिर डोऱ्याइरहेका दृष्य अब तिनका आँखासामु छर्लङ्ग छ ।[२०३]

वास्तवमा यो जनआन्दोलनमा लेखक-कलाकार, साहित्यकारहरूले विनास्वार्थ सत्ताको लाठी र अश्रुग्याँस खाएर संघर्ष गरे । जनताहरू कुनै नेता वा दलहरू भन्दा बढी स्रष्टाहरूका पछि देखिन्थे । स्रष्टाहरूका व्यङ्ग्यात्मक सृजनामा हजारौंका ताली बज्दथे । कलाकारहरूप्रति आम नेपालीको साँच्चै प्रगाढ सम्वन्ध भएका कारण पनि कलाकारहरूका क्रियाकलापबाट जनता छिटो बुझ्न सक्ने कुरा विपना थापा बताउँछिन् । उनी भन्छिन् - "कलाकारहरू जनताकै चाहनाका उपज हुन, तसर्थ देश र जनताका लागि जस्तो सुकै कार्य गर्न पनि कलाकार पछि हट्नु हुँदैन, कुनै पद नलिएर पनि हामी आन्दोलन गर्न र जनतालाई विश्वास दिन सक्छौ भन्ने लागेर हामी आन्दोलमा गयौं ।"[२०४]

साँच्ची नै काठमाडौंका हरेक चोक र गल्लीलाई सरकारले निषेधित क्षेत्र घोषणा गर्दै आन्दोलन दबाउन गरेको प्रयासलाई स्रष्टाहरूको यस्तो सृजनाले सोझै प्रहार गरेका थिए । स्रष्टाहरूले सरकारका गोली, बारुद, लाठी र अश्रुग्याँसको उत्तर आफ्ना सृजनाले दिइरहेका थिए । लेखक कलाकार र साहित्यकारले जनआन्दोलनलाई निष्कर्षमा पुऱ्याउन साँच्ची नै ठूलो भूमिका खेलेका थिए । विचार मर्न सक्दैन गोलीले भन्ने तथ्यले त्यसवेला सार्थकता पायो, जब शाही सत्ताको विरुद्धका कला र साहित्य सडकमा छरिए । अनि वैशाख ११ को घोषणा भयो । लेखक, कलाकार र साहित्यकारको कलम र कलाले शाही सत्ताका बन्दुक र गोलीलाई निस्तेज र बेकाम बनाइदिए । हास्य कलाकार मनोज गजुरेलले राजाको भेषभूषा जस्तै नक्कल गरी राजा बनेर व्यङ्ग्यात्मक शैलीमा राजाको नक्कल गर्दै पूर्व-पश्चिम भ्रमणमा राजाले जनतालाई झुक्याएको चित्रण गरे । नायक निखिल उप्रेतिले "निरङ्कुशताबाट मुक्ति पाएपछि मात्रै चलचित्र उद्योग फस्टाउँछ, त्यसैले हामी आन्दोलनमा होमियौ" भन्ने बताए ।[२०५] यसरी ०६२/६३ को

---

[२०३] खग्रेन्द्र संग्रौला, "शासकको मति र दुर्गति" *कान्तिपुर,* २०६३ वैशाख ६ ।

[२०४] विपना थापासँग मिति २०६४।८।३ मा लिइएको प्रत्यक्ष अन्तरवार्ताबाट प्राप्त जानकारी ।

[२०५] निखिल उप्रेतीसँग दृष्टि साप्ताहिकले वैशाख १९, २०६३ मा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

जनआन्दोलनमा काठमाडौंमा लेखक, कलाकार तथा साहित्यकारहरुले उल्लेखनीय भुमिका निभाए ।

### ४.३.४. कानुन व्यवसायीहरूको भूमिका

कानुनको व्याख्या गरेर अन्यायमा परेकालाई न्याय दिलाउने काम कानुन व्यवसायीहरूको हो । तर जब देश नै कुनै वर्ग वा शासकबाट अन्यायमा पर्छ भने त्यसको पनि कानुनी उपचार गराउने दायित्वसमेत बोकेका हुन्छन्, कानुन व्यवसायीहरूले । कुनै एक शासक वा वर्गले देशमाथि र जनतामाथि अन्याय गरेको बेलामा कानून व्यवसायीहरू चुप लागेर बसे भने देशले कहिल्यै न्याय पाउन/दिन सक्दैन । कानुन व्यवसायीहरू स्वतन्त्र र निष्पक्ष भएमा मात्र देश र जनताले साँचो न्याय पाउन सक्छ ।

२०४६ सालको आन्दोलनमा पनि कानुन व्यवसायीहरूले मूल कानुन गलत छ, राज्यव्यवस्था गलत छ भन्ने वकालत गर्दै पञ्चायती व्यवस्थाको विरुद्धमा सडकमा ओर्लेका थिए भने जब राजा ज्ञानेन्द्रले संविधान विपरीत माघ १९ को कदम चाले, सर्वअधिकार सम्पन्न शाही आयोग गठन गरे, तब कानुन व्यवसायीहरूले त्यसको विरोधमा उत्रे ।

राजा ज्ञानेन्द्रको माघ १९ को कदमपछि संविधानमा उल्लेख भएको स्वतन्त्र न्यायपालिका माथि नै धावा बोलियो, न्यायपालिका माथि नियन्त्रण गर्न खोजियो, त्यसको विरोधमा कानून व्यवसायीहरू उत्रे । मुलुककै उच्च न्यायालय सर्वोच्च अदालतलाई समेत शाही सरकारले नियन्त्रण गर्न खोज्यो । १९ माघ २०६१ पछि विधिको शासन, स्वतन्त्र न्यायपालिका र मानव अधिकारबारे अडिग रहन नसकेको तथा संवैधानिक सर्वोच्चता विरुद्ध क्रियाशील रहेका पवनकुमार ओझालाई न्यायाधीशमा नियुक्त गरेको भन्दै नेपाल बार एशोसिएयनको २०६२ पुस १८ को बैठकले प्रधान न्यायाधीश दिलिपकुमार पौडेल र न्यायधीश पवनकुमार ओझा दुवैलाई सार्वजनिक समारोहमा वहिस्कार गर्ने निर्णय गऱ्यो ।[२०६] यस प्रकार शाही शासनपछि सर्वोच्च अदालत पनि शासकको मतियार बनेको भन्दै कानुन व्यवसायीहरूले त्यसको विरोध गरेका थिए ।

२०६२ माघ २६ गते राजा ज्ञानेन्द्रले सैनिकको चौघेराबाट जनसहभागिता विनाको नगरनिर्वाचनको नौटंकी रचेपछि सात राजनैतिक दलहरूले जस्तै कान व्यावसायीहरूले पनि

---

[२०६] *कान्तिपुर दैनिक,* २०६२ पुस १९ ।

चुनाव वहिस्कार गर्ने घोषणा गरे ।[२०७] चुनाव बहिस्कार गर्ने सम्वन्धमा बार अध्यक्ष शम्भु थापाले भने - सम्पूर्ण कुरा संविधान अनुकूल नभएको अवस्थामा नगरनिर्वाचनमा के को लागि भाग लिने ? थुनिएका मान्छे छुटाउने कि ? सत्ता हस्तान्तरण गर्ने कि ? मुलुकको द्वन्द्व व्यवस्थापन गर्ने ? यसबाट केही पनि गर्न सकिन्न । राष्ट्रलाई जुन समस्या परेको छ, त्यसको समाधानमा पो जानुपर्छ त त्यसैले यस्ता कुनै समस्या समाधान नहुने राजनीतिक खेल खेलेर कुनै फाइदा छैन, यो नाटक मात्रै हो । त्यसैले हामीले यसलाई बहिस्कार ग-यौं ।[२०८] यस प्रकार कानुन व्यवसायीहरूले नगरनिर्वाचनको वहिस्कार गरी राजाको प्रत्यक्ष शासनप्रति असहमति प्रकट गरे ।

अर्कोतिर २०६१ फागुन ५ गते राजाले भ्रष्टाचार नियन्त्रण गर्ने नाममा यस्तो आयोग गठन गरे, जसलाई मुद्दा तामेली गर्ने, फैसला सुनाउने र सजाय गर्ने सबै अधिकार दिइएको थियो । यसले राजाको विरोधमा उत्रने जो कोहीलाई पनि आफ्नो जाँतोमा पिध्न सक्थ्यो ।[२०९] कानुन व्यवसायीहरू यो शाही आयोग विरुद्ध खनिए, यसलाई खारेज गरिपाउँ भनी परेको रीटमा सर्वोच्च अदालतले २०६२ फागुन १ गते फैसला सुनायो । राजाको सर्वसत्तावादी चिन्तनजन्य शाही आयोग सर्वोच्च अदालतद्वारा फागुन १ गते खारेज भयो ।[२१०]

अर्कोतर्फ सरकारका निरङ्कुश गतिविधिहरू छर्लङ्ग जनतामाझ आउने डरले सरकारले रेडियो सगरमाथा बन्द गर्नुका साथै एफ.एम.हरूबाट समाचार प्रसारण गर्न नपाउने भनी दिएको आदेशलाई २०६२ मंसिरमा सर्वोच्च अदालतले उल्टाइदियो ।[२११] यस प्रकार जनविरोधी कार्य गरेको सरकारलाई न्यायालयले जवाफ दिँदै गयो ।

२०६२ चैत्र २४ गतेदेखि सात राजनैतिक दलको आह्वानमा शुरु भएको आम हड्तालमा कानुन व्यावसायीहरूले दिलो ज्यान दिएर समर्थन गरे । आम हड्तालको पूर्वसन्ध्यामा चैत्र २३ गते नयाँ बानेश्वरमा भएको प्रदर्शनमा नेपाल बार एशोसिएसनका अध्यक्ष शम्भु थापा, उपाध्यक्ष शेर बहादुर के. सी. तथा महासचिव माधव बास्कोटालगायत

---

२०७ *मूल्याङ्कन मासिक पत्रिका,* २०६२ माघ ।

२०८ शम्भु थापा, सँग मूल्याङ्कन मासिक पत्रिका,२०६२ माघले गरेको कुराकानी ।

२०९ सुवास देवकोटा, *लोकतन्त्रको बाटो ,* काठमाडौं, सुवास देवकोटा, पृ. ९

२१० मोदनाथ खनाल, “माघ १९ को जाँतोमा”, *समय* राष्ट्रिय साप्ताहिक, २०६३ वैशाख ७ ।

२११ *कान्तिपुर दैनिक,* २०६२ मंसिर १६ ।

१३ कानुन व्यवसायीहरू पक्राउ परे।[२१२] चैत्र २५ गते कानुन व्यवसायीहरूले हातमा कालोपट्टी बाँधेर प्रदर्शन गरे। बार एशोसिएसनले आयोजना गरेको कार्यक्रममा वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले विधिको शासन ल्याउन जस्तोसुकै आन्दोलन गर्न पनि तयार हुनुपर्ने र कोठे अध्यादेशका रूपमा आएका कानुन जनतालाई नचाहिने बताए भने वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले सबै तहका जनतालाई प्रजातन्त्रको स्वाद चखाउन नयाँ संविधानका लागि लड्नुपर्ने बताए।[२१३] त्यस्तै बारका अध्यक्ष शम्भु थापाले खोसेको अधिकार फिर्ता दिनुपर्ला भनेर जनता मार्न थालिएको, राजाले आन्दोलनलाई ठट्टा नठाने हुने र आन्दोलन उर्लेपछि यसले कसैलाई बाँकी नराख्ने कुरा बताए।[२१४]

जनआन्दोलनले दिनहुँ उचाई लिँदै गएको सन्दर्भमा सरकारी पक्षबाट अत्यधिक दमन भएपछि चैत्र २९ गते नेपाल बार एशोसिएसनले जनआन्दोलनका क्रममा अमानवीय व्यवहार र क्रुरता देखाउने सुरक्षाकर्मी तथा सरकारी पदाधिकारीको सूची तयार पार्न तथा राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय रूपमा कारवाहीका लागि दवाव दिन बार अध्यक्ष शम्भु थापाको संयोजकत्वमा एक समिति गठन भयो।[२१५] समितिमा कानून व्यावसायीहरू शेरबहादुर के.सी., नगेन्द्रकुमार राई, राधेश्याम अधिकारी, विश्वकान्त मैनाली, हरिहर दाहाल, अग्नि खरेल, सतिसकृष्ण खरेल तथा सदस्य सचिवमा माधव बास्कोटा रहे।

चैत्र ३१ गते सरकारी दमनको विरोध गर्दै कानुन व्यवसायीहरूलाई रिहा नगरिएसम्म वन्दीप्रत्यक्षीकरणका हक बाहेक अन्य मुद्दामा बहस नगर्ने निर्णय गरे, साथै सर्वोच्च अदालतमा सुनुवाई स्थगित गर्न आग्रह गर्दै वरिष्ठ अधिवक्ताहरू सुवास नेम्वाङ, अग्नि खरेल, हरिकृष्ण कार्की, समेतले प्रधान न्यायधीशलाई भेटे। कानुन व्यवसायीको अनुरोध अनुरूप सर्वोच्चले सुनुवाई रोक्यो। लोकतान्त्रिक आन्दोलनमा ऐक्यवद्धता जनाउँदै ५०० भन्दा बढी कानुन व्यवसायीले नेपाल बार एशोसिएसनको केन्द्रीय कार्यालय परिसरबाट जुलुस निकालेर माइतीघर हुँदै बबरमहलतर्फ लाग्न खोज्दा प्रहरीले घेरा हाली गोली प्रहार गऱ्यो। यस जुलुसमा गोली प्रहारबाट ४ जना कानुन व्यवसायीहरू गम्भीर

---

[२१२] *विमर्श साप्ताहिक,* २०६२ चैत्र २४- २५।

[२१३] *कान्तिपुर दैनिक,* चैत्र २६, २०६२।

[२१४] निष्ठुरी, *पूर्ववत्,* पादटिप्पणी नं. १०, पृ. १५-१६।

[२१५] *छलफल साप्ताहिक,* २०६३ वैशाख ३।

घाइते भए।[२१६] गम्भीर घाइते हुने अधिवक्ताहरूमा रामचन्द्र सिम्खडा, भरतमणि गौतम, टङक चौलागाई तथा सीताराम अधिकारी थिए।[२१७] प्रहरीले बार अध्यक्ष शम्भु थापा, महासचिव माधव बास्कोटा, केन्द्रीय सदस्यहरू भीम ढकाल, विनोद नेपाल, लीलामणि पौडेल, वरिष्ठ अधिवक्त कृष्णप्रसाद भण्डारी, राधेश्याम अधिकारी, गीता सङग्रौला, इन्द्र लोहनी, शङकर सुवेदी, सुकदेव काफ्ले लगायत ७२ जनालाई पक्राउ गऱ्यो।[२१८] बार अध्यक्ष शम्भु थापा प्रहरी निर्ममताको शिकार बने।[२१९]

वैशाख ३ गते सरकारले बन्दी बनाएका नागरिक समाजका डा. सुन्दरमणि दीक्षित लगायत १२ जनालाई थुन्नुको कारण ३ दिनभित्र पेश गर्न भनी सर्वोच्च अदालतका न्यायाधीश गौरी ढकालको इजलासले सरकारलाई आदेश दियो।[२२०] बार एशोसिएसनले गोँगबुको आन्दोलनबाट पक्रिएका २२ जनालाई गैरकानुनी थुनाबाट मुक्त गर्न माग गर्दै रिट दायर गऱ्यो।[२२१] सर्वोच्च अदालतका कर्मचारीले समेत आन्दोलनमा ऐक्यबद्धता जनाउँदै वैशाख ४ गते दुइ घण्टा हातमा कालोपट्टी बाँधेर कार्यालयको काम ठप्प पार्ने निर्णय गरे।[२२२] यसरी अदालतका कर्मचारीहरू प्रत्यक्ष रूपमा आन्दोलनमा उत्रे।

वैशाख ८ गतेको राजाको सम्बोधनलाई आन्दोलन दबाउने चाल भएको भन्दै कानुन व्यवसायीहरूले राजाको जालमा नफँस्न नेताहरूलाई चेतावनी गरे।[२२३] बरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेलले उत्कर्षमा पुगेको आन्दोलनलाई निष्तेज पार्ने षड्यन्त्र भएकाले दलहरू दरबारको भ्रममा पर्न नहुने बताए भने बारका पूर्व अध्यक्ष हरिहर दाहालले दलहरूसँग बार्ता नभई एकतर्फी रूपमा जनआन्दोलन निष्तेज तुल्याउने गरी भएको संवोधनको अर्थ नभएको बताए। बारका महासचिव माधव वास्कोटाले सडकमा उत्रेका जनताको भावना भन्दा विपरीत दलहरूले राजासँग वार्ता गर्न नहुने जिकिर गरे त्यस्तै अधिवक्ता वासुदेव ढुंगानाले

---

२१६ के.सी., *पूर्ववत्,* पादटिप्पणी नं. २०, पृ. ७।

२१७ *द काठमाडौं पोष्ट,* २००७, अप्रिल १३।

२१८ *तरुण साप्ताहिक,* २०६३, वैशाख ४।

२१९ किरण भण्डारी, "सबै ओर्लिए सडकमा", *समय* राष्ट्रिय साप्ताहिक, २०६२ वैशाख ७।

२२० *कान्तिपुर दैनिक,* २०६३ वैशाख ४।

२२१ *बुधवार साप्ताहिक,* २०६३ वैशाख ६।

२२२ निष्ठुरी, *पूर्ववत्,* पादटिप्पणी नं. १०, पृ. ११९।

२२३ *द काठमाण्डू पोष्ट,* २००६, अप्रिल २२।

राजाको घोषणामा अस्पष्टताहरू भएकोले त्यसलाई स्पष्ट पारिनुपर्ने बताए ।[२२४]

वैशाख ११ गते कानुन व्यवसायीहरूले राजासँगको सार्वभौमसत्ता खोसेर लिनुपर्ने धारणा राखेकै दिन राती ज्ञानेन्द्रले संसद पुनर्स्थापनाको घोषणा गरे । त्यसमा अरू सबैले जस्तै कानुन व्यवसायीहरूले पनि विजय जुलुस मनाए ।

यसरी १९ दिनसम्म भएको जनआन्दोलनमा पेशाकर्मीहरूको तर्फबाट कानुन व्यवसायीहरूले महत्वपूर्ण भूमिका निभाए । काठमाडौंमा शाही सत्ताको विरोध र लोकतन्त्रको माग गर्दै कानून व्यावसायीको दिनहुँको आन्दोलनले सरकारलाई चुनौती दिँदै रहयो । आखिरमा निरङ्कुशता ढल्न पुग्यो । यस सन्दर्भमा कानुन व्यवसायीको भूमिका महत्वपूर्ण रह्यो ।

## ४.३.५. मानवअधिकारवादी तथा नागरिक समाजको भूमिका

विश्वमा भइरहेको मानवको बाँच्न पाउने तथा देशका नागरिकहरूको हक-अधिकारको रक्षार्थ आवाज उठाउने काम नागरिक समाजले पनि गरेको हुन्छ । देशको शासनसत्तामा विचलन आउँदा वा कुनै अप्रभावकारी व्यवस्थाका विरुद्धमा नागरिकले उठाएको आवाजलाई दमन गर्न शासकले चालेका कदमहरूले मानव अधिकारको उल्लङ्घन गर्न खोजेमा त्यसलाई रोक्न शासक वा सरकारलाई चेतावनी दिने कार्य यी दुवैले गरिरहेका हुन्छन् ।

नेपालको सन्दर्भमा हेर्दा मानव अधिकारको रक्षाका लागि एक मानव अधिकार आयोगको गठन भएको छ । नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकायका रूपमा समेत व्यवस्था गरेको छ ।[२२५] त्यस्तै नागरिक समाजले राष्ट्रका नागरिकको हकहितका लागि औँला उठाउदै आएको भए तापनि नागरिक समाजको रूपमा यसको अवधारणा आएको भने एक दशक पनि भएको छैन ।

मानवअधिकारवादी तथा नागरिक समाजले देशको शासन व्यवस्था सञ्चालन गर्ने क्रममा सरकारबाट होस् वा विद्रोही पक्षबाट होस् नागरिकको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार हनन् हुन नदिनका लागि हरपल प्रयास गरिरहेको हुन्छ । २०४६ सालको जनआन्दोलनमा प्रदर्शनकारी माथि राज्यले व्यापक दमन गरेको अवस्थामा मानव

[२२४] निष्ठुरी, *पूर्ववत्*, पादटिप्पणी नं. १०, पृ. ८२ ।

[२२५] *नेपालको अन्तरिम संविधान २०६३, भाग १५ धारा १३१*, कानून किताव व्यवस्था समिति ।

अधिकारवादीले त्यसको विरोध गरेका थिए। माओवादी जनयुद्धको समयमा नेपालमा अत्यधिक मात्रामा मानव अधिकारको उल्लङ्घन भयो।[२२६] राज्य पक्ष तथा विद्रोही पक्षबाट नागरिकलाई बाँच्न पाउने अधिकारको समेत हनन् गरियो। त्यस्ता घटनाविरुद्ध मानव अधिकारवादीले आवाज उठाउँदै रहे।

जनआन्दोलन ०६२/६३ मा सम्पूर्ण जनताहरू सडकमा ओर्लेर राज्य व्यवस्थाको विरुद्ध शान्तिपूर्ण प्रदर्शन गरेको समयमा राज्य पक्षबाट त्यसलाई दबाउन ठूलो शक्ति लगाईयो। करोडौं ढुकुटीसमेत हिनामिना गरियो। गोली, अश्रुग्याँस, लाठी प्रहार जस्ता दिनहुँका घटनाका विरुद्धमा मानव अधिकारवादी तथा नागरिक समाजले आवरण उठाए। त्यसको विरोध गरे। त्यति मात्र होइन, मानव अधिकारवादी तथा नागरिक समाजका अगुवाहरू आफै सडकमा उत्रेर निरङ्कुशताको विरोध गरे।

नयाँ नागरिक समाज त्यस्तो स्वतन्त्र वर्ग हो, जसलाई कसैका पछाडि आँखा चिम्लिएर लाग्नु र कुनै दल वा संगठनको बुइ चढेर केही लिनुदिनु छैन तर आफ्नो व्यवसाय, व्यक्तिगत र पारिवारिक सुरक्षामा असर पर्दा तथा अनाहकमा कसैमाथि ज्यादती भएको देख्दा टुलुटुलु हेरेर बस्न पनि सक्दैन।[२२७] साँच्ची नै नागरिक समाज कुनै दलको पछि लागि राजनीति गर्ने समूह होइन, यो त आम नागरिकको हकहितका लागि लड्ने एक समाज हो। तसर्थ जनआन्दोलन भाग २ मा पनि नागरिकप्रति शासकको ज्यादतीविरुद्ध नागरिक समाज उत्रे र आन्दोलनलाई सफल बनाउन सहयोग गरे।

राजा ज्ञानेन्द्रले २०६१ माघ १९ मा सत्ता आफ्नो हातमा लिएपछि नै नागरिक समाजले त्यसको विरोध गर्दै आयो। नगरनिर्वाचन बहिस्कार गर्न पनि नागरिक समाजले ठूलो भूमिका खेल्यो। नगरनिर्वाचन वहिस्कार भनेपछि मत खसाल्न नजाने हो, बहिस्कार गर्न पाउनु पनि नागरिकको नैसर्गिक अधिकार हो।[२२८] त्यस्तै नागरिक अधिकारकर्मीका रूपमा परिचित डा. मधु घिमिरेले पनि लादिएको निर्वाचन बहिस्कार गर्नु नागरिकको दायित्व भएको, तथा हुकुमी शासनलाई विवेकशील नागरिकले कहिल्यै पनि मौनतापूर्वक

---

[२२६] *राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन,* २०६०, पृ. ६१।

[२२७] डा. सुशील कोइराला, "नव नागरिक समाजको उदय", *हिमाल खबरपत्रिका,* २०६३ वैशाख पृ. १६-३१।

[२२८] डा. मथुराप्रसाद श्रेष्ठसँग, *मूल्याङ्कन मासिक पत्रिका*ले २०६२ माघमा गरेको कुराकानी।

सहन नसक्ने बताए ।[२२९]

यसरी राजा ज्ञानेन्द्रको निरङ्कुशतन्त्रलाई नागरिक समाजले विरोध गरेर तथा मानवअधिकारवादीहरूले मानवअधिकार उल्लङ्घन गर्न सरकारलाई चेतावनी दिएर[२३०] आन्दोलनप्रति ऐक्यबद्धता जनाए ।

चैत्र २४, २०६२ देखि सात राजनीतिक दलहरूको आह्वानमा शुरु भएको आन्दोलनमा नागरिक समाजले दिलो ज्यान दिएर आन्दोलनलाई समर्थन गर्‍यो । " माघ १९ पछिको शासन व्यवस्थाले नागरिकको आशा र विश्वास अनुसारको काम गर्न नसक्नु समाजका विभिन्न पेशा वर्ग र संघ संस्थालाई असर पार्ने नियन्त्रणकारी अध्यादेश लाद्नु, भ्रष्टाचार र अपराधमा संलग्न व्यक्तिलाई शासन सञ्चालनमा स्थान दिनु तथा माओवादीको एकतर्फी युद्धविरामलाई सरकारले सम्बोधन नगरी नागरिकका चाहना लत्याउनु जस्ता कारणले नागरिक समाजले आन्दोलनमा ऐक्यबद्धता जनायो ।[२३१] जनआन्दोलन भाग २ मा काठमाडौंमा मानव अधिकारवादी तथा नागरिक समाजले गरेको आन्दोलनले राजाको निरङ्कुशतालाई ठूलो प्रहार गर्‍यो ।

चैत्र २६ गते सरकारी कर्फ्यू आदेश गैरसंवैधानिक र अन्यायपूर्ण भएको भन्दै नागरिक समाजका अगुवाहरूले शिक्षण अस्पतालबाट नागरिक अवज्ञा जुलुस प्रदर्शन गरे ।[२३२] जुलुसलाई प्रहरीले हस्तक्षेप गरी दमननाथ ढुंगाना, लक्ष्मण अर्याल, डा. मधु घिमिरे, डा. महेश मास्के, कनकमणी दिक्षित, शान्ता दिक्षित तथा मानव अधिकारकर्मीहरू पद्म रत्न तुलाधर, कपिल श्रेष्ठ, मल्ल के सुन्दर, चरण प्रसाई, आदिलाई पक्राउ गर्‍यो ।[२३३] पूर्वसभामुख दमननाथ ढुंगानाले नागरिक आन्दोलनको एक मात्र माग संविधानसभा रहेको उल्लेख गरे । चैत्र २८ गते पक्राउ परेका प्रत्येकसँग जिल्ला प्रशासन कार्यालय, काठमाडौंले जरीवाना स्वरूप ७ सय रूपैयाँ माग्दा त्यो दिन नमानेपछि उनीहरूलाई ३ महिने थुनुवापूर्जी दिइयो ।[२३४]

---

२२९ डा. मधु घिमिरेसँग *मूल्याङ्कन मासिक पत्रिका* ले २०६२ माघमा गरेको कुराकानी ।

२३० *राजधानी दैनिक,* २०६२ चैत्र २९ ।

२३१ कोइराला, *पूर्ववत,* पादटिप्पणी नं. १६३ ।

२३२ *नेपाल समाचारपत्र दैनिक,* २०६२ चैत्र २७ ।

२३३ *कान्तिपुर दैनिक,* २०६२ चैत्र २७ ।

२३४ *कान्तिपुर दैनिक,* २०६२ चैत्र २९ ।

प्रदर्शनका क्रममा सुरक्षाफौजद्वारा व्यापक दमन गरी मानवअधिकारको व्यापक उल्लङ्घन भएको परिप्रेक्ष्यमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि इयान मार्टिनले अत्यधिक दमन नगर्न आग्रह गरे। चैत्र २९ गते गाँगवुमा प्रहरीद्वारा आन्दोलनकारीमाथि क्रुर दमन गर्ने सशस्त्रका एस्.एस्.पी माधव थापालाई राष्ट्रिय मानव अधिकार आयोगले सोधपुछका लागि उपस्थित हुन २४ घण्टे पूर्जी दियो।[२३५] तर गृहमन्त्री कमल थापाले कार्य क्षेत्रमा खटिएका कुनै पनि सुरक्षा अधिकृतलाई आयोगले बोलाउन पर्दैन भन्दै यस्तो कुरा सरकारलाई सोधिनुपर्ने बताए।[२३६] यसरी सरकारले राष्ट्रिय मानवअधिकारलाई समेत चुनौती दिँदै मनपरी गरिरह्यो। यसको विरोधमा नागरिक आन्दोलनकारी तथा लेखक खगेन्द्र संग्रौला लेख्दछन् - "राजाका उन्मत्त ढाक्रे कमल थापा राष्ट्रिय मानव अधिकार आयोगलाई धम्क्याउँदै छन्, लाठा र गोली ठोक्ने प्रहरी र सैनिकलाई केरकार गर्न तँलाई के को अधिकार ? यसको अर्थ हो म मान्छे मार्छु तँ आँखा चिम्ली दे। उता दमनको कमाण्ड टावरबाट राजाका कमाण्डरहरू आदेश दिँदैछन्, फेरि आन्दोलनमा फर्किन नसक्ने गरी खुट्टा भाँच।"[२३७] देशमा बढ्दै गएको तीव्र दमन र हिंसाको विरोधमा अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था एम्नेष्टी इन्टरनेशनल तथा संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोगले पनि खेद प्रकट ग-यो।

एकातिर प्रदर्शन व्यापक हुँदै गइरहेको थियो भने अर्कोतर्फ सरकारी दमनका कारण काठमाडौंमा घाइतेको संख्या अत्यधिक बढिरहेको थियो, यस्तो अवस्थामा घाइतेलाई उपचारका लागि सहयोग रकम संकलन गरिरहेका मानवअधिकारकर्मीहरू केदार खड्का, कृष्ण अविरल, जीवनाथ घिमिरे, बाबुराम गिरी र श्रीराम बास्तोलालाई चैत्र ३० गते बागबजारबाट प्रहरीले पक्राउ गऱ्यो।[२३८] राष्ट्रिय मानवअधिकार आयोगले जारी आन्दोलनमा अनावश्यक बल प्रयोग गरी दमनमा उत्रेका सुरक्षाकर्मीका कमाण्डरलाई कारवाही गर्न सरकारलाई सिफारिस गऱ्यो।[२३९] राष्ट्रिय मानव अधिकार आयोगले सरकारी लापरवाहीको विरोध गरेको रीसमा मानवअधिकार आयोगका कर्मचारीलाई प्रहरीले माओवादीको आरोप

---

२३५ *दृष्टि साप्ताहिक,* वैशाख ५, २०६३।

२३६ *गोरखापत्र दैनिक,* २०६३ वैशाख ४।

२३७ खगेन्द्र संग्रौला, "शासकको मति र दुर्गति", *कान्तिपुर दैनिक,* २०६२, वैशाख ६।

२३८ निष्ठुरी, *पूर्ववत्,* पादटिप्पणी नं. १०, पृ. ७६।

२३९ *नेपाल समाचारपत्र दैनिक,* २०६३ वैशाख १।

लगायो । राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त लुइ आर्वरले आन्दोलन दबाउन सरकारले अत्यधिक बल प्रयोग गरेकोमा खेद व्यक्त गरिन् ।[२४०]

कुनै राजनीतिक दल तथा कुनै स्वार्थको पछि नलागी समग्र आमनागरिकको हित रक्षार्थ आवाज उठाएका नागरिक समाजका अगुवालाई सरकारले थुनेर राखेकोमा सर्वोच्च अदालतले वैशाख ३ गते नागरिक समाजका डा. सुन्दरमणि दीक्षितलगायत १२ जनालाई थुन्नुको कारण ३ दिनभित्र पेश गर्न सरकारलाई आदेश दियो ।[२४१] सरकारले लगातार १५-१८ घण्टा कर्फ्यू लगाइरहेको र निषेधाज्ञा जारी गरिरहेको अवस्थामा नेपाल मानव अधिकार संगठनले चक्रपथ भित्र र बाहिर सरकारले जारी गरेको निषेधाज्ञाप्रति आपत्ति जनायो । काठमाडौंमा विभिन्न मानव अधिकारवादीहरूले वैशाख ४ गते एक प्रेस विज्ञप्ति जारी गरी आन्दोलनमा सुरक्षाकर्मीले गरेको दमनलाई अफगानिस्तान र इराकी शासकको संज्ञा दिए ।[२४२] अन्धाधुन्ध गोली प्रहार गर्ने, मरणासन्न हुने गरी पिट्ने आदिलाई लोकतन्त्र स्थापनापछि हुने सरकारले मानवताविरोधी अपराधअन्तर्गत कारवाही गर्ने भन्दै मानव अधिकारवादीहरूले निषेधाज्ञा र कर्फ्यू फिर्ता गर्न र मानव अधिकारकर्मी तथा नागरिक समाजका सदस्यलगायत सबै बन्दी रिहा गर्न माग गरे । उनीहरूले वर्तमान असंवैधानिक सरकार विघटन गरी सात दल र माओवादी सम्मिलित राष्ट्रिय सरकार गठन गर्न पनि माग गरे ।[२४३]

वैशाख ८ गतेको राजाको शाही घोषणा धोकापूर्ण भएको भन्दै सशस्त्र प्रहरी गण दुवाकोटमा बन्दी बनाइएका नागरिक समाजका १५ जना अगुवाहरूले थुना भित्रै नारावाजी गरे भने संविधान सभाको घोषणा नभएसम्म आन्दोलन जारी राख्नुपर्ने आग्रह गर्दै लक्ष्मण अर्याल, पद्मरत्न तुलाधर, डा. मधु घिमिरे, कनकमणि दीक्षित आदिले एक वक्तव्य जारी गरे ।[२४४]

आन्दोलनको राँको दन्किँदै गइरहेको अवस्थामा सरकारले आन्दोलनदेखि डराएर काठमाडौंमा विनाचेतावनी सीधै गोली हान्न थाल्यो, यस्तो परिस्थितिमा वैशाख १० गते

---

[२४०] द काठमाण्डू पोष्ट, २००६, अप्रिल १३ ।

[२४१] *ऐजन,* अप्रिल १८ ।

[२४२] *जनआस्था साप्ताहिक,* २०६३ वैशाख ६ ।

[२४३] *नेपाल समाचारपत्र दैनिक,* २०६३ वैशाख ।

[२४४] *कान्तिपुर दैनिक,* २०६३ वैशाख ९ ।

राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई एक पत्र लेखी विनाहातहतियार शान्तिपूर्ण रूपमा गरिएको प्रदर्शन नियन्त्रण लिने क्रममा सुरक्षाकर्मीबाट सम्झाइबुझाई नगरी तथा चेतावनी नदिई अत्यधिक अश्रुग्याँस, लाठीचार्ज र गोलीसमेत प्रहार गरेको पाइएकोले त्यसलाई तत्काल रोक्न र एम्बुलेन्स र स्वास्थ्यकर्मीलाई कर्फ्यूको समयमा निर्वाध आवागमन गर्न तथा घाइतेको उपचारमा अवरोध नपुऱ्याउन आग्रह गऱ्यो ।[२४५] राजाको वैशाख ११ को घोषणापूर्वसम्म काठमाडौंमा मानवअधिकारवादी तथा नागरिक समाजले निरङ्कुशताको विरोध गरिरहे । वैशाख ११ को संसद पुनर्स्थापनापछि पनि राजनैतिक दलहरूलाई स्वार्थमा नअल्झी द्वन्द्व व्यवस्थापन गरी दिगो शान्ति स्थापना गर्नका लागि नागरिक समाजले खबरदारी गरिरह्यो - 'मुलुक कुनै दुर्घटनामा फँसिसकेपछि मात्र झुक्ने प्रवृतिको प्रदर्शन गर्दै आएका छन् राजाले, यसपटक जनआन्दोलनका क्रममा पनि त्यही प्रवृत्तिको पुनरावृत्ति भयो, त्यत्तिका मानिसले सहादत प्राप्त गरेपछि मात्र बल्ल राजा झुकेको देखियो । यस्तो प्रवृतिको सिको अरूले गरे भने के होला ? त्यसैले सात दलका नेताहरूले जनमतलाई, जनमतको जनादेशलाई निर्णयको आधार मान्नैपर्छ ।'[२४६] यस प्रकार नागरिक अधिकारकर्मीहरूले सात दललाई समेत खबरदारी गरिरहे ।

जनआन्दोलनमा हजारौँ नागरिकहरू न त सात दलको पक्षमा नारा लाउन उत्रेका थिए, न त माओवादीको नै । जनताको चाहना त मुलुकमा द्वन्द्व व्यवस्थापन गरी दिगो शान्ति स्थापना गर्नु हो, त्यही दिगो शान्तिको लागि जनताहरू सडकमा रगत र पसिना पोखेका थिए, तसर्थ दलहरूले यो बुझ्नुपऱ्यो कि जनताहरू दलको पछाडि लागेर नआइ शान्तिको व्यग्र चाहनाले आएका थिए, जनताको यो चाहनालाई फेरि लत्याउनु हुँदैन नत्र फेरि दलहरूमा जनताको विश्वास गुम्ने छ [२४७] भनी मानवअधिकारकर्मीहरुले दलहरुलाई चेतावनी दिए ।

यसरी मानवअधिकारवादी तथा नागरिक समाजले मुलुकमा शान्ति स्थापनार्थ आफ्नो ठूलो मूल्य चुकाए । कुनै दल वा व्यवस्थाको समर्थक नभई आम नागरिकको हितका लागि नागरिक समाज लड्दै र आवाज उठाउँदै रहयो । तसर्थ "अब सबै पक्षले के बुझ्नु जरुरी

---

२४५ *राजधानी दैनिक,* २०६३ वैशाख ११ ।

२४६ डा. मधु घिमिरे चिकित्सक तथा नागरिक अधिकारकर्मीसँग नेपाल साप्ताहिक जेष्ठ ७, २०६३ मा गरिएको कुराकानी पृ १५ ।

२४७ कृष्ण पहाडी, मानव अधिकारकर्मीले नेपाल टेलिभिजनको विचार मन्थन कार्यक्रममा दिएको अन्तरवार्ता ।

छ भने नेपालमा चेतनशील नागरिक समाजको उदय भइसकेको छ। यो समाजलाई राज्य व्यवस्था कुन पक्ष वा सरकारले चलाउने भन्ने बारे कुनै मतलब हुँदैन तर देशमा शान्ति र सुशासन ल्याउने प्रत्येक नागरिक र समाजको मौलिक हकको रक्षा गर्ने र पारदर्शी ढंगले दीगो विकासमा अगाडि बढ्ने कुनै पनि शासक वा सरकारलाई यो वर्गले सदा स्वागत र पूर्ण समर्थन गर्दछ।[२४८] यस प्रकार नागरिक समाज तथा मानव अधिकारवादीले मानवका बाँच्न पाउने मौलिक हकको रक्षार्थ जनआन्दोलन ०६२/६३ मा शासक तथा निरङ्कुशताविरुद्ध अनवरत लडाईं लडिरह्यो।

### ४.३.६. **कर्मचारीहरूको भूमिका**

कर्मचारीहरू वास्तवमा जनता र देशको सेवाका लागि नियुक्त भएका हुन्छन्। आफ्नो कार्यालयबाट जनतालाई दिन सकिने सेवाहरू छिटो छरितो र प्रभावकारी रूपमा प्रदान गर्नु उनीहरूको कर्तव्य हुन्छ तर जब सम्पूर्ण देश नै द्वन्द्व र शासकको मारको पीडामा हुन्छ, तब कर्मचारी पनि त्यसको निसाना हुन्छ। हुन त कर्मचारीलाई सरकारले लगाए, अह्राएको काम गर्नु भनिन्छ, तर जब सरकार नै देश र जनतालाई अन्धकारमा धकेल्ने प्रयत्नमा हुन्छ, तब कर्मचारीवर्ग पनि चुप लागेर बस्न सक्दैन।

२०४६ सालको जनआन्दोलनमा पनि कर्मचारीवर्गले पञ्चायती व्यवस्थाको विरुद्धमा आवाज उठाएका थिए जसको प्रतिफलस्वरूप कतिपय कर्मचारीहरूलाई पञ्चायती सरकारले बर्खास्तीसमेत गरेको थियो। २०६३ सालको जनआन्दोलनमा पनि कर्मचारीवर्गले लोकतान्त्रिक आन्दोलनमा आफ्नो ज्यान र जागिरको बाजी लगाउँदै आन्दोलनलाई सफल बनाउन ठूलो योगदान दिए।

चैत्र २४ गतेदेखि सात राजनैतिक दलको नेतृत्वमा शुरु भएको जनआन्दोलनमा काठमाडौंमा निजामती कर्मचारी, अन्य सरकारी कर्मचारी तथा संस्थानहरूका कर्मचारीले समेत आफ्नो ठाउँबाट लोकतान्त्रिक आन्दोलनमा ऐक्यबद्धता जनाए।[२४९] चैत्र २५ गते काठमाडौंमा बैंक, वित्तीय संस्था तथा संस्थानका कर्मचारीहरूले लोकतन्त्र नभए ट्रेड

---

[२४८] कोइराला, *पूर्ववत्,* पादटिप्पणी नं. १६३।

[२४९] *घटना र विचार साप्ताहिक,* २०६२ चैत्र ३०।

युनियन अधिकार पनि सुरक्षित नहुने भन्दै सक्रिय रूपमा सहभागी भए।[२५०]

चैत्र २८ गतेदेखि निजामती तथा संस्थानका कर्मचारीहरू आन्दोलनमा उत्रिए। खानेपानी संस्थान, कर्मचारी संगठन तथा संघले आन्दोलनमा सहभागिता जनाउँदै १ घण्टा कार्यालयको काम ठप्प पारे।[२५१] निजामती कर्मचारी संगठनले प्रेस विज्ञप्ति जारी गर्दै शान्तिपूर्ण प्रदर्शन माथि गोली प्रहार गरी जथाभावी अश्रुग्याँस हान्ने लाठीचार्ज गर्ने जस्ता ज्यादतीको भर्त्सना गऱ्यो।[२५२] त्यस्तै विद्युत प्राधिकरण कर्मचारी संघ, राष्ट्र बैंक कर्मचारी संघ निजामती कर्मचारी युनियन, वित्तिय संस्था कर्मचारी संघ, नगरपालिका, कर्मचारी एशोसियसन आदिले आफ्ना कार्यालयहरूमा विरोध प्रदर्शन गरे।[२५३] दुरसञ्चार कर्मचारी संघ, नेपाल टेलिकम वर्कर्स युनियन आदिले पनि आन्दोलनमा ऐक्यबद्धता जनाउँदै आन्दोलनमा निरन्तर लाग्ने बताए।[२५४] प्रजातान्त्रिक व्यवस्था सहभागितामूलक, पारदर्शी र जवाफदेहीपूर्ण हुने हुँदा त्यस्तो राजनीतिक प्रणालीमा मात्र कर्मचारीको हित हुने ठहरसहित संघ-संगठनहरू आन्दोलनमा उत्रिए। सरकारको अङ्ग निजामती कर्मचारीको संगठनले देशमा लोकतन्त्र बहालीका लागि भइरहेको आन्दोलनमाथि गरिएको बर्वरतापूर्ण दमन र ज्यादतीको भर्त्सना गऱ्यो।[२५५] स्थानीय निकाय कर्मचारी संघ केन्द्रीय समितिले लोकतान्त्रिक आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै अधिराज्यभरका जि.वि.स., नगरपालिका तथा गा.वि.स. हरूका कर्मचारीहरूलाई आन्दोलनमा उत्रन आह्वान गऱ्यो।

वैशाख ३ गते निजामती कर्मचारी युनियन र निजामती कर्मचारी संगठनले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै जागिर र ज्यानको पर्वाह नगरी आफ्ना सहकर्मीहरूलाई लोकतान्त्रिक आन्दोलनमा उत्रिन आह्वान गरे साथै सम्पूर्ण सरकारी कार्यालय, मन्त्रालय तथा विभागमा कलम बन्द गरी काम ठप्प पार्न चरणवद्द विरोध कार्यक्रम पनि घोषणा गरे।[२५६] "हामी कसैका निजी कामदार होइनौ, जनताले तिरेको करबाट पालिएका जनताका सेवक हौँ"

---

२५० *कान्तिपुर दैनिक,* २०६२ चैत्र २६।

२५१ *नेपाल समाचारपत्र दैनिक,* २०६२ चैत्र २९।

२५२ *दृष्टि साप्ताहिक,* २०६२ चैत्र २९।

२५३ *राजधानी दैनिक,* २०६२ चैत्र २९।

२५४ निष्ठुरी, पूर्ववत्, पादटिप्पणी नं. १०, पृ. ४०।

२५५ किरण भण्डारी, "सबै ओर्लिए सडकमा", *समय* साप्ताहिक, वैशाख ७, २०६३।

२५६ निजामती कर्मचारी संगठन तथा युनियनद्वारा प्रसारित प्रेस विज्ञप्ति, २०६३ वैशाख ३।

जनता र देशको संकटको बेला हामी चुप लाग्न सकेनौं त्यसैले लोकतान्त्रिक आन्दोलनमा उत्रिन सबैलाई आह्वान गऱ्यौँ[२५७] एक कर्मचारीको मत छ । सि.टि.इ.भि.टी, कृषि अनुसन्धान परिषद आदिले दिनमा ३ घण्टा कालोपट्टी बाँधेर कार्यालयको काम ठप्प पारे भने रेन्जर्स एसोसियसनले एक साताको विरोध कार्यक्रम घोषणा गऱ्यो । सर्वोच्च अदालतका कर्मचारीले वैशाख ४ देखि दुई घण्टा हातमा कालोपट्टी बाँधेर कार्यालयको काम ठप्प पारे ।[२५८] वैशाख ३ गते आन्दोलनका घाइतेहरूको लागि महालेखापरीक्षक विभागमा निजामती कर्मचारी संगठनले रक्तदान कार्यक्रम सञ्चालन गऱ्यो ।[२५९]

वैशाख ४ गते मुलुककै सबैभन्दा ठूलो प्रशासनिक निकायहरू भएको सिंहदरबारभित्रै निजामती कर्मचारीहरूले लोकतान्त्रिक आन्दोलनमा ऐक्यबद्धता जनाउँदै नारावाजी गरे ।[२६०] त्यहाँ आयोजित सभालाई शाखा अधिकृत विनोदबहादुर कुँवर, निजामती कर्मचारी युनियनका अध्यक्ष भवानी थानी तथा संगठनका भानुभक्त ढकालले सम्बोधन गर्दै, लोकतान्त्रिक आन्दोलनमा लाग्दा कारवाही गरिने भए पहिला आफूहरूबाटै शुरु गर्न सरकारलाई चेतावनी दिए । लोकतन्त्र वहाली नभएसम्म काममा नफर्कने भनी कर्मचारीहरू नारावाजी गर्दै, सिंहदरबारबाट बाहिरिए ।[२६१]

निजामती कर्मचारी संगठन तथा युनियनले कर्मचारीहरू रामप्रसाद वेलवासे, गोकर्ण अर्याल, रवि भट्टराई, गणेश कार्की, मुरारी भट्टराई, भोलानाथ पोखरेल, भवानी थानी तथा रामप्रसाद कोइराला रहेको एक संयन्त्र निर्माण गरी जनआन्दोलनमा कर्मचारीहरूलाई विभिन्न क्षेत्रमा परिचालन गरेको थियो ।[२६२]

निजामती कर्मचारीहरू नै यसरी सरकारका विरुद्धमा लोकतान्त्रिक आन्दोलनमा सशक्त रूपमा लाग्न थालेपछि वैशाख ४ गते नै प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले एक विज्ञप्ति जारी गर्दै निजामती कर्मचारीलाई राजनीतिक गतिविधिमा नलाग्न आग्रह

---

२५७ मुरारी भट्टराईसँग मिति २०६४।९।८ गते लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२५८ *कान्तिपुर दैनिक,* २०६३ वैशाख ५ ।

२५९ नेपाल निजामती कर्मचारी संगठनको सातौं राष्ट्रिय अधिवेशनमा प्रस्तुत सांगठनिक तथा आर्थिक प्रतिवेदन २०६४, पृ. ४४ ।

२६० *अन्नपूर्ण पोष्ट दैनिक,* २०६३, वैशाख ५ ।

२६१ *कान्तिपुर दैनिक,* २०६३ वैशाख ५ ।

२६२ *पुर्ववत्,* पादटिप्पणी नं. १९५ पृ. ४५ ।

गऱ्यो ।[२६३] निजामती सेवा ऐन तथा नियमावलीमा व्यवस्था भएबमोजिमको आचरण पालना नगरी आन्दोलनमा लाग्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारवाही गरिने कुरा समेत विज्ञप्तिमा उल्लेख गरियो ।[२६४] वैशाख ५ गते राष्ट्र बैंकका कर्मचारीले आन्दोलनको समर्थन गर्दै, गृहमन्त्रालयले साट्न ल्याएको ५ लाखको चेक नसाटिकन फर्काइदिए ।[२६५] त्यसपछि प्रहरीले राष्ट्र बैंकका १२ जना कर्मचारीलाई पक्राउ गऱ्यो ।[२६६] पक्राउ पर्नेहरूमा उमाकान्त थपलिया, गेदा पंगेनी, रामहरी पौडेल, कीर्तिविक्रम दाहाल, ऋषिराम आचार्य, गोबिन्द कार्की, गोपीकृष्ण बडाल, कृष्ण कुँवर, गोकुल अधिकारी, भगवती चापागाई, तीर्थ ओझा तथा रुद्रराज अधिकारी आदि थिए ।[२६७]

यता गृहमन्त्रालयका कर्मचारीहरूले मन्त्रालयमा "सुशासनका लागि लोकतन्त्र, शान्ति र विकासका लागि लोकतन्त्र" आदि लेखिएका प्लेकार्ड बोकेर धर्ना दिए ।[२६८] मन्त्रालयमा लोकतान्त्रिक नारावाजी गर्दै कामकाज ठप्प पारेपछि २५ जना निजामती कर्मचारीलाई प्रहरीले पक्राउ गऱ्यो ।[२६९] पक्राउ पर्नेहरूमा टुकप्रसाद रेग्मी, शेखर पौडेल, प्रदीप निरौला, शम्भूप्रसाद मरासिनी, रामजीप्रसाद मरासीनी, लीलाबहादुर के.सी., रामप्रसाद कोइराला, मणि श्रेष्ठ, राधा गौतम, पुण्यवती पौडेल, कमला रेग्मी, रामदेव श्रेष्ठ, इन्द्र पौडेल, प्रतिभा पोखेल, लक्ष्मी ढुंगाना, रामकुमार थापा, गम्भीर सिँह विष्ट, प्रल्हाद ओली, नारायण ढकाल, दामोदर ढकाल, सानुकुमारी ढकाल, कमला शेर्पा, सरस्वती खनाल, सुस्मिता महर्जन र विश्वमोहन श्रेष्ठ थिए ।[२७०]

वैशाख ८ गतेको राजाको सम्बोधनलाई अन्य पेशाकर्मी जस्तै कर्मचारीहरूले पनि स्वीकार गरेनन् तर वैशाख ११ को राजाको घोषणापछि कर्मचारीहरूले स्वागत गरे । वैशाख १२ गते बबरमहलबाट कोटेश्वरसम्म निजामती कर्मचारी संगठनले बृहत विजय जुलुस

---

२६३ *द राइजिङ नेपाल,* अप्रिल १८, २००६ ।

२६४ *गोरखापत्र दैनिक,* २०६३ वैशाख ५ ।

२६५ के.सी., *पूर्ववत्,* पादटिप्पणी नं. २०, पृ. १० ।

२६६ *छलफल साप्ताहिक,* २०६३ वैशाख १० ।

२६७ *कान्तिपुर दैनिक,* २०६३ वैशाख ६ ।

२६८ *जनआस्था आस्था,* २०६३ वैशाख ६ ।

२६९ *बुधवार साप्ताहिक,* २०६३, बैहाख ६ ।

२७० *कान्तिपुर दैनिक,* २०६३ वैशाख ६ ।

प्रदर्शन गऱ्यो । यसरी निजामती कर्मचारी तथा अन्य सरकारी कर्मचारीहरूले लोकतान्त्रिक आन्दोलनमा ठूलो योगदान दिए । जनआन्दोलनमा प्रत्यक्ष सहभागी हुनेदेखि आन्दोलनका घाइतेलाई उपचारका लागि राहत रकम संकलन गर्नमा पनि जुटे । निजामती कर्मचारी संगठन केन्द्रीय समितिबाट रु. २५००० सहयोग गऱ्यो ।[२७१] जनआन्दोलनका क्रममा म.ले.प. विभागका ठाकुरप्रसाद पण्डितलाई प्रहरीले लाठी प्रहार गरी खुट्टा तथा गोपाल दाहालको हात भाँचियो भने भक्तराज पोखरेल त्रिपुरेश्वरमा घाइते भए ।[२७२] यस प्रकार लोकतान्त्रिक आन्दोलनमा निजामती कर्मचारीहरू घाइतेसमेत भए ।

लोकतान्त्रिक आन्दोलनमा संगठनको भूमिका कस्तो रह्यो भन्ने विषयमा निजामती कर्मचारी संगठनका हालका अध्यक्ष गणेश बस्याल भन्दछन्-

> माघ १९ को राजाको कदमपछिको त्यो कठिन परिस्थितिमा निजामती कर्मचारी संगठनले नागरिक समाजमा रहेर आन्दोलन उठाउने काम गऱ्यो । लोकतन्त्र विना ट्रेड युनियन अधिकार खोसिएको अवस्थामा हामी पनि आन्दोलनमा उत्रिने निर्णय गऱ्यौं । युनियनसँग सहमति गरी कलम बन्द गर्ने, कामकाज ठप्प पार्ने तथा प्रदर्शन गर्ने काम भयो । साथै कार्यालयमा समेत जुलुस प्रदर्शन गर्ने, कार्यालय घेराउ गर्ने, कार्यालय बहिस्कार गर्ने, घाइतेहरूका लागि सहयोग रकम संकलन गर्ने जस्ता कार्यहरू गरियो । आन्दोलनकारी कर्मचारीहरूलाई कारवाही गर्ने प्रयास भएपनि सरकारले घुँडा टेक्न बाध्य भएकोले कारवाही अगाडि बढेन ।[२७३]

यसरी जनआन्दोलन ०६२/६३ मा काठमाडौंमा कर्मचारीले महत्वपूर्ण भूमिका निर्वाह गरे ।

## ४.३.७. प्राध्यापक/शिक्षकहरूको भूमिका

प्राध्यापकहरू तथा शिक्षकहरू समाजका एक चेतनशील र बौद्धिक वर्ग भएको हुँदा समाजमा चेतना छर्ने, ज्ञानको ज्योतिले सबैलाई उज्यालो दिन सक्ने र समाजमा परिवर्तन गराउन सक्ने वर्ग हो । विद्यार्थीलाई स्कुल/कलेजमा ज्ञान सिकाउनुका अतिरिक्त यो वर्ग

---

[२७१] नेपाल निजामती कर्मचारी संगठनद्वारा जारी विज्ञप्ति ।

[२७२] *पूर्ववत्,* पादटिप्पणी नं. १९५ पृ.४४

[२७३] गणेश बस्यालसँग मिति २०६४।९।८ मा गरिएको प्रत्यक्ष अन्तरवार्ताबाट ।

सामाजिक चेतनाको द्योतक हो। समाजमा राम्रो तथा सम्माननीय छाप रहेको हुँदा यो वर्गले समाजलाई रूपान्तरण गर्नका लागि ठूलो भूमिका खेलेको हुन्छ। त्यति मात्र होइन देशमा भइरहेको निरङकुशताले पिल्सिएका जनतालाई माथि उठाउन र निरङ्कुशताविरुद्ध आवाज उठाउन पनि यो वर्ग त्यति नै उद्धत रहन्छ। देशमा राजनैतिक व्यवस्था परिवर्तन हुँदा प्राध्यापक तथा शिक्षकहरूलाई पनि प्रभाव परेको हुन्छ। निरङ्कुशतन्त्रले जब देशलाई आक्रान्त पार्छ तब यो वर्ग चुप लागेर बस्न सक्दैन।

२०४६ सालको जनआन्दोलनलाई सार्थकता र लक्ष्यमा पुऱ्याउन प्राध्यापक तथा शिक्षक वर्गले ठूलो भूमिका निभाएका थिए। त्यस्तै जनआन्दोलन भाग २ मा पनि यो वर्गले लोकतन्त्र स्थापनाका खातिर ठूलो योगदान दिए। चैत्र २४ देखि २७ को आमहड्तालमा कलम बन्द गरी प्राध्यापकहरूले सहभागिता जनाए।[२७४] २०६२ बाट शुरु भएको आन्दोलनमा काठमाडौँमा प्राध्यापकहरू तथा शिक्षकहरूले पनि सक्रिय सहभागिता देखाए।

आन्दोलनको पूर्वसन्ध्यामा नै त्रि.वि.वि. का प्राध्यापकहरूले चैत्र २२ गते नै पेन डाउन गरी पठनपाठन ठप्प पारे।[२७५]

चैत्र २३ गते नेपाल प्राध्यापक संघका सभापति भूपति ढकाललगायतलाई नयाँ बानेश्वरको प्रदर्शनमा सुरक्षाकर्मीले पक्राउ गऱ्यो। कीर्तिपुरमा दिनहुँजसो भएको आन्दोलनमा प्राध्यापकहरूको पनि संलग्नता रह्यो। नेपाल प्राध्यापक संघ तथा शिक्षक संघले प्रेस विज्ञप्ति जारी गर्दै आमहड्ताललाई निरन्तरता दिने जनाए। चैत्र २८ गते प्राध्यापक कृष्ण खनालले कीर्तिपुरमा शान्तिपूर्ण आन्दोलनलाई नेतृत्व दिए, सडकमा पलेँटी कसेर प्राध्यापकहरूले ५ घण्टासम्म प्रदर्शन गरे।[२७६]

लोकतन्त्र प्राप्ति नभएसम्म विद्यालयहरू नखोल्ने निर्णय गर्दै प्याब्सन, एन प्याब्सन, क्रान्तिकारी शिक्षक संघ, अन्य शिक्षक संघ संगठन, तथा प्राध्यापक संघका एकाइहरूले पनि आन्दोलनमा ऐक्यवद्धता जनाए।[२७७]

नेपाल प्राध्यापक संघले चैत्र २९ गते संघका अध्यक्ष भूपति ढकाल, पूर्व अध्यक्ष प्रा.डा. मंगलसिद्धि मानन्धरलगायतलाई कुटपिटसहित पक्राउ गरिएकोमा त्यसप्रति खेद

---

[२७४] भूपति ढकालसँग मिति २०६५।५।५ को कुराकानीबाट प्राप्त जानकारी।

[२७५] *महानगर दैनिक,* २०६२ चैत्र २२, वर्ष १४, अंक ९३।

[२७६] निष्ठुरी, *पूर्ववत्,* पादटिप्पणी नं. १०, पृ. ४८।

[२७७] *साँघु साप्ताहिक,* वैशाख ६।

व्यक्त गर्दै राजधानीमा कर्फ्यू तोडेर जुलुस निकाल्यो ।[२७८]

चैत्र ३१ गते कीर्तिपुरमा स्थानीयबासी तथा विद्यार्थीसँगै प्राध्यापकहरूले र्‍याली गरे । र्‍याली सभामा परिणत भएपछि लोकतान्त्रिक सांस्कृतिक कार्यक्रम गरियो ।[२७९] शिक्षासँग सम्बन्धित संघ संगठनहरूले आन्दोलनमा ऐक्यबद्धता जनाउँदै लोकतान्त्रिक आन्दोलनका लागि शिक्षा सरोकार समूह गठन गरे ।

शिक्षक संघ तथा युनियनले आन्दोलनमा भएको सरकारी ज्यादतीको विरोध गर्दै दरबार हाइस्कूल अगाडि प्रदर्शन गरे । प्रदर्शन शुरु हुने वित्तिकै प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गर्दा शिक्षक युनियनका केशव भट्टराई, संघका अध्यक्ष मोहन ज्ञवाली, चुन्निशरण यादव, विष्णु पाण्डे आदि घाइते भए। प्याब्सन र एन प्याब्सनले आन्दोलनको पक्षमा मैनबत्ती जुलुस गरे ।[२८०] त्यस्तै त्रिचन्द्र कलेजमा भेला भएर प्राध्यापकहरूले निषेधित क्षेत्र तोड्दै जुलुस प्रदर्शन गरे । जुलुस रत्नपार्कतर्फ बढ्न थालेपछि प्राध्यापक संघका पूर्वाध्यक्ष केशवानन्द गिरीसमेत १० जना पक्राउ परे ।[२८१]

वैशाख २ गते उच्च मा.वि.का ३०० भन्दा बढी शिक्षकहरूले बागबजारमा भेला भई लोकतान्त्रिक आन्दोलनमा ऐक्यबद्धता जनाए। शिक्षक संघ संगठनले देशका सामुदायिक विद्यालयहरू ठप्प पारी लोकतान्त्रिक आन्दोलनमा सरीक हुने चेतावनी दिए ।[२८२] उनीहरूले शहीद परिवारलाई सहायता गर्न कोष खडा गर्ने र लोकतन्त्रको पक्षमा सडकमा उत्रने निर्णय गरे । कुलेश्वरबाट आएको शिक्षकहरूको मौन जुलुस सुन्धारासम्म पुग्यो ।[२८३]

वैशाख ८ गतेको राजाको सम्बोधनले जनताका मागहरू सम्बोधन गर्न नसकेकोमा प्राध्यापकहरूले पनि आलोचना गरे । प्राध्यापक डा. लोकराज बरालले राजाको सम्बोधनले संरचनाका बारेमा केही नबोलेको, खाली प्रधानमन्त्रिको उम्मेदवार प्रस्ताव गर्न मात्र भनिएको र संवैधानिक तथा राजनीतिक तहमा कुनै कुरा नमिलेको भन्ने कुरा व्यक्त गरे । नेपाल प्राध्यापक संघ तथा प्रगतिशिल प्राध्यापक संगठनले राजाको घोषणा जनतालाई

---

[२७८] *नेपाल समाचारपत्र दैनिक,* २०६२ चैत्र ३१ ।

[२७९] *कान्तिपुर दैनिक,* २०६३ वैशाख १ ।

[२८०] निष्ठुरी, *पूर्ववत्,* पादटिप्पणी नं. १०, पृ. ८२ ।

[२८१] *कान्तिपुर दैनिक,* २०६३ वैशाख १ ।

[२८२] *नेपाल समाचारपत्र दैनिक,* २०६३ वैशाख ३ ।

[२८३] निष्ठुरी, *पूर्वर्पवत्,* पादटिप्पणी नं. १०, पृ. ११० ।

भुक्याउने चालवाजी भएको र यसले स्वाभिमानी नेपालीको गौरवशाली जनआन्दोलनको अवमूल्यन गरेको[२८४] बताए ।

वैशाख ११ गतेको शाही घोषणापछि प्राध्यापकहरू तथा शिक्षकहरूले पनि त्यसको स्वागत गर्दै विजय जुलुसमा सहभागी भए ।

यसरी काठमाडौंमा प्राध्यापकहरू तथा शिक्षकहरूले जनआन्दोलनका १९ दिनमा प्रत्येक दिन शाही सत्ताविरुद्ध हड्ताल, प्रदर्शन जस्ता विरोधका कार्यक्रमहरू गरी लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरे ।

यसरी जनआन्दोलमा उल्लिखित पेशाकर्मीबाहेक अन्य थुप्रै पेशाकर्मी, व्यवसायीहरूले पनि ऐक्यबद्धता जनाए । जनआन्दोलन भाग २ मा काठमाडौंमा राजनीतिक दलहरू, विद्यार्थी संगठनहरू तथा उल्लेखित पेशाकर्मीहरू बाहेक अन्य पेशा व्यावसायी, वर्ग तथा समुदायले समेत ठूलो भूमिका निभाएका थिए । बस व्यवसायी, तरकारी व्यवसायी सामुदायिक वन उपभोक्ता महासंघ, उद्योग व्यवसायीलगायतका सबै पक्षले आ-आफ्नो ठाउँबाट आन्दोलनलाई सहयोग गरे ।

सामुदायीक वन उपभोक्ता महासंघका अध्यक्ष भन्दछन्- हामी वास्तवमा शक्ति, शासन र अधिकार जनतामा हुनुपर्छ भन्ने पक्षमा २०५२ सालदेखि बोल्दै आएका छौं र केन्द्रीयदेखि स्थानीय संगठनहरूमा व्यवहारिक रूपमा लागू गरिसकेका छौँ । समावेशी राज्य र जनताको शासनका लागि महासंघले लोकतान्त्रिक आन्दोलनमा ऐक्यबद्धता जाहेर गरेको हो ।[२८५]

काठमाडौं तथा देशभरि भइरहेको विरोध प्रदर्शनमा सुरक्षाकर्मीबाट भइरहेको व्यापक धरपकड, दमन र शान्तिपूर्ण प्रदर्शन विथोल्ने सरकारी कार्यको भर्त्सना गर्दै नेपाल स्वतन्त्र होटल मजदुर युनियन, नेपाल पर्यटन तथा होटल श्रमिक संघ, नेपाल होटल मजदुर संघले वैशाख १ गतेदेखि हातमा कालोपट्टी बाँधेर काम गर्ने आ आफ्नो होटल वा क्यासिनो अगाडि दिनको १ घण्टा धर्ना दिने, लोकतन्त्रको समर्थन गर्ने, र श्रम अध्यादेशको विरोध गरी मूलगेटमा कालो व्यानर राख्ने निर्णय गर्दै प्रेस विज्ञप्ति जारी गरे ।[२८६] वायु सेवा सञ्चालक

---

२८४ नेपाल प्राध्यापक संघद्वारा जारी प्रेस विज्ञप्ति, २०६३/१/९ ।

२८५ घनश्याम पाण्डे, सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय अध्यक्षसँग मिति २०६४।९।४ मा लिइएको अन्तरवार्ताबाट प्राप्त जानकारी ।

२८६ *कान्तिपुर दैनिक,* २०६३ वैशाख २ ।

संघ तथा ट्रेकिङ एजेन्ट्स एसोसिएसन अफ नेपालले पनि सरकारी रवैयाका विरोध गर्दै काठमाडौंमा कोरियाली पर्यटकमाथि सुरक्षाकर्मीले गरेको कुटपिट, ठमेलमा शान्तिपूर्वक भेला भएका पर्यटकको गिरफ्तारी तथा गोँगवुमा प्राथमिक उपचारमा संलग्न विदेशी डाक्टरमाथि भएको कुटपिटको भर्त्सना गरे । नेपाल घरेलु तथा साना उद्योग महासंघले पूर्ण प्रजातन्त्र विना मुलुकको औद्योगिक र आर्थिक विकास हुन नसक्ने बताउँदै आन्दोलनमा ऐक्यबद्धता जनायो ।[२८७] कालीमाटीका तरकारी तथा फलफुल व्यवसायीहरू आफ्नो व्यवसाय छोडेर आन्दोलनमा उत्रे ।

यस प्रकार आन्दोलनमा सबै पेशा, वर्गका सबै उत्रिए । लोकतान्त्रिक आन्दोलनमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था महासंघले पनि ऐक्यबद्धता जनाउँदै प्रदर्शन गऱ्यो । प्रदर्शनमा २ सयभन्दा बढीलाई प्रहरीले गिरफ्तार गऱ्यो ।[२८८] दिगो विकाससँग सम्बन्धित संस्थाहरूको सञ्जाल (Nepal Network for Sustainable Development) ले पनि प्रदर्शन गऱ्यो ।[२८९]

पेट्रोलियम डिलर्स एसोसियसनले लोकतान्त्रिक आन्दोलनमा ऐक्यबद्धता जनाउँदै केही दिन इन्धन बिक्री नगर्ने निर्णय गऱ्यो । यातायात ठप्प पारेर आन्दोलनमा उत्रिएका नेपाल यातायात मजदुर संघ, यातायात स्वतन्त्र मजदुर संगठनलगायत हजारौँ मजदुरले वैशाख ७ गते काठमाडौंको नैकापदेखि कलङकीसम्म जुलुस निकाले । प्रतिगामी सरकारले आफूहरूलाई मण्डले बनाउन खोजेको भन्दै खेलाडीहरू पनि आन्दोलनमा उत्रिए ।

यस प्रकार जनआन्दोलन ०६२/६३ मा काठमाडौंमा लोकतान्त्रिक आन्दोलनमा सबै वर्ग, तह र तहका मानिसहरू लागेर आन्दोलनलाई निर्णायक बनाउन ठूलो योगदान दिए ।

## ४.४. २०६२/६३ को जनआन्दोलनमा काठमाडौंमा महिलाको भूमिका

नेपालमा २०५८ को जनगणना अनूसार जनसंख्याको हिसाबमा ५०.४% रहेका महिलाहरू राज्यको शासन व्यवस्था तथा राजनीतिक क्रियाकलापमा भने पुरुष सरह पुग्न सकेका छैनन् । तर कुनै निरङ्कुशताविरुद्धको आन्दोलनमा तथा समग्र देशको निकासका लागि भने महिलाहरू पनि संघर्षमा होमिएका छन् ।

नेपालको इतिहासलाई हेर्दा राणाशासनविरुद्धको आन्दोलनमा दिव्या

---

[२८७] निष्ठुरी, *पूर्ववत्,* पादटिप्पणी नं. १०, पृ. ७३ ।

[२८८] *कान्तिपुर दैनिक,* २०६३ वैशाख १

[२८९] निष्ठुरी, *पूर्ववत्,* पादटिप्पणी नं. १०, पृ. ८२ ।

कोइरालालगायतका केही महिलाहरूले प्रजातन्त्रको स्थापनाका लागि संघर्ष गरेको पाइन्छ। त्यस्तै पञ्चायती शासन व्यवस्थाविरुद्धको संघर्षमा पनि महिलाहरूले ठूलो संघर्ष गरेका थिए। २०४६ सालको संयुक्त जनआन्दोलनमा कम्युनिष्ट घटकहरूको समुह वाममोर्चा नेपालको अध्यक्षता साहना प्रधानले गरेर आन्दोलनमा नेतृत्व प्रदानसमेत गरेकी थिइन्।[२९०] त्यसपछिका राजनीतिक कृयाकलापहरूमा महिलाको सहभागिता र सकृयता बढ्दै गएको पाइन्छ। माओवादी जनयुद्धपछि नेपालको राजनीतिक संघर्ष तथा द्वन्द्वको मार सबैभन्दा बढी महिलामा परेको पाइन्छ।[२९१] माओवादी जनयुद्धमा पनि महिलाहरू अत्यधिक रूपमा संलग्न भए। यो सबैको कारण महिलाप्रति समाजले लगाएको बन्धन र महिलालाई हेर्ने दृष्टिकोणले गर्दा महिला मुक्तिको लागि महिलाहरू संघर्षमा उत्रिन बाध्य भए।[२९२]

तर माओवादी जनयुद्धको कारण अर्थात देशमा जारी द्वन्द्वात्मक हिंसाको शिकार भने महिलाहरू नै हुन पुगे। माओवादीले सरकारका सुरक्षाकर्मीका श्रीमती, आमा, छोरी अर्थात् अन्य नाता भएकै कारण महिलाहरूलाई मानसिक तथा शारीरिक यातना दिए भने सरकारले पनि माओवादीका परिवार भएको वा सुराकी भएको आधारमा महिलालाई यातना दिन थाल्यो। यो दुईतर्फीको ज्यादतीविरुद्ध महिलाहरू आन्दोलनमा होमिए।[२९३] आफ्नै आँखा अगाडि आफ्नो श्रीमान्, छोरालाई यातना, अपहरण र हत्या गरेका घटनाहरू हेरीहेरी मानसिक रूपमा पीडित हुनपुगे महिलाहरू। यही कारणले गर्दा द्वन्द्वको अन्त्यका लागि महिलाहरू जनआन्दोलन ०६२/६३ मा अत्यधिकमात्रामा सहभागी भए।

जनआन्दोलन भाग २ मा काठमाडौंमा तरकारी बेच्ने र भारी बोक्ने महिलाहरूदेखि लिएर सदनका महिलाहरूले समेत ठूलो योगदान दिए। जब महिलाको सहभागिता बढ्दछ तब सम्झनुपर्दछ त्यो आन्दोलनले गम्भीर रूप लिदैछ।[२९४] यस जनआन्दोलनले पनि त्यही रूप लिंदै गयो। महिलाहरू यसरी राजनीतिक आन्दोलनमा उत्रनुको मुख्य कारण तिनले हिंसात्मक द्वन्द्वबाट पाएको सास्ती थियो। तिनले धेरै वर्षसम्म आफ्नै परिवारका पुरुष

---

[२९०] सूर्यमणि अधिकारी, *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास* नयाँ दिल्ली : निराला पब्लिकेसन्स २०५५, पृ. ३२०।

[२९१] विद्या भण्डारीसँग मिति २०६५।५।६ मा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी।

[२९२] हसिला यमीसँग २०६४।५।२३ मा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी।

[२९३] *तरुण साप्ताहिक* ले २०६३ वैशाख ४ मा महिला संघ सदस्य लीला नेपालसँगको कुराकानी।

[२९४] हिसिला यमी, *जनयुद्व र महिला मुक्ति,* काठमाडौं : जनध्वनि प्रकाशन, २०६३, पृ. ११४।

सदस्यहरू, समाज, दल, माओवादी, सेना, प्रहरी आदिबाट हिंसा र असुरक्षाको स्थितिबाट मुक्ति पाउने आशा गरे तर जस जसबाट अपेक्षा गरे तिनीहरू नै या त असहाय देखिए या आफ्नै ज्यान जोगाउनतर्फ लागेको पाए।[२९५] यथार्थमा थुप्रै महिला आफू नेता बन्न अथवा रहर पुऱ्याउन नभई हिंसात्मक द्वन्द्व र निरङ्कुश शासनका कारण आफ्नो लोग्ने, दाजुभाइ, छोराले भोग्नुपरेको पीडा र असहायपनबाट बढी पीडित भए। आफ्नो परिवार, छिमेक वा गाउँसमाजका पुरुष र कतिपय महिलाले समेत पाएको यातना र दुःख कष्ट देखेका भोगेका महिलाहरूले यस जनआन्दोलनलाई हिँसा र असुरक्षाको निदान खोज्ने एउटा अवसरको रूपमा लिएको पाइन्छ।[२९६] यस प्रकार द्वन्द्वात्मक हिंसाबाट मुक्ति पाउने अभिलाषाले गर्दा मुख्य रूपमा महिलाहरू यस जनआन्दोलनमा उत्रिएको पाइयो।

चैत्र २४ देखि शुरु भएको जनआन्दोलनमा काठमाडौंमा महिलाहरूले उल्लेख्य भूमिका निर्वाह गरे। हातमा थाल, कचौरा, कुटो, कोदालो तथा कुचो लिएर काठमाडौंका गाउँ गाउँबाट निरङ्कुशताविरुद्ध नारा लगाउँदै हजारौं महिलाहरू आन्दोलनमा उत्रिए [२९७] तर यसरी द्वन्द्वको मार खेपिरहेका महिलाहरूले देशमा दीगो शान्तिको कामना गर्दै संघर्षमा होमिएको बेला माथिल्लो तहमा बसेर महिला मुक्तिका नाममा जनतामाथि शोषण गर्न समेत केही महिलाहरू पछि परेनन्। सरकारमा बसेर राजा तथा निरङकुशताका मतियार केही महिलाहरू भने सरकारको आयु बढाउन र आफू लाभको पदमा रहिरहनका लागि राजाको पक्षमा वकालत गर्न थाले। सात राजनीतिक दलहरूको कथित देशव्यापी आम हड्ताल कुसमयमा गरिएको कुकाम हो [२९८] भन्न समेत पछि परेनन्। तत्कालीन त्यस्तै संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रि याङकीला शेर्पाले श्री ५ बाट अहिले देशलाई सही ठाउँमा डोऱ्याउने प्रयास भइरहेको छ तर यो आम हड्तालको कार्यक्रमले यस प्रयासलाई अवरोध पुऱ्याउन खोजेको देखिन्छ भन्ने बताइन्।[२९९] यस प्रकार केही महिलाहरू जो शाही सत्तामा बसेर राजा ज्ञानेन्द्रका मतियार बन्दै समग्र महिलावर्गकै हितविपरीत उत्रन

---

२९५ *हिमाल खबरपत्रिका,* २०६३ वैशाख १६-३१, ।

२९६ राजेन्द्र दाहाल, "जनताको जय होस्", *हिमाल खबरपत्रिका,* वैशाख १६-३१।

२९७ *छलफल साप्ताहिक,* वैशाख ३, २०६३।

२९८ दुर्गा पोखरेल, तत्कालीन राज्यमन्त्री, महिला बालबालिका तथा समाज कल्याणले २०६२ चैत्र २५ मा गोरखापत्रमा दिएको अन्तरवार्ता।

२९९ *गोरखापत्र दैनिक,* चैत्र २५।

खोजे तापनि अन्य महिलाहरू बास्तवमा लोकतन्त्रको स्थापना निरङ्कुशताको अन्त्य र द्वन्द्वको अन्त्यका लागि ज्यान दिनसमेत तत्पर रहे ।

प्रतिनिधिसभाका उपसभामुख चित्रलेखा यादवले महिलाको तर्फबाट तथा राजनैतिक दलको तर्फबाट जनआन्दोलनभन्दा अघिदेखि अर्थात् प्रतिगमन विरुद्धका संघर्षमा र जनआन्दोलनको समयमा ठूलो संघर्षका साथ योगदान दिइन् । उनले सडकदेखि सदनसम्म ठूलो जिम्मेवारी निभाइन् ।[३००] सडक आन्दोलनमा पनि प्रतिनिधिसभालाई नेतृत्व प्रदान गरिन् । सिंहदरबारको सदन र सडकको सदनमा उत्तिकै जिम्मेवारी निर्वाह गरिन् । 'मुख्य कुरा जनताको आवाजलाई निरङ्कुशताको कानमा पुऱ्याएर निरङ्कुशताको अन्त्य गर्ने र जनताको शासन स्थापित गर्ने लडाई भएकोले त्यो ठाउँले होइन, दायित्वले पुरा गर्न सकिन्छ भन्ने मान्यताले मैले सडकको संघर्षमा नेतृत्व प्रदान गरे'[३०१] चित्रलेखा यादवको भनाइ थियो ।

साँच्चै महिलाहरूले पुरुषसँगै हातेमालो गर्दै र कतिपय अवस्थामा त केवल महिलाको मात्रै आन्दोलनमा अघि बढ्दै निरङकुशताको जरा हल्लाउन योगदान दिए । राजनैतिक नेतृत्वप्रतिको विश्वासले भन्दा पनि महिलाहरू स्वतःस्फुर्त रूपमा आन्दोलनमा सहभागी बने ।[३०२]

साँच्ची नै देशको समग्र विकास र अग्रगमनका लागि महिलाको अर्थपूर्ण सहभागिता आवश्यक पर्ने चित्रलेखा यादवको भनाई छ । तर वास्तविकता नारामा मात्रै सीमित छ,[३०३] उनको गुनासोसमेत छ । राजनैतिक नेतृत्वले अब जनताका भावना र चाहना बुझेर देशको लागि योगदान दिन सकेनन् भने फेरि जनता यसरी नै दलहरूविरुद्ध उठ्न बाध्य हुनेछन् त्यसमा महिलाको सहभागिताले ज्वारभाटा पैदा गर्नेछ । कूर्सी मोहलाई जनताले अनुमोदन गर्ने छैनन् । भोलि पनि नेतृत्वले कुर्सी मोहकै पछि लागेको अनुभूति भयो भने जनताले माफ गर्ने छैनन्[३०४] महिलाको यो हाँक वास्तवमा सही थियो ।

जनआन्दोलनमा महिलाको भूमिकाको सन्दर्भमा छायाँदेवी पराजुलीको भूमिका

---

३०० *नारी मासिक पत्रिका,* २०६३ जेष्ठ ।

३०१ चित्रलेखा यादवसँग मिति २०६४।९।२ मा गरिएको कुराकानीबाट प्राप्त जानकारी ।

३०२ *दृष्टि साप्ताहिक,* २०६३ वैशाख ६ ।

३०३ यादव, पूर्ववत् पादटिप्पणी नं.२३७ ।

३०४ चित्रलेखा यादवसँग नेपाल राष्ट्रिय साप्ताहिकले गरेको कुराकानी, २०६३ वैशाख २४ पृ. २४ ।

अतुलनीय रह्यो । ८६ वर्षीया छायाँदेवीले राजा ज्ञानेन्द्रले अशोज १८, २०५९ मा उठाएको कदमपछि नै प्रतिगमनका विरुद्ध सडक आन्दोलनमा उत्रिइन् । माघ १९ को राजाको उदयले त निरङकूशतन्त्र हावी भएको भन्दै उनी झनै सशक्त रूपमा आन्दोलनमा होमिइन् । त्यस्तो वृद्ध अवस्थामा आन्दोलनमा उनले दिएको नेतृत्व र अग्रणी भूमिकाले सबैलाई आन्दोलनमा जान अभिप्रेरित गऱ्यो । देशको सशक्त युवा शक्तिलाई समेत पछि पार्दै वयोवृद्ध छायाँदेवी पराजुली आन्दोलनका हरेक दिनमा सडकमा लोकतन्त्रप्राप्तिको खातिर होमिइन् । लोकतन्त्र वहाली नभएसम्म घर नजाने निर्णय गर्दै छायाँदेवीले काठमाडौंका सडकलाई लोकतान्त्रिक संघर्षले वताइन् । साँच्ची नै उनले भनेझैँ १९ दिनको अथक प्रयासपछि राजा ज्ञानेन्द्र हारे लोकतन्त्रबादीको जीत भयो ।

यसप्रकार महिलाले जनआन्दोलन ०६२/६३ मा देखाएको यो अदम्य साहस र भूमिकालाई इतिहासले कहिल्यै बिर्सने छैन ।

## ४.५. ०६२/६३ को जनआन्दोलनमा काठमाडौंमा विद्यार्थीहरूको भूमिका

विद्यार्थी वर्ग एक सचेत वर्ग भएको हुनाले यसले राष्ट्रिय अन्तर्राष्ट्रिय हरेक गतिविधिको बारेमा जानकारी राखेको हुन्छ । राष्ट्रले दिनुपर्ने हक अधिकारको माग गर्दै कर्तव्यको बोध समेत गरेको हुन्छ । त्यति मात्र होइन राष्ट्रमा भएका हरेक घटनामा अर्थात् राजनीतिक घटनाहरूमा सजगता देखाउनुका साथै कुनै पनि राष्ट्रघाती व्यवस्थाका विरुद्धमा भएको आन्दोलनहरूमा महत्वपूर्ण भूमिका निभाएको हुन्छ ।

नेपालको सन्दर्भमा हेर्दा निरङ्कुश राणाशासनकालमा नै उक्त व्यवस्थाको विरोध स्वरूप विद्यार्थीहरूले आवाज उठाएका थिए । वि.सं. १९९७ मा प्रजापरिषद काण्डमा शहीद बनाएका मध्ये १ जना गंगालाल श्रेष्ठ त्रिचन्द्र क्याम्पसका विद्यार्थी थिए ।[३०५] तर विद्यार्थीहरूको संगठित आन्दोलन भने वि.सं. २००४ को जयतु संस्कृतम् लाई मान्न सकिन्छ । यस प्रकार राजाविरोधी आन्दोलनमा नै विद्यार्थीहरूले भूमिका खेल्दै आएको पाइन्छ ।

२०१७ सालमा पञ्चायती व्यवस्थाको विजारोपण भएपछि त्यसको विरोधमा विद्यार्थीले आवाज उठाए पनि त्यो सशक्त बन्न सकेन तर २०३६ सालको विद्यार्थी

[३०५] ज्ञानबहादुर कर्की, *नेपालको जनआन्दोलन २०४६ मा बौद्धिक वर्गको भूमिका,* त्रि.वि.वि मानविकी तथा सामाजिक शास्त्र सङकायअन्तर्गत विद्यावारिधि उपाधिका निम्ति प्रस्तुत शोधप्रबन्ध, २०५९, पृ. ३३९ ।

आन्दोलनले शासकलाई एक कदमपछि फर्काउन सफल भई जनमत संग्रह भएको थियो। जनमत संग्रह पञ्चायतकै पक्षमा गए तापनि निर्विकल्प भनिएको पञ्चायती व्यवस्थाको विकल्प खोज्न गरिएको यो चुनाव हुनुको पछाडि विद्यार्थी आन्दोलनको ठूलो भूमिका छ।

२०४६ सालको जनआन्दोलनलाई सफल बनाउनका लागि सातवटा विद्यार्थी संगठनहरूबीच एक लिखित सम्झौता भई आन्दोलका गतिविधिहरू भएका थिए। काठमाडौं उपत्यका जनआन्दोलनको केन्द्रबिन्दु भएकाले आन्दोलनलाई लक्ष्यमा पुऱ्याउनका लागि त्यहाँ विद्यार्थीहरूको महत्वपूर्ण भूमिका रह्यो।

प्रजातन्त्रको पुनर्स्थापनापछि विद्यार्थीहरू सामूहिक हकहित र राष्ट्रिय सरोकारका विषयहरूमा केन्द्रित भए। जब राजा ज्ञानेन्द्रले २०५९ अशोज १८ मा प्रतिगमनको शुरुवात गरी २०६१ माघ १९ मा त्यसलाई बृहत बनाए, त्यसका विरुद्धमा विद्यार्थीहरू पनि सडकमा ओर्लेर प्रतिगमनको विरुद्धमा उत्रे।

सात राजनैतिक दलहरूद्वारा २०६२ चैत्र २४ देखि शुरु गरिएको आम हड्तालको पूर्वसन्ध्यामा नै भातृ संगठनका रूपमा रहेका विद्यार्थी संगठनहरू राजनैतिक दलहरूसितै सडकमा प्रतिगमन विरुद्धको आन्दोलनमा उत्रे।[३०६] यो आन्दोलनमा विद्यार्थीहरूले राजतन्त्रका विरुद्धमा र गणतन्त्ररूपी नाराहरू सशक्त रूपमा लगाउँदै निरङ्कुशतालाई चुनौती दिए।

१९ दिने जनआन्दोलन शुरु हुनुभन्दा पहिले २०६२ चैत्र २३ मा सुरक्षाकर्मीहरूले राजनीतिक दलका नेता/कार्यकर्ताहरूलाई पक्राउ गर्ने क्रममा विद्यार्थीहरूलाई समेत बाँकी राखेन। सरकारले गगन थापा, ठाकूर गैरे, रामकुमारी झाँक्री आदिलाई पक्राउ गऱ्यो।[३०७] चैत्र २४ गते विद्यार्थीहरूले काठमाडौं, कीर्तिपुर, बल्खु, शहीदगेट, भोटाहिटी, क्षेत्रपाटी, कालिमाटी, कलंकी, कोटेश्वर, बालाजु, गोँगबु, चावहिल आदि ठाउँबाट जुलुस निकाले। कीर्तिपुरमा त्रि.वि.का विद्यार्थी र प्रहरीबीच झडप समेत भयो तर प्रहरीले नियन्त्रणमा लिन सकेन।[३०८] चैत्र २५ गते मैतीदेवीमा विद्यार्थीहरूले मसाल जुलुस निकाले। कीर्तिपुरमा त्रि.वि.का विद्यार्थीहरूले उपकुलपतिको कार्यालय अगाडि प्रदर्शन गरे। त्यहाँको छात्रवासमा

---

[३०६] *अन्नपूर्ण पोष्ट दैनिक,* २०६२, चैत्र २२।

[३०७] *छलफल साप्ताहिक,* २०६२ चैत्र २७।

[३०८] निष्ठुरी, *पूर्ववत्,* पादटिप्पणी नं. १०, पृ. ९।

प्रहरीले जथाभावी गर्दा स्ववियु कोषाध्यक्ष लिला राई गम्भीर घाइते भए ।[३०९]

चैत्र २८ गते त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले सक्रिय रूपमा शाही सत्ताको विरोध गरेको रीसमा शिक्षण अस्पतालको छात्रवासमा ढोका फोरेर भित्र पसी विद्यार्थीहरूलाई कुटपिट गरे ।[३१०] छिनभरमै विद्यार्थीहरू रक्ताम्मे भए, कति विद्यार्थीलाई माथिल्लो तलाबाट घिसार्दै, प्रहरीको भ्यानमा कोचियो भने कतिपय विद्यार्थीको टाउको प्रहरीले पिलर र भित्तामा निर्ममतापूर्वक बजारे । प्रहरी वर्वरताको साक्षी स्वयं घाइते विद्यार्थी त छन् नै, रक्ताम्मे भित्ता र भुई पनि सरकारका दमनका प्रमाण बने ।[३११]

प्रहरी र सेनाको दमनविरुद्ध अनेरास्ववियुले २८ गते जनआन्दोलन परिचालन कमिटीका संयोजक राजेन्द्र राईको नेतृत्वमा काठमाडौंको असनदेखि ठमेलसम्म सिठ्ठी जुलुस गऱ्यो ।[३१२] मैतीदेवीमा अखिलका राजेन्द्र राई र नेविसंघका वासु कोइरालाको नेतृत्वमा प्रतिगमनको पुत्ला जुलुस प्रदर्शन भयो । पुत्ला धोवीखोलामा दहन गरियो साथै बानेश्वरदेखि मीनभवनसम्म मसाल जुलुस भयो ।[३१३]

चैत्र २९ गते कीर्तिपुरको वृहत प्रदर्शनमा गोली समेत चल्यो । त्रि.वि. स्नातकोत्तरका विद्यार्थी मणि काफ्लेले त्यहाँ ६ घण्टासम्म लोकतान्त्रिक कविता सुनाए । उनको कवितामा भनिएको थियो -

एक गिलास चिसो पानी पिएरै आऐं साथी
लोकतन्त्रको नयाँ सन्देश दिएरै आऐँ साथी,
कर्फ्यु पनि कस्तो लगायो ख्याल, ख्याल र साँच्चैको
समग्रमा तिम्रो कर्फ्यू पाकेन मन्त्री काँचै भो,
यो भन्दा अर्को लडाई लड्दा पनि लड्दिन साथी,
लोकतन्त्र नआएसम्म पढ्दा पनि पढ्दिन साथी,

यसरी विद्यार्थीहरूले कवितामार्फत् लोकतन्त्र नआएसम्म पढ्दा पनि नपढ्ने वाचा

---

३०९ *ऐजन,* ।

३१० *नेपाल समाचारपत्र दैनिक,* २०६२, चैत्र २९ ।

३११ मनिष गौतम, "चिकित्सा क्षेत्र पनि तारो" *समय साप्ताहिक,* २०६३ वैशाख ७ ।

३१२ *द काठमाण्डू पोष्ट,* ई. २००६, अप्रिल ११ ।

३१३ *कान्तिपुर दैनिक,* २०६२, चैत्र २९ ।

गरेका थिए ।

चैत्र ३० गते नेपाल विद्यार्थी संघले मीनभवनमा मसाल र पुत्ला जुलुस निकाली निरङ्कुशताविरुद्ध नारावाजी ग-यो । सहिदप्रति श्रद्धाञ्जली अर्पण गर्न खुल्ला मञ्च पुगेका विद्यार्थीमाथि भिजिलान्तेहरूले खुकुरी र ढुंगामुढा प्रहार गर्दा एक विद्यार्थी घाइते भए ।[३१४]

चैत्र ३१ गते कीर्तिपुरमा त्रि.वि.का विद्यार्थी तथा प्राध्यापकहरूले स्थानीयवासीसँगै ऱ्याली निकाले । ऱ्यालीपछि सभामा परिणत भएर साँस्कृतिक कार्यक्रम गरे जसमा लोकतान्त्रिक नाचगान भए ।

वैशाख १ गते विद्यार्थीहरूले मोबाइलबाट एकअर्कालाई शुभकामना आदान प्रदान गर्दै लोकतन्त्रका लागि सबैलाई सडकमा उत्रन आह्वान गरे । लोकतान्त्रिक SMS पठाउँदै नयाँ वर्षले चाँडै नै निरङ्कुशताको अन्त्य र लोकतन्त्रको स्थापना गर्ने विश्वासका साथ विद्यार्थीहरू सडकमा उत्रे ।[३१५] वैशाख २ गते नेपाल विद्यार्थी संघले लोकतान्त्रिक आन्दोलनमा गोँगवु, कीर्तिपुर बागबजारलगायतका ठाउँबाट पक्राउ गरी बेपत्ता पारिएका आन्दोलनकारीहरूको स्थिति सार्वजनिक गर्न माग गऱ्यो । संघले वेपत्ता पारिएकाहरूको खोजी गर्न मानव अधिकारवादी संघसंस्थालाई पनि आग्रह गऱ्यो ।[३१६]

काठमाडौंमा आन्दोलनका प्रत्येक दिनमा विद्यार्थीहरूले सशक्त रूपमा आन्दोलन गरे । कीर्तिपुरमा दिनहुँ जसो लोकतान्त्रिक जुलुस र सभा भए । वैशाख ७ गते विद्यार्थी नेताहरू गगन थापा तथा राजेन्द्र राईले नेतृत्व गरी मैतीदेवीबाट जुलुस निकाले । जुलुस घट्टेकुलो अनामनगर हुँदै सिंहदरबार पुगेपछि प्रहरीले लाठीचार्ज गऱ्यो ।[३१७] वैशाख ८ गते रामकुमारी झाँक्री, बासु कोइराला, हिक्मत कार्कीलगायतले नयाँ बानेश्वरमा जुलुसलाई नेतृत्व दिँदै अगाडि बढे । विद्यार्थीहरूले पुरानो वानेश्वर तथा घट्टेकुलोमा कर्फ्यू तोडेर प्रदर्शन गरे ।[३१८] ठाउँ ठाउँमा राखिएका राजाका महावाणी लेखिएका होडिङबोर्डहरूलाई विद्यार्थीहरूले निकालेर जलाए । वैशाख ८ को शाही घोषणा धोका हो भन्दै विद्यार्थीहरूले वैशाख ९ गते निरङ्कुशताको पुत्ला जलाए भने कतिपय ठाउँबाट मशाल जुलुससमेत निकाले ।

---

[३१४] निष्ठुरी, *पूर्ववत्,* पादटिप्पणी नं. १०, पृ. ७१ ।

[३१५] *कान्तिपुर दैनिक,* २०६२, वैशाख २ ।

[३१६] *तरुण साप्ताहिक,* २०६३ वैशाख ४ ।

[३१७] *कान्तिपुर दैनिक,* २०६३ वैशाख ८ ।

[३१८] *ऐजन ।*

काठमाडौंमा विद्यार्थी संगठनहरूले आ-आफ्ना संलग्न दलहरू सँगसँगै आन्दोलनमा उत्रेर राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाको माग गरे। वैशाख ११ को शाही सम्बोधनपछि राजनीतिक दलहरूसँगै विद्यार्थी संगठनहरूले पनि विजय जुलुस मनाए।

यसरी विद्यार्थीहरूले काठमाडौंमा नयाँ विचार र नयाँ सोचका साथ आन्दोलनलाई सशक्त बनाउन ठूलो योगदान दिए। जनआन्दोलनमार्फत् व्यक्त जनादेशलाई व्यावहारिक प्रत्याभूति दिलाउनका लागि अब संविधानसभामा जानुपर्ने माग पनि विद्यार्थीहरूले सशक्त रूपमा राखे। विद्याथी नेतृ रामकुमारी झाँक्री भन्दछिन्-

> हामीले प्रत्येक दिन राजनीतिक दलहरूसँगै साझेदारी गर्दै तथा विद्यार्थीको छुट्टै रूपमा समेत आन्दोलनलाई सशक्त बनायौं। शाही सत्ताको अश्रुग्याँस, रबरका गोली तथा लाठी खाएर लोकतन्त्र प्राप्तिको आन्दोलनमा होमियौं। किनभने विद्यार्थी भनेको देशको भविष्य निर्माण गर्ने एक बुलन्द आवाज हो। भोलीको नेपाल भनेको आजका विद्यार्थीको हातमा भएकाले यसलाई कसरी अघि बढाउने भन्ने सोच भएकोले निरङ्कुशताको जरा उखेल्न विद्यार्थीहरू आन्दोलनमा होमिए।[३१९]

यस जनआन्दोलनमा काठमाडौंमा साँच्चै नै विद्यार्थीहरूले निरङ्कुशताविरुद्धको आवाजलाई यति घन्काए कि राजनीतिक दलहरू भन्दा विद्यार्थीका आवाजले जनमानसलाई बढी छोयो। अब विद्यार्थी संगठनले नेपालमा राजतन्त्र होइन, लोकतान्त्रिक गणतन्त्र खोजेको छ। तर राजनीतिक दलहरू अझै पनि अलमलमा परिरहेका छन्, यो अलमललाई चिर्दै विद्यार्थीहरूले दलहरूलाई समेत खबरदारी गर्नुपर्ने बेला आएको छ। पुरानो विचार र मान्यतालाई त्यागी अब नयाँ सोचका साथ अगाडि बढ्नुपर्ने बेला आएको छ। नेपाली जनताले जनआन्दोलनमा बगाएको रगतको मुल्य दलहरूले तिर्न सकेनन् भने नेपाल फेरी पुरानै स्थितिमा फर्कन सक्छ तसर्थ जतिसक्दो छिटो संविधानसभाको चुनाव मार्फत देशलाई गणतान्त्रिक मोडमा पुऱ्याउनुपर्ने बेला आएको छ। यसको लागि पनि विद्यार्थीको सशक्त आवाजको आवश्यकता छ [३२०] भन्दै विद्यार्थीहरू संविधानसभाको चुनावका लागि केन्द्रित भएका थिए।

यसरी विद्यार्थीहरूले जनआन्दोलनमा उठाएको आवाज तथा मागलाई देश र

---

३१९ रामकुमारी झाँक्रीसँग मिति २०६४।९।२ मा लिइएको प्रत्यक्ष अन्तरवार्ताबाट प्राप्त जानकारी।

३२० ठाकुर गैरेसँग मिति २०६४।९।२ मा लिइएको प्रत्यक्ष अन्तरवार्ताबाट प्राप्त जानकारी।

जनताको हितको निम्ति चाँडो भन्दा चाँडो संविधानसभामा जानुपर्ने कुरा विद्यार्थी नेताहरुले राखे। संविधान सभालाई त्यसको ऐतिहासिक सन्दर्भमा जोडेर हेर्ने हो र लोकतन्त्र र राजतन्त्रलाई केन्द्रबिन्दु वनाएर हुँदै गएको तीब्र ध्रुवीकरणको यथार्थलाई बुझ्ने हो भने निसन्देह संविधानसभा नै आजको उत्तम राजनीतिक निकास हो।[३२१] यसरी जनआन्दोलनमा काठमाडौंमा विद्यार्थीले निभाएको महत्वपूर्ण भूमिकाले संविधानसभासम्म जाने दवाव दिन पनि उनीहरू त्यत्तिकै सक्षम भए।

## ४.६. २०६२/६३ **को जनआन्दोलनका परिणाम**/**उपलब्धि**

नेपाली जनताले राजतन्त्रको निरङ्कुशताको अन्त्य गर्दै मुलुकमा दिगो शान्तिको उत्कट अभिलाषाको खातिर ज्यानको मूल्य चुकाई गरेको जनआन्दोलन २०६२/६३ ले आखिरमा लक्ष्य प्राप्त गरेरै छोड्यो। हठी र लिडेँढिपी गर्न सिपालु मानिएका राजा ज्ञानेन्द्रको हठी स्वभाव त्यतिबेला जनतासामु नराम्ररी झुक्यो, जतिबेला अँध्यारो मुख लगाएर राजा ज्ञानेन्द्रले २०६३ वैशाख ११ गतेको घोषणामार्फत आफ्नै सिंहासनलाई धरापमा पार्न बाध्य भए। राजा ज्ञानेन्द्रले जनताको शक्ति त्यतिबेला बुझे, जतिबेला उनका हात हतियारले सुसज्जित सुरक्षाकर्मीहरूलाई जनताको आवाजले निस्तेज पाऱ्यो। राजा जनतासामु झुके, हठ आखिरमा त्याग्नुपऱ्यो। "जनआन्दोलन ०६२/६३ को दौरानमा हामीले के देख्यौ भने राजा ज्ञानेन्द्रले नेपाली जनताका आकांक्षालाई साह्रै नै अवमूल्यन गरेर बसेका रहेछन्, जनआकांक्षाको अवमूल्यन गरेवापत राजा ज्ञानेन्द्रले चर्को मुल्य तिर्नुपर्ने स्वाभाविक थियो"[३२२] एक संचारकर्मीको टिप्पणी थियो। त्यही मूल्य स्वरूप राजाले वैशाख ११ को घोषणा गर्नुपऱ्यो। अब नेपालमा राजतन्त्रको भविष्य अनिश्चित भयो। जनताको सार्वभौमसत्ता स्थापित भयो। मुलभूत रूपमा २०६२/६३ को जनआन्दोलनका परिणाम तथा उपलब्धिहरूलाई निम्नानुसार संक्षिप्त रूपमा लिन सकिन्छ।

### ४.६.१. **प्रतिनिधिसभाको पुनस्थापना, वैशाख** ११, २०६३

१९ दिनसम्म देशव्यापी रूपमा जारी रहेको आन्दोलनले अन्ततः जनताविरुद्ध उत्रिएका हठी राजा ज्ञानेन्द्रलाई आफ्नो पराजय स्वीकार गर्न बाध्य बनायो। २०६३ वैशाख ११ गते राती ११:१५ बजे राजा ज्ञानेन्द्रले २०५९ जेष्ठ ८ गते विघटित प्रतिनिधिसभा

---

[३२१] गगन थापा, "गन्तव्यसम्म पुग्ने बाटो", *नेपाल* साप्ताहिक २०६३ वैशाख ३, पृ. २८।

[३२२] विजय कुमार, "आन्दोलनकारीलाई चुनौती", *समय राष्ट्रिय साप्ताहिक,* २०६३ वैशाख २१।

पुनर्स्थापना भएको घोषणा गरे ।[३२३] यो घोषणासँगै काठमाडौं विजय जुलुसले तात्यो । जनआन्दोलनले सफलता पाएको उपलक्ष्यमा खुशीयाली मनाउँदै घोषणाको पछिल्लो दिन राजधानी र आसपासका लाखौं जनताले सडकमा ओर्लिएर विजय जुलुस मनाए ।[३२४] यस प्रकार जनआन्दोलनको माग पूरा भएपछि संसद पुनर्स्थापनासँगै जनआन्दोलन रोकियो । १९ दिने जनआन्दोलनको यो ठूलो परिणाम तथा उपलब्धि हो ।

### ४.६.२. **प्रतिनिधिसभा घोषणापत्र, जेष्ठ ४, २०६३**

जनआन्दोलनमार्फत पुनर्स्थापित प्रतिनिधिसभाले जेष्ठ ४, २०६३ मा एउटा ऐतिहासिक घोषणा गऱ्यो ।[३२५] यो घोषणाले प्रतिनिधिसभालाई राष्ट्रको सार्वभौम अंग बनाउँदै नेपाललाई धर्मनिरपेक्ष राष्ट्र तथा श्री ५ को सरकारको सट्टा नेपाल सरकारमा परिणत गऱ्यो ।[३२६] यो घोषणाले राजाका प्रायः जसो सबै अधिकारलाई कटौती गर्दै राजगद्दी उत्तराधिकारसम्बन्धी कानुन बनाउने तथा संसोधन गर्ने अधिकार प्रतिनिधिसभालाई प्रदान गऱ्यो ।[३२७] यो घोषणा प्रस्तावित गर्दा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसदबाट भएको यो घोषणा शहीदहरुको रगतले लेखिएको र यसले २०४६ सालको जनआन्दोलनको भावना संप्रेषित गरेको[३२८] भन्ने बताएका थिए । यसरी यो उपलब्धिलाई सुरक्षित राख्न नेपाली जनता अझै सजग र सचेत रहनुपर्ने देखिन्छ ।[३२९] यो पनि जनआन्दोलनको ठूलो उपलब्धि हो । यो घोषणापत्रलाई बेलायतको Magnacarta सँग दाँजिएको छ ।

### ४.६.३. **सात दल र माओवादीबीच ऐतिहासिक शिखरवार्ता (२०६३ असार २)**

युद्धविराम गरी शान्तिवार्तामा संलग्न नेकपा माओवादी तथा सात दलबीच २०६३ असार २ गते शीर्ष नेताहरूको वार्ता भयो । वार्तामा माओवादी अध्यक्ष प्रचण्ड, प्रधानमन्त्री

---

३२३ *गोरखापत्र दैनिक,* २०६३ बेशाख १२ ।

३२४ ज्योति देवकोटा, “रन्कियो राजधानी”, *समय राष्ट्रिय साप्ताहिक,* २०६३ वैशाख २१ ।

३२५ *विमर्श साप्ताहिक,* २०६३, जेष्ठ ५ ।

३२६ *देशान्तर साप्ताहिक,* २०६३ जेष्ठ ७ ।

३२७ *प्रतिनिधि सभा घोषणापत्र,* २०६४ जेष्ठ ४ ।

३२८ *द हिमालयन टाइम्स,* ई. २००६, मे १८ ।

३२९ डा. सानुभाइ डंगोल, *नेपाली राजनीतिमा दरबार,* काठमाडौं : ल्यायमह पुच प्रकाशन, २०६३, पृ. २७४ ।

गिरिजाप्रसाद कोइरालालगायत सात दलका शीर्ष नेताहरू संलग्न भई अन्तरिम संविधान निर्माण गर्नका लागि सर्वोच्च अदालतका पूर्वन्यायाधीश लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा अन्तरिम संविधान मस्यौदा समिति गठन गऱ्यो । सात दल र माओवादीबीच प्रतिस्पर्धात्मक बहुदलीय शासनप्रणाली नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, प्रेस स्वतन्त्रता र कानुनी राज्य तथा लोकतान्त्रिक मूल्य मान्यताप्रति दुवै पक्ष प्रतिबद्ध हुँदै राज्यको आग्रगामी पुनर्संरचना गर्ने, हतियार व्यवास्थापनका लागि संयुक्त राष्ट्रसंघ (U.N.) लाई आग्रह गर्ने, अन्तरिम संविधान मस्यौदा समिति गठनलगायतका विषयमा ८ बुँदे समझदारी भयो ।[३३०] देशमा दिगो शान्तिको लागि यो शिखरवार्ता तथा सम्झौतालाई ऐतिहासिक उपलब्धि मान्न सकिन्छ ।

### ४.६.४. सात दल र माओवादी बिच ऐतिहासिक सहमति कार्तिक २२, २०६३

सात राजनीतिक दलहरू तथा नेकपा माओवादीबीच कार्तिक २२ गते सेना हतियार व्यवस्थापन, अन्तरिम संविधान जारी गरिने, अन्तरिम विधायिका तथा संविधानसभाका सदस्य लगायतका विषयहरूमा ऐतिहासिक सहमति भयो ।[३३१]

### ४.६.५ सात दल र माओवादीबीच ऐतिहासिक विस्तृत शान्ति सम्झौता, माओवादी जनयुद्धको विधिवत अन्त्य

२०६३ मंसिर ५ गते सात राजनैतिक दलहरू तथा नेकपा माओवादीबीच विस्तृत शान्ति सम्झौता भयो ।[३३२] सम्झौताअनुसार राजामा अधिकार नरहने तथा राज्यको अग्रगामी पुनसंरचनाका विषयहरू बाहेक सबैभन्दा महत्वपूर्ण कुरा २०५२ सालदेखि देशमा चलिआएको सशस्त्र जनयुद्धको समाप्ति भएको घोषणा भयो ।[३३३] शान्तिको लागि छट्पटाइरहेका सारा नेपालीहरूमा यो घोषणाले हर्षविभोर बनायो । साँच्ची नै अब नेपालमा कसैको डर धम्कीविना शान्तिपूर्वक बाँच्न पाइने भयो भन्ने आशाले सारा नेपालीहरू यो घोषणाबाट हर्षित भए । जनआन्दोलन भाग २ को सबैभन्दा ठूलो उपलब्धि नै यही थियो ।

---

[३३०] सात दल तथा माओवादी द्वारा जारी प्रेस विज्ञप्ति २०६३ असार २ ।

[३३१] *गोरखापत्र दैनिक,* २०६३, कार्तिक, २२ ।

[३३२] *कान्तिपुर दैनिक,* मंसिर ६, २०६३ ।

[३३३] विस्तृत शान्ति सम्झौताको दफा ६.१ ।

### ४.६.६. अन्तरिम व्यवस्थापिका संसद गठन

२०६३ माघ १ गते सात राजनैतिक दलहरू तथा नेकपा माओवादी सम्मिलित अन्तरिम विधायिका गठन भई, जनआन्दोलन भाग २ बाट पुनस्थापित प्रतिनिधिसभा विघटन भयो।[३३४] पुनर्स्थापित प्रतिनिधिसभामा संसदवादी सात राजनीतिक दलहरूलगायत अन्य केही दल मात्र रहेकोले अब विद्रोह त्यागी शान्तिपूर्ण राजनीतिमा समावेश भएको नेकपा माओवादी पनि संसद तथा सरकारमा सम्मिलित भई सहमतिको राजनीति गर्ने सम्झौताअनुरूप यो व्यवस्थापिका संसदको गठन भयो। अब मुलुकमा नयाँ जोश र जाँगरसित नयाँ राजनैतिक क्रियाकलाप सञ्चालन हुँदै गयो।

### ४.६.७. अन्तरिम संविधान २०६३ जारी

२०६३ माघ १ गते अन्तरिम संविधान जारी भयो र नेपाल अधिराज्यको संविधान २०४७ खारेज गरियो। मुलुकको सार्वभौमसत्ता तथा राजकीयसत्ता नेपाली जनतामा निहित गर्दै इतिहासमै पहिलो पटक जनताद्वारा संविधान जारी गरियो।[३३५] सात राजनीतिक दलहरू तथा नेकपा माओवादीबीचको सहमतिका आधारमा जारी गरिएको यो संविधानमा मुलुकको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्लाई रहने (धारा ३७), राजाका सबै अधिकार कटौती गर्ने (धारा १५९) बाधा अड्काउ फुकाउनको अधिकार मन्त्रिपरिषद्लाई रहने (धारा १५८), मुलुकलाई भेदभाव रहित र समावेशी राज्य बनाइने (धारा ३३), संधिानसभाको सदस्यको चुनाव (धारा ६३)[३३६] आदि जस्ता नयाँ र महत्वपूर्ण प्रावधानहरूको व्यवस्था गरियो। यो पनि जनआन्दोलनको ठूलो उपलब्धि मान्न सकिन्छ।

### ४.६.८. अन्तरिम सरकार गठन

२०६३ चैत्र १७ गते विगत १० वर्षसम्म युद्ध गरी सरकारविरुद्ध लडिरहेको नेकपा माओवादीसहित सात राजनैतिक दल सम्मिलित अन्तरिम सरकार गठन भयो।[३३७] अब नेकपा माओवादी पनि सरकारमा सम्मिलीत भई देशका समस्याहरूमा साझा रूपले लड्ने

---

[३३४] *द राइजिङ नेपाल,* इ. २००७, जनवरी १५।

[३३५] *गोरखापत्र दैनिक,* २०६३ माघ २।

[३३६] नेपालको अन्तरिम संविधान २०६३, कानून किताव व्यवस्था समिति।

[३३७] द काठमाण्डू पोष्ट, ई. २००७, अप्रिल २।

भयो । यही नै नेपाली जनताहरूको चाहना थियो ।

### ४.६.७. संविधानसभाको चुनाव सम्पन्न

२००७ साल फागुन ७ गते तत्कालीन राजा त्रिभुवनले अब उप्रान्त संविधानसभाको चुनावमार्फत बनेको संविधानबाट देशको शासन व्यवस्था चल्ने भनी गरेको घोषणा ५७ वर्षासम्म उधारो रह्यो । नेकपा माओवादीको ४० सूत्रीय मागहरूमध्ये संविधानसभाको चुनाव गर्नुपर्ने एउटा प्रमुख माग थियो । त्यस मागलाई पनि ११ वर्षसम्म उपेक्षा गरियो । तथापि समयको प्रवाहसँगै र राजा ज्ञानेन्द्रका करतुतसँगै जनआन्दोलनको आँधीले निरङ्कुश राजतन्त्र फाल्न र संविधानसभाको चुनाव गर्न[३३८] नेकपा माओवादी र सात राजनीतिक दलहरूबीच २०६२ मंसिर ७ मा बाह्रबुँदे सम्झौता भयो । सोहीअनुरूप जनआन्दोलन भाग २ को सफलतापश्चात २०६४ असार १० को मन्त्रिपरिषद्को निर्णयले मंसिर ६, २०६४ मा चुनाव मिति तोकियो । तर संविधानसभाको चुनाव नेकपा माओवादीले पूर्ण समानुपातिक र अन्तरिम संसद्बाटै गणतन्त्र घोषणा गरिनुपर्ने लगायतका २२ बुँदे मागमा ७ राजनीतिक दलहरू सहमति जुट्न नसकेका कारण नेपाल सरकारको अनुरोधमा निर्वाचन आयोगले चुनावको स्थगित भएको घोषणा गऱ्यो[३३९] तथापि मूलुकलाई निकासा दिनका लागि संविधानसभाको चुनाव अनिवार्य भएकोले पौष २८ गते मन्त्रिपरिषद्को निर्णयबाट २०६४ चैत्र २८ गते निर्वाचनको मिति तोकियो ।[३४०] सोही अनुरूप बहुप्रतीक्षित ऐतिहासिक संविधानसभाको चुनाव सम्पन्न भयो ।[३४१]

निर्वाचनको परिणामअनुसार कूल ६०१ सभासद्को संख्यामा २२० सिट ल्याई नेकपा माओवादी पहिलो स्थानमा आयो भने नेपाली कांग्रेस दोस्रो र नेकपा एमाले तेस्रो स्थानमा पुगे ।[३४२] यो परिणामलाई हेर्दा नेपाली जनता परिवर्तन र नयाँ शुरुवातको पक्षमा प्रस्तुत भएको पाइन्छ ।

जेहोस् ५७ वर्षदेखिको उधारो संविधानसभाको चुनाव सम्पन्न भयो । अब नेपाली

---

[३३८] बाह्र बुँदे सम्झौतापत्र, बुँदा नं. ८ ।

[३३९] द राइजिङ नेपाल, ई. २००१, अक्टुबर ५ ।

[३४०] *कान्तिपुर दैनिक,* २०६४ पौष २९ ।

[३४१] *गोरखापत्र दैनिक,* २०६४ चैत्र २९ ।

[३४२] निर्वाचन आयोग, संविधानसभा निर्वाचन परिणाम पुस्तिका, २०६४ ।

जनताले आफ्नै हातले लेखेको संविधानअनुसार जनताको सर्वाधिक हित अनुकूल र कसैको एकाधिकारको शेष नरहेको अवस्थामा जनताको अपेक्षा अब लेखिने संविधानले पूरा गर्नेछ भन्ने आशा गर्न सकिन्छ। यसलाई जनआन्दोलन भाग २ ले ल्याएको ठूलो उपलब्धि मान्नु पर्दछ।

### ४.६.८. राजतन्त्रात्मक नेपाल 'गणतान्त्रिक नेपाल' मा रूपान्तरण

२०६४ चैत्र २८ मा संविधानसभाको चुनाव सम्पन भई परिवर्तन आइसकेपछिको पहिलो काम राजसंस्थासहितको नेपाललाई अब गणतन्त्र नेपाल बनाउनु थियो र राजसंस्थाको जरा उखेल्नु थियो। जनताको चाहना पनि त्यही थियो। सोही अनुसार २०६५ जेष्ठ १५ मा बसेको संविधानसभाको पहिलो बैठकले नेपाललाई संघीय गणतान्त्रिक नेपाल भएको र राजाको हैसियतले राजा ज्ञानेन्द्र र निजको परिवारमा कुनै पनि अधिकार नरहने घोषणा गऱ्यो।[३४३]

नारायणहिटी राजदरबारको शाही झण्डा उखेलियो।[३४४] नेपाली जनताले संविधानसभाको चुनावमार्फत व्यक्त गरेको निर्णयलाई राजाले मान्न बाध्य भए। २०६५ जेष्ठ २९ मा राजा ज्ञानेन्द्रले नारायणहिटी राजदरबार छाडे। दलहरूले अब जनताको मन जितेर सहमति र सहकार्य गर्दै सहयात्रा मार्फत देशलाई निकास दिनु जरुरी छ।[३४५] गणतन्त्र नेपाल भएपश्चात यसको सर्वत्र स्वागत गरियो।[३४६] जनआन्दोलनको सबैभन्दा ठूलो सफलता यही थियो। गणतन्त्र स्थापनापश्चात गणतन्त्र नेपालको पहिरो राष्ट्रपति डा. रामवरण यादव निर्वाचित भए।[३४७] अब जनताको छोरो राष्ट्र प्रमुखमा निर्वाचित भयो। यो नै जनआन्दोलनको ठूलो उपलब्धि हो। यसरी यी विविध बाधा अड्चन र अवरोधहरूका बीच अन्ततः संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल भई यसको कार्यान्वयन शुरु भएको छ। यसले नेपाली जनतामा ठूलो विजयको अनुभूति दिलाएको छ। जनआन्दोलनको लक्ष्य सिद्धान्ततः पूरा भएको छ तथापि व्यवहार हेर्न भने बाँकी नै छ। सामन्ती राजतन्त्र हटेर

---

[३४३] *नयाँ पत्रिका दैनिक,* २०६५ जेष्ठ १६।

[३४४] *विकल्प साप्ताहिक,* २०६५ जेष्ठ २०।

[३४५] *सूर्योदय साप्ताहिक,* सम्पादकीय, २०६५ जेष्ठ ३१।

[३४६] *विकल्प साप्ताहिक,* २०६५ जेष्ठ २०।

[३४७] *गोरखापत्र दैनिक,* २०६५ साउन ७।

जनताको राज भएको जनताले प्रत्यक्ष अनूभूति गर्न पाउने अवस्था सृजना गरेमा जनआन्दोलनको वास्तविक लक्ष्य पूरा हुनेछ। अब राजनीतिक दलहरूको काँधमा अबको २ वर्षभित्र जनताले चाहेको संविधान निर्माण गरी जनता नै राष्ट्रका मालिक हुने अवस्था सृजना गर्नु र देशलाई समुन्नत राष्ट्र बनाउनुपर्ने ठूलो जिम्मेवारी आएको छ। व्यक्तिगत स्वार्थ र आपसी लडाईलाई छाडेर र राष्ट्रको हितलाई सर्वोपरी ठानेर नै देश विकासमा लागेमा अवश्य पनि सामन्तवादको जरा उलेखिएको जनतालाई आभास हुनेछ। त्यही नै जनआन्दोलन ०६२/६३ को वास्तविक उपलब्धि हुनेछ।

# अध्याय - पाँच

# निष्कर्ष

निरङकुशताले जरो गाडेको बेला जनताका मौलिक हकहरु कुण्ठित हुन्छन् । नागरिकका स्वतन्त्रतापूर्वक बाँच्न पाउने हक, विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा राजनीतिक कृयाकलाप गर्न पाउने स्वतन्त्रताहरु हनन् भएका बेला कुनै एक वर्ग विशेषले मात्र आफ्नो स्वार्थ अनुरुपको शासन सञ्चालन गरी जनताका हक अधिकार कुण्ठित पार्दछ । शासकले जस्तो सुकै काम गर्दै गएपनि जनताले त्यसलाई स्वीकार गर्नुपर्ने अर्थात स्वीकार नगरेपनि विरोध गर्न नपाउने बाध्यता हुन्छ । यदि कसैले त्यसको विरोध गरेमा त्यो शासकको गोलीको निशाना बन्न पुग्दछ । यस्तै शासन व्यवस्था नेपालको इतिहासमा पटक पटक भइरहेको पाइन्छ ।

राणा शासनमा राणावर्गको हित र स्वार्थका लागि जनतालाई सोझो रुख बाङ्गो छ र बाङ्गो रुखलाई सोझो छ सरकार भन्न बाध्य पारियो । राणा शासन विरुद्ध उठेका आवाजहरु मकैको खेती, पुस्तकालय पर्व, प्रचण्ड गोर्खा, प्रजापरिषद आदिलाई राणाहरुले यसरी दवाए कि कतिपयलाई मृत्युदण्ड दिन समेत पछि परेनन् । तर जब निरङकुश शासनका विरुद्धमा सम्पूर्ण जनताहरु एक भएर संगठित आवाज निकाले तब राणा शासन ढल्न पुग्यो ।

२०१७ साल काण्डपछि स्थापित पञ्चायती व्यवस्थाले फेरि जनताका मौलिक हकहरुको अपहरण गऱ्यो । राजनीतिक दलहरु माथि प्रतिवन्ध लगायो । राजा तथा पञ्चायती व्यवस्थाको विरुद्धमा उत्रनेलाई कडा सजायसमेत गरियो तर जब २०४६ सालमा सारा नेपाली जनता पञ्चायती व्यवस्थाको विरुद्धमा प्रजातन्त्र प्राप्तिका लागि एक स्वर बनाएर उठे, तब पञ्चायती शासन व्यवस्था ढल्न पुग्यो ।

प्रजातन्त्र पुनर्स्थापनापछिको समयमा राजनैतिक दलहरुको खिचातानी र कुर्सीप्रतिको मोहले गर्दा प्रजातन्त्रप्रति नै जनताहरुको वितृष्णा पैदा हुन थालेको अवस्थाको मौका छोपी राजा ज्ञानेन्द्रले आफ्नो हातमा शासनसत्ता लिए । शुरुका केही समय दलहरुबाट वाक्क परेका जनता राजाबाट देशमा दीगो शान्ति तथा विकासका प्रयासहरु प्रशस्त हुनेछन् भन्नेमा आशावादी भएकोले राजाको अशोज १८ तथा माघ १९ का प्रतिगमन उदयको विरुद्धमा

उत्रन चाहेनन् । तर मुलुकमा दिगो शान्तिको उत्कट चाहना राखेका जनताको राजाप्रतिको आशा र विश्वास त्यतिवेला भत्किन पुग्यो, जतिवेला राजाले पूर्व पश्चिम भ्रमण गर्दै रोइरहेका जनतालाई प्रत्यक्ष हेरेर पनि जनताको उपहास गर्दै गए । भाषणले जनता र प्रजातन्त्रप्रति जति प्रतिबद्धता छ भने पनि व्यवहारमा जनताको विश्वास जित्ने एउटा काम पनि राजाले गर्न चाहेनन् । माओवादी द्वन्द्वले दनदनी जलिरहेको देश र जनताको आत्माले राजालाई धिक्कार्न थाल्यो । राजाले शाही भ्रमणमार्फत पुष्प गुच्छा बटुल्ने र जनताको रोदनलाई उपेक्षा गर्नेबाहेक अन्य केही काम गरेनन् । द्वन्द्वको मारले जनता पिल्सिएका वेला राज्यपक्षबाट निमुखा र बेसहारा जनताका लागि संरक्षण गर्नुको साटो उल्टै पीडा र यातना दिने काम भयो । त्यति मात्रै होइन, नगरनिर्वाचनको नाटक रचेर राष्ट्रिय ढुकुटी सक्ने काम समेत गरियो । राजा तथा शाही सरकारका यी सबै व्यवहारहरुले गर्दा जनतालाई राजाप्रति दिनानुदिन वितृष्ण बढ्दै गयो ।

यता सात राजनैतिक दलहरु र नेकपा माओवादीबीचको १२ बुँदे सम्झौताले जनताहरुमा पनि नयाँ आशा पलायो र सात राजनीतिक दलहरुद्वारा नेकपा माओवादी समेतको समर्थनमा २०६२ चैत्र २४ देखि शुरु भएको ४ दिने आमहड्तालमा सम्पूर्ण नेपाली जनताहरुले साथ दिए र लक्ष्य प्राप्त नहुन्जेलसम्म हड्ताल जारी राख्ने निर्णय भयो । चार दिने आमहड्तालले आखिरमा जनआन्दोलनको रुप लियो ।

२०६२/०६३ को जनआन्दोलनमा पूर्व मेचीदेखि पश्चिम महाकाली, तराईदेखि हिमालका सबै वर्ग, पेशा र समुदायका मानिसहरुले निरङ्कुशतन्त्र विरुद्धको लडाई लडे तथापि जनआन्दोलनको लक्ष्य प्राप्त गर्नमा काठमाडौंको सबैभन्दा बढी योगदान रह्यो । राजनैतिक दलका शीर्षस्थ नेताहरु, उच्च शैक्षिक संस्थाका विद्यार्थीहरु, पेशाकर्मीहरु लगायत सबै जसो बौद्धिक वर्ग र नेतृत्व प्रदान गर्न सक्ने समूह काठमाडौंमा नै केन्द्रित भएकोले यस आन्दोलनलाई निर्णायक बनाउनका लागि काठमाडौंको ठूलो भूमिका रह्यो ।

राजनैतिक दलहरुका शीर्षस्थ नेताहरुले चक्रपथ घेर्ने, नारायणहिटी घेर्ने लगायतका कार्यक्रमहरुले राजालाई दवाव बढ्दै गयो भने पेशाकर्मीहरुमा पत्रकारहरु, स्वास्थ्यकर्मीहरु कानून व्यावसायीहरु, कर्मचारीहरु, प्राध्यापकहरु, शिक्षक संगठनहरु, लेखक कलाकार साहित्यकारहरु आदिले आ-आफ्नो क्षेत्रबाट काठमाडौंको आन्दोलनलाई उचाइ दिनमा मद्दत गरे । विद्यार्थीहरु तथा महिलाहरुको संघर्ष पनि त्यत्तिकै महत्वपूर्ण रह्यो । यी सबै पेशा वर्ग र व्यवसायीहरुको साझा प्रयासले गर्दा निरङ्कुश राजतन्त्रको जरा उखेलियो । यसमा

काठमाडौंका जनताको ठूलो भूमिका रह्यो । काठमाडौंमा जनआन्दोलनको राँकोले निरङ्कुशतालाई यसरी राप दिँदै गयो कि आखिरमा त्यो रापले पोल्न थालेपछि निरङ्कुश राजतन्त्रको जरा हल्लियो र २०६३ वैशाख ११ गते निरङ्कुश राजतन्त्र ढल्यो । तथापि राजतन्त्रको अवशेष भने नारायणहिटी राजदरबारमा अझै बाँकी रहेकोले संविधानसभाको चुनावपश्चात बसेको संविधानसभाको पहिलो बैठकले २०६५ जेष्ठ १५ गते राजतन्त्रकै जरा उखेलिदियो । नेपाल अब संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्यमा रुपान्तरण भयो । नारायणहिटी दरबार संग्राहलय बन्यो । यसरी सयौं वर्षदेखि नेपाली जनताको श्रमको मूल्य खोसेको राजसंस्था अब नेपालमा रहेन । नेपालले कोल्टे फेऱ्यो ।

यति हुँदाहुँदै पनि जनता सम्पूर्ण रुपमा सार्वभौम भई जनताको हित अनुकूल शासन व्यवस्था चल्ने कुरामा अब दलहरु एक जुट भई स्वार्थभन्दा माथि उठी राष्ट्रको हितमा लाग्नुपर्ने टड्कारो आवश्यकता छ । दलहरुले फेरि पहिलेकै जस्तो संस्कार दोहोऱ्याए भने राजतन्त्रको जरा उखेल्न सक्ने नेपाली जनबलले भोलि दलहरुलाई पनि बाँकी राख्ने छैन । तसर्थ सामन्ती राजसंस्था हटेर जनताको राज भएको अनुभूति नेपालका हरेक वर्ग, जाति, क्षेत्रले गर्न पाए मात्रै जनआन्दोलन ०६२/६३ को उपलब्धिलाई संस्थागत गर्न सकिनेछ ।